# मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. ५२१ पाठ्यांशको तुलना

शोधार्थी

देवीभक्त घर्ती

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरअन्तर्गत नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा विभागमा प्रस्तुत

**शोधपत्र**

२०७९/२०२२

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत **मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. ५२१ पाठ्यांशको तुलना** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधपत्रहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्नसक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

....................

शोधार्थी

देवीभक्त घर्ती

# सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. ५२१ पाठ्यांशको तुलना** शीर्षकको शोधपत्र शोधार्थी देवीभक्त घर्तीले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

.............................

उपप्रा. लक्ष्मीप्रसाद आचार्य

शोध निर्देशक

मिति : वि.सं.२०७९ /०३/२३

(सन् : ७ जुलाई, २०२२)

मध्यपश्चिम विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
नेपाली शिक्षा केन्द्रीय विभाग
सुर्खेत, नेपाल

प.सं.
च.नं.

मिति : ...........

## स्वीकृतिपत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी देवीददत्त घर्तीद्वारा तयार पारिएको प्रस्तुत **मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. पाठ्यांशको ५२१ को तुलना** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. हरिजङ्ग शाह | विभागीय प्रमुख | ------------- |
| २. | उपप्रा.लक्ष्मीप्रसाद आचार्य | शोधनिर्देशक | ------------- |
| ३. | उपप्रा. हरिजङ्ग शाह | बाह्य सुपरीवेक्षक | ------------- |

मिति : वि.सं. २०७९/०४/०९

(सन् : २५ जुलाई, २०२२)

# कृतज्ञता ज्ञापन


प्रस्तुत **मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. ५२१ पाठ्यांशको तुलना** शीर्षकको शोधपत्र मध्यपश्चि विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । साथै यस शोधपत्रको सुरूदेखि अन्तिमसम्म आइपुग्दा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शोध निर्देशक उपप्राध्यापक तथा पूर्व क्याम्पस प्रमुख लक्ष्मीप्रसाद आचार्यज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई पूर्णता दिनका लागि निकै व्यस्तताका बाबजुद समय उपलब्ध गराई निर्देशन गर्नुहुने शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस, नेपाली शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उपप्राध्यापक हरिजङ्ग शाहज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनका क्रममा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख जसविर रोका लगायतनिरन्तर परामर्श गरिदिनु हुने गुरूहरुउपप्राध्यापक खुमबहादुर खड्काज्यू, उपप्राध्यापक रामप्रसाद कँडेल, उपप्राध्यापक द्रोणलता खत्री र नानीमाया राना लगायत सम्पूर्ण गुरूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधमा विभिन्न विद्वानका पुस्तकहरूबाट सैद्धान्तिक आधार लिइएकाले सम्बन्धित लेखकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी यस अध्ययन कार्यमा सामग्री उपलब्ध गराई सहयोग गर्ने पुस्तकालयीय कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । व्यावहारिक जीवन भोगाइका क्रममा आफ्नो अमूल्य समय दिएर बाधा अड्चनलाई पार गर्दै शैक्षिक रूपमा समय समयमा उत्प्रेरणा दिई सर्वप्रथम त मेरो जीवन संगिनी तथा अर्धाङ्गिनी सुशिला वली घर्ती लगायत मेरो पुज्य पिता सुर बहादुर घर्ती र माता निर्मला घर्ती लगायत घर परिवारप्रति आभार प्रकट गर्दछु । साथै यस अध्ययनमा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण आत्मीय मित्रजनप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अन्तमा कम्प्युटर सेटिङ तथा प्रिन्टिङमा सहयोग गर्नुहुने नोबेल कम्प्युटर इन्स्टिच्यूटका मनराज देवकोटालाई धन्यवाद प्रकट गर्दछु ।

देवीभक्त घर्ती

# शोधसार

प्रस्तुत शोधको शीर्षक **मध्यपश्चिम विश्वविद्यालयको नेपा.शि. ५३१ र सुदूरपश्चिम विश्वविद्यालयको नेपा.शि. ५२१ पाठ्यांशको तुलना** रहेको छ । प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, एम.एड. चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको छ । मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, एम.एड. तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि.५३१) र सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान (नेपा.शि. ५२१) को तुलना गरी शोध तयार पारिएको छ ।

यस शोध कार्यका उद्देश्यहरू स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) का विशेषताहरू पत्ता लगाउनु, पाठ्यक्रम निर्माण ढाँचाका आधारमा स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) को तुलनात्मक विश्लेषण गर्नु, उक्त पाठ्यक्रमको विश्लेषणको समानता र असमानताका आधारमा सबल र दुर्बल पक्ष पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा गुणात्मक ढाँचाको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक विधिको प्रयोग गरिएको छ । दुवै विश्वविद्यालयका सम्पूर्ण पाठ्यक्रम जनसङ्ख्याका रूपमा रहेका छन् भने नमुनाका रूपमा मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, एम.एड. तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि.५३१) र सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान (नेपा.शि. ५२१) लाई छनोट गरिएको छ । प्राप्त प्रश्नावली र पाठ्यक्रमबाट टिपोट गरिएका तथ्याङ्कहरूलाई गुणात्मक ढाँचामा तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

तुलनात्मक रूपमा विश्लेषण गर्दा दुबै तहका पाठ्यक्रमको नेपालीमा विशिष्टीकरण गर्नका लागि तयार गरिएको छ । यस पाठ्यक्रमको स्नातकोत्तर तहको अध्ययन गर्ने विद्यार्थीहरूको लागि स्तरीय र उपयोगी रहेको छ । यी दुवै पाठ्यक्रममा उद्देश्य अनुसार नै विषयवस्तुको चयन गरिएको छ । विषयवस्तुलाई रेखिय क्रममा राखिएको छ भने शिक्षण विधि, क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया र विशिष्ट उद्देश्यलाई चक्रियक्रममा राखिएको छ । नेपालमा पहिलो पटक स्नातकोत्तर तहमा नेपाली शिक्षा विषयमा सेमेस्टर प्रणालीममा आधारित पाठ्यक्रम, निर्माणात्मक मूल्याङ्क प्रक्रियाको व्यवस्था, अनुसन्धनात्मक अध्ययन

अध्यापन प्रणाली, दुबै पाठ्यक्रमको पाठ्यांश प्रकृति सैद्धान्तिक रहेको, दुबै पाठ्यक्रमका क्रे.आ. ३ उल्लेख गरिएका, आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्कभार छुट्याइएको, पाठ्यांश परिचयमा विषयवस्तुको सैद्धान्तिक कार्य सम्बन्धी शिक्षण गराउने गरी विषयवस्तु समावेश गरिएको, शिक्षण विधि अनुसार यस पाठ्यक्रम शिक्षणमा आवश्यकता अनुसार आदर्शवाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, समस्या समाधान र खोज विधि जस्ता विभिन्न विधि प्रक्रिया अवलम्बन गरिने भनी शिक्षण विधिहरू उल्लेख गरिएको, मूल्याङ्कन प्रक्रियाका आधारमा कक्षा कार्य र सहभागिता, कक्षा प्रस्तुति, परियोजना कार्य तथा पुस्तकालय कार्य, समस्या समाधान र आन्तरिक र बाह्य परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने भनी उल्लेख गरिएका, सु.प.वि. र म.प.वि.को पाठ्यक्रममा शिक्षण विधिको प्रयोगमा दुवै पाठ्यक्रममा भिन्नता रहेको, सन्दर्भ सामग्रीको प्रयोगमा सु.प.वि.भन्दा म.प.वि.मा बढी राखिएको, पाठ्यवस्तुमा समानता रहेको, दुवै पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कन प्रणालीमा परीक्षा प्रणाली अनुसार र आन्तरिक मूल्याङ्कन बढी प्रयोग गरिएको छ ।

दुबै पाठ्यक्रममा  सबल पक्षमा पाठ्यक्रम निर्माणका ढाँचालाई अवलम्बन गरिएको, दुबै तहका पाठ्यक्रममा प्रत्येक पाठ्य विषयको पाठ्यघण्टी उल्लेख गरिएकाले सबल रहेको,साधारण र विशिष्ट उद्देश्य राखिएको, आदर्शवाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, समस्यासमाधान र खोज कार्यमा जोड दिएकाले सबल रहेका छन् भने दुर्बल पक्षमा पूर्णाङ्क, उत्तीर्णाङ्क प्रतिहप्ता पाठघण्टी, प्रतिपाठघण्टी उल्लेख नगरिएको, मूल्याङ्कनका लागि कुन कुन पाठबाट कति प्रश्न सोधिने भनी अङ्कभार निर्धारण नगरिएको, कुन कुन एकाइमा कस्ता कस्ता मूल्याङ्कन प्रक्रियाहरू अपनाउने भन्ने कुरा समावेश नगरिएको, पुरानै पाठ्यपुस्तक र सहायक सामग्रीमा नै जोड दिएको, पठ्यक्रम निर्माणमा स्थानीय स्रोत र साधनालाई उपेक्षा गरिएको, प्रस्तुत पाठ्यक्रमका पाठ्यविषय त्रिभुवन विश्वविद्यालय पाठ्यांशहरूसँग हुबहु मिल्ने, पाठ्यक्रममा मौलिक पहिचानको ह्रास, समेस्टर प्रणालीमा पनि वार्षिक प्रणाली जस्तै अधिक विषयवस्तु समावेश गर्नाले समयको अभाव, पाठ्यक्रमसँग पत्यक्ष सरोकार राख्ने पाठ्यक्रम निर्माता, शिक्षक र विद्यार्थी बीच व्यापक अन्तर्क्रिया , छलफल नभएको आदि पक्षहरू रहेका छन् ।

# विषयसूची


| क.स. शीर्षक | पृष्ठ सं. |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | छ |
| तालिका सूची | ञ |
| सङ्क्षिप्त शब्दावलीको पूरा रूप | ट |
| चिन्ह सूची | ठ |

अध्याय : एक

शोध परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको औचित्य | ३ |
| १.५ अध्ययनको परिसीमा | ४ |
| १.६ अध्ययनको रूपरेखा | ५ |

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा र उपादेयता | ६ |
| २.२ सम्बन्धित विषयको सैद्धान्तिक अध्ययन | १३ |
| २.२.१ पाठ्यक्रमको परिचय | १३ |
| २.२.२ भाषापाठ्यक्रमको परिचय | १६ |
| २.२.३ भाषापाठ्यक्रमका तत्त्व | १८ |
| २.२.४ भाषापाठ्यक्रमका सामान्य सिद्धान्त | १९ |
| २.२.५ भाषापाठ्यक्रमका ढाँचा | ३० |
| २.३ अवधारणात्मक खाका | २९ |

## अध्याय : तीन

## अनुसन्धान विधि र प्रक्रिया


३.१ अनुसन्धानको ढाँचा ३०

३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना छनोट ३०

३.३ तथ्याङ्कको प्रकृति र स्रोत ३०

३.४ सामग्री निर्माण र मानकीकरण ३०

३.५ तथ्याङ्क सङ्कलन विधि ३१

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण ३१

३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ३१


## अध्याय : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण


४.१ पाठ्यक्रमका विशेषता ३३

४.१.१ नेपा.शि. ५३१ को विशेषता ३३

४.१.२ नेपा.शि. ५२१ को विशेषता ३५

४.२ नेपा.शि. ५३१ र ५२१ बीच तुलनात्मक विश्लेषण ३७

४.२.१ पाठ्यांश शीर्षकका आधारमा तुलना ३७

४.२.२ पाठ्यांश परिचय ३९

४.२.३ उद्देश्यका आधारमा तुलना ४०

४.२.४ पाठ्यवस्तु वा पाठ्यविषय ४७

४.२.५ शिक्षण विधि ५८

४.२.६ मूल्याङ्कन प्रक्रिया ६०

४.२.७ पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक ६४

४.३ नेपा.शि. ५३१ र ५२१ का सबल र दुर्बल पक्ष ६८

३.३.१ नेपा.शि. ५३१ सबल पक्ष ६८

४.३.२ नेपाल शि. ५२१ का सबल पक्ष ६९

४.३.३ नेपा.शि. ५३१ का दुर्बल पक्ष ७०

४.३.४ नेपा.शि. ५२१ का दुर्बल पक्ष ७१

४.४ सुझाव ७२

## अध्याय : पाँच

## निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ७४

५.२ सुझाव ७७

५.२.१ नीतिगत तह ७७

५.२.२ कार्यान्वयन तह ७८

५.२.३ अनुसन्धानात्मक तह ७९

५.३ भावी अनुसन्धानका लागि शीर्षक ७९

**सन्दर्भ सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | पाठ्यांश शीर्षकका आधारमा तुलना | ३८ |
| २ | पाठ्यांश परिचयका आधारमा तुलना | ४० |
| ३ | उद्देश्यका आधारमा तुलना | ४१ |
| ४ | पाठ्यवस्तु वा पाठ्यविषयका आधारमा तुलना | ४७ |
| ५ | सामाजिक मनोभाषाविज्ञान नेपा.५३१ | ५९ |
| ६ | शिक्षण विधिका आधारमा तुलना | ५९ |
| ७ | मूल्याङ्कनका आधारमा तुलना | ६१ |
| ८ | बाह्य परीक्षा (६० प्रतिशत) | ६२ |

## सङ्क्षिप्त शब्दावलीको पूरा रूप

| | | |
|---|---|---|
| आइ.ए. | : | इन्टरमिडिट आर्ट्स |
| बी.एड. | : | ब्याचलर अफ एजुकेसन |
| उपप्रा. | : | उपप्राध्यापक |
| एम.एड. | : | मास्टर अफ एजुकेसन |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा. | : | प्राध्यापक |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| म.प.वि. | : | मध्यपश्चिम विश्वविद्यालय |
| सु.प.वि. | : | सुदूरपश्चिम विश्वविद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |

# चिन्ह सूची

| | | |
|---|---|---|
| ( - ) | : | योजक चिन्ह |
| ( , ) | : | अल्पविराम चिन्ह |
| ( ‘ ’) | : | एकल उद्धरण चिन्ह |
| ( “ ” ) | : | युगल उद्धरण चिन्ह |
| (/) | : | वैकल्पिक चिन्ह |
| (= ) | : | समानान्तर चिन्ह |
| ( : ) | : | विसर्ग चिन्ह |
| ∴ | : | तसर्थ |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पाठ्यक्रम शिक्षण सिकाइ क्रियाकलापको महत्त्वपूर्ण अङ्ग हो । व्यक्ति, समाज र देशलाई आवश्यक पर्ने ज्ञान, जनशक्ति र स्रोत साधनको अनिवार्य आवश्यकता परिपूर्तिको आधार निर्माण गर्ने बाटो देखाउने पहिलो काम पाठ्यक्रमले नै गर्दछ । विश्वका विकसित मूलुकहरूले यस प्रकारको पाठ्यक्रम निर्माण गरेका हुन्छन् । पाठ्यक्रम कुनै पनि देशको शैक्षिक कार्यक्रम सञ्चालनको मेरूदण्ड भएकोले यस क्षेत्रमा विशेष महत्त्व दिन आवश्यक हुन्छ (ज.ब.रा. र अन्य, २०६४, पृ. ३०) । पाठ्यक्रम निर्माणका पनि निश्चित मूल्य, मान्यता र सिद्धान्त रहेका हुन्छन् । यी सबै कुरालाई ध्यान दिएर मात्र पाठ्यक्रम निर्माण गर्नु पर्दछ । नेपालमा हालसम्म एक दर्जन विश्वविद्यालयको स्थापना भइसक्दा पनि उचित प्रकारको पाठ्यक्रम निर्माण हुन सकेको छैन । व्यावहारिक भन्दा सैद्धान्तिक प्रकृतिका पाठ्यक्रम नेपालमा बढी प्रचलित छन् । भाषा प्राप्त गर्नका लागि भाषापाठ्यक्रम जरूरी हुन्छ । भाषा सिक्न र सिकाउनका लागि तयार गरिएको पाठ्यक्रम भाषापाठ्यक्रम हो (शर्मा र पौडेल, २०६८, पृ. ५६) । व्यक्तिमा भाषिक सिपहरूको विकास गराउने उद्देश्यले भाषापाठ्यक्रम निर्माण गरिन्छ । भाषापाठ्यक्रम निर्माणका तत्त्व अन्तर्गत उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन पर्दछन् । यी तत्त्वका आधारमा पाठ्यक्रमको निर्माण एवम् विश्लेषण गरिन्छ । यसर्थ भाषाका सम्पूर्ण पक्षहरू वा कुनै भाषिक भेद सिकाउने उद्देश्यले निर्माण गरिएको पाठ्यक्रम नै भाषापाठ्यक्रम हो ।

नेपालमा विश्वविद्यालयको इतिहास त्यति लामो नभए तापनि विश्वमा विश्वविद्यालयको इतिहास धेरै लामो रहेको छ । वि.स.२०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो भने हालसम्म जम्मा १२ वटा विश्वविद्यालयको स्थापना भइसकेको छ । मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालय एउटै प्रकृतिका विश्वविद्यालय हुन् । उच्च शिक्षामा क्षेत्रीय सन्तुलन कायम गर्नका लागि राज्यले लिएको बहुविश्वविद्यालय नीति अनुरूप वि.स. २०६७ असाढ ३ गते सुर्खेतको वीरेन्द्रनगरमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना भएको हो । गरिबी र अशिक्षाबाट मुक्त गर्न, प्राकृतिक स्रोत साधनको अत्यधिक उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न, मूल्यवान् पुरातात्विक र

ऐतिहासिक स्थलको शोध अनुसन्धान गरी तिनलाई विश्वमा चिनाउन, सुन्दर पर्यटकीय विकासमा टेवा पुर्‍याउने, ओझेलमा परेका भाषा र संस्कृतिको अनुसन्धान गरी राष्ट्रको मौलिकतालाई अघि ल्याएर गौरवशाली राष्ट्रिय पहिचान कायम गर्नेउद्देश्यका साथ यस विश्वविद्यालयको स्थापना गरिएको हो (वार्षिक प्रतिवेदन, २०७७, पृ. १) । यसरी २०६७ सालमा नै महेन्द्रनगर स्थित सिद्धनाथ बहुमुखी क्याम्पस र सिद्धनाथ विज्ञान क्याम्पस परिसरमा सुदूर पश्चिमाञ्चल विश्वविद्यालयको स्थापना भएका थियो । उक्त विश्वविद्यालयले पनि २०६९ देखि सेमेस्टर प्रणालीमा आधारित चार वर्षे बी.एड. र दुई वर्ष एम. एड. तहमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । हाल यस विश्वविद्यालयका १६ वटा अन्य आङ्गिक क्याम्पसहरू स्थापना भएका छन् । स्नातक तहका सबै विषयको पाठ्यभार १२९ (अनिवार्य ५१, मेजर ६० र माइनर १८) क्रेडिट, स्नातकोत्तर तहका सबै विषयको पाठ्भार ६६ (अनिवार्य १२ र मेजर ५४, दर्शनाचार्यका सबै विषयको पाठ्भार ३० र विद्यावारिधिको ३० क्रेडिट रहेको छ (सुदूरपश्चिम विश्वविद्यालय बुलेटिन, २०७८, पृ. ३,७) ।यसरी दुवै विश्वविद्यालयमा वि.स. २०६९ सालदेखि एम. एड. तहमा सेमेस्टर प्रणाली अनुरूप पाठ्यक्रम बनाइ शैक्षिक कार्यक्रम लागु भइरहेका छन् । सुपविको एम.एड. तहमा ६६ क्रेडिट रहेको छ भने मपविको एम.एड. तहमा ७५ क्रेडिट रहेको छ ।

एउटै मितिमा एउटै उद्देश्यका साथ स्थापना भएका दुवै विश्वविद्यालयका धेरै पक्षहरूमा समानता छ । हालको सन्दर्भमा म.प. विश्वविद्यालयमा भन्दा सु.प.विश्वविद्यालयमा शैक्षिक कार्यक्रम बढी नै चलेका छन् ।शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा धेरै हदसम्म समानता रहे तापनि केही भिन्नता पनि रहेका छन् । दुवैले त्रि.वि.को पाठ्यक्रमलाई नै पछ्याएका छन् । अधिकांश पाठ्यांशहरूमा विश्वविद्यालयको मौलिकता वा आफ्नोपनमा ह्रास छ । त्यसैले उक्त सेमेस्टर प्रणाली अन्तर्गतका पाठ्यक्रमको अध्ययन विश्लेषण हुनु आवश्यक रहेको छ ।तसर्थ प्रस्तुतशोध कार्यमा दुवै पाठ्यक्रमका समानता, असमानता, सबल, दुर्बल पक्ष पत्ता लगाई संशोधन र सुधारका लागि सुझाव समेत दिने कार्य भएको छ । यसबाट पाठ्यक्रम निर्माता, शिक्षक, विद्यार्थी सबैलाई फाइदा पुग्ने भएकाले यस शोध कार्यको विशिष्ट महत्त्व समेत रहेको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यमा मध्यपश्चिम विश्वविद्यालय र सुदूर पश्चिम विश्वविद्यालयको स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५२५) र सु.प.वि.को नेपाली मनोभाषाविज्ञान (५१३) पाठ्यांशको तुलनात्मक विश्लेषण गर्नुलाई मूल समस्याका रूपमा लिइने छ । यसैलाई आधार बनाएर निर्धारण गरिएका मुख्य समस्याहरू निम्नानुसार उल्लेख गरिएको छ :

(क) म.प.वि. र सु.प.वि.को स्नातकोत्तर तहको सामाजिक तथा मनोभाषाविज्ञान (५३१) सामाजिक र मनोभाषाविज्ञान (५२१) पाठ्यांशका विशेषताहरू के कस्ता छन् ?

(ख) पाठ्यक्रम निर्माण ढाँचाका आधारमा स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि. सामाजिक र मनोभाषाविज्ञान (५२१)को पाठ्यांशमा के कस्ता समानता र असमानताहरू रहेका छन् ?

(ग) उक्त दुबै पाठ्यांशका सबल र दुर्बल पक्ष के-के रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस शोध कार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) स्नातकोत्तर तहको सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सामाजिक र मनोभाषाविज्ञान (५२१) का विशेषताहरू पत्ता लगाउनु,

(ख) पाठ्यक्रम निर्माण ढाँचाकाआधारमा स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सामाजिक र मनोभाषाविज्ञान (५२१) को तुलनात्मक विश्लेषण गर्नु,

(ग) उक्त दुई पाठ्यांशमा रहेका सबल र दुर्बल पक्ष पत्ता लगाएर आवश्यक सुझाव दिनु ।

## १.४ अध्ययनको औचित्य

वर्तमान समयसम्म मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को नेपाली मनोभाषाविज्ञान (५२१)का बिचमा तुलनात्मक अध्ययन भएको छैन । मध्यपश्चिम विश्वविद्यालय सुरूदेखि नै सेमेस्टर प्रणाली लागु गरिएको छ भने सुदुर पश्चिम विश्वविद्यालयमा पनि सेमेस्टर प्रणाली लागु गरिएको छ । दुवै विश्वविद्यालयमा लागु गरिएको सेमेस्टर प्रणालीमा स्नातकोत्तर तहमा

पढाइ हुने विषय स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिकभाषाविज्ञान र मनोभाषाविज्ञान (५२१) यी दुई पाठ्यक्रमको विश्लेषण यस पूर्व कसैले पनि नगरेकाले यो औचित्यपूर्ण छ । उक्त पाठ्यक्रमको तुलना गरी ती पाठ्यक्रम तह अनुसार सान्दर्भिक, नवीन, प्रभावकारी, उद्देश्यमूलक छन् वा छैनन् ? शिक्षण विधि, मूल्याङ्कन प्रणाली, पाठ्यभार, अङ्कभार जस्ता कुराहरू कुन पाठ्यक्रममा कस्ता छन् भन्ने कुराहरूको अध्ययन विश्लेषण गर्दै कमिकमजोरी पहिचान गरी समयमा नै सुधारका उपायहरू तथा सुझावहरू प्रस्तुत गरिने भएकाले विद्यार्थी, प्राध्यापक,पाठ्यक्रमविद् तथा सरोकारवाला सबैका लागि यसले आवश्यक सहयोग गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

(क) म.प.वि.को पाठ्यक्रम स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को नेपाली सामाजिक र मनोभाषाविज्ञान (५२१)को तुलनात्मक विश्लेषण यस पूर्व कसैले पनि नगरेकाले यो औचित्यपूर्ण छ ।

(ख) प्रस्तुत शोधपत्रको अध्ययनबाट पाठ्यक्रम निर्माता, शिक्षक, विद्यार्थीलाई सहयोग पुग्ने भएकाले यो शोध कार्य औचित्यपूर्ण रहेको छ ।

(ग) यस अध्ययनले पाठ्यक्रमविद्, शिक्षाविद्, विषय विशेषज्ञ, नीति निर्माता, योजनाकार, प्राध्यापक, विद्यार्थी र सरोकारवाला सबैका लागि यसले सहयोग गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ।

(घ) प्रस्तुत अध्ययनले पाठ्यक्रमसँग सम्बन्धित रहेका भावी शोधकर्ताहरूलाई सन्दर्भ सामग्रीका रूपमा सहयोग गर्ने भएकाले यसको औचित्य रहेको छ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोध कार्य निम्नलिखित सीमाहरूमा सीमित रहेको छः

(क) प्रस्तुत अध्ययन मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयको नेपाली शिक्षा विषयको पाठ्यक्रमको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्य मध्यपश्चिम विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तह तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि. अनतर्गत सामाजिक

र मनोभाषाविज्ञान (५२१) को विश्लेषणमा केन्द्रित रहेको छ ।

(ग) यस अध्ययनमा पाठ्यक्रम निर्माणका ढाँचाहरू पाठ्यांश शीर्षक, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यांश परिचय, उद्देश्य, विषयवस्तु/ पाठ्यविषय, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीका आधारमा मात्र विश्लेषण गरिएको छ

(घ) दुबै नेपाली पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्दै दुर्बल पक्ष वा समस्याहरू पहिल्याई निष्कर्ष सहित सुधारका निम्ति सुझाव दिने कार्यमा सीमित रहेको छ ।

(ङ) प्रस्तुत शोध कार्यमा स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) बाहेक अन्य विषयको पाठ्यक्रममा अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखा निम्नलिखित रहेको छ :

अध्याय एक - शोध परिचय

अध्याय दुई - पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन - अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार - पाठ्यक्रमको तुलनात्मक विश्लेषण

अध्याय पाँच - निष्कर्ष र सुझाव

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययनमा उपयोग गरिएका पूर्वकार्यहरूको समीक्षा निम्नानुसार गरिएको छ :

नागेश्वर सिंह (२०६६) द्वारा लिखित **पाठ्यक्रम योजना र अभ्यास** पुस्तकमा पाठ्यक्रमको अर्थ, पाठ्यक्रमको शाब्दिक अर्थ, पाठ्यक्रमको सङ्कुचित र पाठ्यक्रमको व्यापक अर्थ, पाठ्यक्रमका परिभाषाहरू, पाठ्यक्रमको परिवर्तनशील धारणा, पाठ्यक्रमको विशिष्ट महत्त्वका क्षेत्रहरू, पाठ्यक्रम र शिक्षणमा सम्बन्ध जस्ता विभिन्न शीर्षक तथा उपशीर्षकहरू राखेर गहन रूपमा व्याख्या विश्लेषण गरिएको छ । पाठ्यक्रम विकास प्रक्रिया, सिकाइका सिद्धान्तहरू, पाठ्यक्रमका विभिन्न ढाचाँहरू उल्लेख गरिएको छ । पाठ्यक्रममा वृद्धि र विकास जस्ता कुराहरू समावेश गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यलाई पाठ्यक्रमको सैद्धान्तिक अवधारणा निर्माणगर्न सहयोग प्रदान गरेकाले यस शोध कार्यमा उपयोग गरिएको छ ।

पारसमणि भण्डारी र अन्य (२०६८) द्वारा लिखित **भाषिक अनुसन्धान विधि** नामक पुस्तकमा भाषिक अनुसन्धान विधि र तुलनात्मक विधिका बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा भाषिक अनुसन्धान प्रतिवेदनका अङ्गहरू तथा तिनीहरूका उदाहरण समेत दिइएको छ । यस पुस्तकमा तुलनात्मक विधि र यसका चरणहरू, विशेषताहरू प्रस्तुत गरिएको छ । यस अनुसन्धान कार्यलाई अगाडि बढाउन यो पुस्तक अत्यन्त उपयोगी देखिन्छ । यसमा भाषिक अनुसन्धानका विविध विधिहरूको चर्चा गर्नुका साथै वर्णनात्मक, तुलनात्मक विधिको चर्चा गरेकाले प्रस्तुत शोधपत्रलाई अनुसन्धान विधि छनोटमा सहयोग प्रदान गर्ने भएकाले उपयोग गरिएको छ ।  अनुसन्धान विधि छनोटमा सहयोग प्रदान गर्ने भएकाले यस पुस्तकको उपादेयता रहेको छ ।

माधवप्रसाद पौडेल (२०६९) द्वारा लिखित **भाषापाठ्यक्रम , पाठ्यपुस्तक तथा शिक्षण पद्धति** नामक पुस्तक लेखिएको छ । जसमा पाठ्यक्रम निर्माणका सिद्धान्तहरू प्रस्तुत गरिएको छ । पाठ्यक्रमको सामान्य परिचय, परिभाषा, पाठ्यक्रम, पाठ्यसूची, पाठ्यांश, पाठ्यक्रमका प्रकार, परम्परागत र आधुनिक पाठ्यक्रम र चरणगत प्रक्रिया उल्लेख गरिएको छ ।

पाठ्यक्रमको ढाँचा पनि प्रस्तुत गरिएको हुनाले यस अध्ययनमा पाठ्यक्रमको विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गर्ने भएकाले उक्त पुस्तक उपयोग गरिएको छ । यसर्थ यस पुस्तकको उपादेयता रहेको छ ।

शान्तिप्रसाद ढकाल (२०७०) द्वारा लिखित **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम** नामक पुस्तकमा पाठ्यक्रमको अर्थ, परिभाषा, भाषापाठ्यक्रम को परिचय, भाषापाठ्यक्रम का अङ्गमा पाठ्यक्रमका परिधीय संरचना (पाठ्यांशको शीर्षक र पाठ्यांशको परिचय) र आन्तरिक संरचना (पाठ्यक्रमका उद्देश्यहरू, पाठ्यवस्तु र त्यसको विवरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक) गरी विभिन्न शीर्षक र उपशीर्षक समावेश गरेर सैद्धान्तिक चर्चा गरिएको छ । यसलाई आशा गरे अनुसारको शैक्षिक उपलब्धि प्राप्त गर्नका लागि व्यापक रूपमा तर्जुमा गरिएको शैक्षिक योजना मानिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । तसर्थ यो अध्ययनले पनि पाठ्यक्रमा सैद्धान्तिक जानकारी दिएर सिद्धान्त खण्ड निमार्ण गर्ने, पाठ्यक्रम विश्लेषणको सैद्धान्तिक आधार प्रदान गर्ने र सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुग्ने भएकाले उपयोग गरिएको छ । सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुग्ने भएकाले यस पुस्तकको उपादेयता रहेको छ ।

टिकेन्द्रप्रसाद भट्ट (२०७०) द्वारा लिखित **पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान** नामक पुस्तकमा पाठ्यक्रम मूल्याङ्कनको अर्थ र परिभाषा, रूपरेखा, प्रकृति, पक्षहरू, प्रकार र विधिहरू जस्ता कुराहरू उल्लेख गरिएको छ । उक्त पुस्तकमा मूल्याङ्कनको अर्थ, परिभाषा, रूपरेखा, प्रकृति, पक्षहरू, प्रकार र विधिहरू जस्ता सम्पूर्ण कुराहरूको उदाहरण सहित प्रस्तुत गरिएको पाइन्छ । पाठ्यक्रमका प्रकारहरूको सामान्य रूपरेखालाई पाठ्यक्रम ढाँचाको सङ्गठनका आधारमा : विषय केन्द्रित पाठ्यक्रम, विद्यार्थी वा सिकारू केन्द्रित पाठ्यक्रम र समस्या केन्द्रित पाठ्यक्रम भनी उल्लेख गरिएको छ भने पाठ्यक्रमको उद्देश्य, स्वरूप र प्रकृतिका आधारमा : लुप्त पाठ्यक्रम, बञ्चित पाठ्यक्रम, सिफारिसात्मक पाठ्यक्रम, अपेक्षित पाठ्यक्रम वा लिखित पाठ्यक्रम, शिक्षण गरिएको पाठ्यक्रम, सिकाइको पाठ्यक्रम, समर्थन गरिएको वा सहयोगी पाठ्यक्रम, जाँच गरिएको पाठ्यक्रम र व्यवस्थित वा प्रबन्धित पाठ्यक्रम गरी विभिन्न आधारमा छुट्याइएको छ । यस पुस्तकमा परिमाणात्मक र गुणात्मक शोध विधिको समेत चर्चा गरिएको छ । यस अनुसन्धान प्रतिवेदनलाई अगाडि बढाउनका लागि यो पुस्तक उपयोगी देखिन्छ । पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धानका विविध पक्षहरूको विधिहरूको चर्चा गर्नुका साथै वर्णनात्मक विधिको

चर्चा गरेकाले प्रस्तुत शोधपत्रलाई अनुसन्धान विधिमा सहयोग पुग्ने हुनाले यस शोध कार्यमा उपयोग गरिएको  छ । यसर्थ यस पुस्तकको उपादेयता रहेको छ  ।

धनबहादुर खत्री (२०७२) द्वारा **स्नातकोत्तर तह एम.इ.एस. पहिलो सेमेस्टर र एम.एड पहिलो सेमेस्टरको नेपाली पाठ्यक्रमको तुलना** नामक शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा दुबै भाषापाठ्यक्रम का विशेषताहरू पहिल्याउदै पाठ्यक्रम स्तम्भका आधारमा पाठ्यक्रमको तुलनात्मक विश्लेषण गरी पाठ्यक्रमका सबल र दुर्बल पक्षहरू केलाई सुधारका उपायहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । पुस्तकालयीय, वर्णनात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधमा दुबै नेपाली पाठ्यक्रम स्नातकोत्तर तहका लागि स्तरीय र सान्दर्भिक रहेको, उद्देश्य अनुसारनै अन्य तत्त्वको संयोजन गरिएको, दुबै पाठ्यक्रममा विशिष्ट र साधारण उद्देश्यलाई छुट्टा छुट्टै राखिएको, आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्कभार निर्धारण गरिएको, विषयवस्तु धेरै र समय भार कम भएको, दुबै पाठ्यक्रममा आवश्यक पाठ्यपुस्तक र सन्दर्भ पुस्तक सिफारिस गरिएको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधकार्यले विश्वविद्यालय तहको पाठ्यक्रमको तुलना, विश्लेषण गर्न सहयोग पुऱ्याउने भएकाले उपयोग गरिएको छ ।

शान्तिप्रसाद ढकाल (२०७३) द्वारा लिखित **नेपाली भाषापाठ्यक्रम , पाठ्यपुस्तक तथा शिक्षण पद्धति** नामक पुस्तकमा पाठ्यक्रमको भाषापाठ्यक्रम को परिचय, अर्थ, परिभाषाहरू, पाठ्यक्रम र पाठ्यांश बीच अन्तर्सम्बन्ध पाठ्यक्रमका प्रकार, पाठ्यक्रमका सिद्धान्त र तिनको उपयोग, पाठ्यक्रम निर्माणका चरणगत प्रक्रिया गरी विभिन्न शीर्षक र उपशीर्षक समावेश गरेर सैद्धान्तिक चर्चा गरिएको छ । यसले प्रस्तुत शोध कार्यका लागि सैद्धान्तिक आधार प्रदान गर्ने भएकाले उपयोग गरिएको छ । यसर्थ यस पुस्तकको उपादेयता रहेको छ  ।

मानबहादुर शाही (२०७३) द्वारा **मध्यपश्चिमाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बीचको नेपाली शिक्षा ५२५ को तुलना** शीर्षकमा शोधकार्य गरिएको छ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको एम.एड. दोस्रो सेमेस्टरको नेपा.शि. ५२५ का विशेषता पत्ता लगाउनु, दुबै पाठ्यक्रमका सममानता र असमानता पत्ता लगाउनु र दुबै पाठ्यक्रममा रहेका दुर्बल पक्षहरू पत्ता लगाई समाधानका उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको छ । पुस्तकालय अध्ययन विधि र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी

सामग्री सङ्कलन गरिएको  छ । अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरू यिनै विधिबाट सङ्कलन गरिएको छ । यसका साथै सैद्धान्तिक पुस्तक, पूर्व शोध प्रतिवेदन, अप्रकाशित शोधकार्य, शोध निर्देशक, विषय विज्ञ, गुरूवर्ग, र पत्र पत्रिकाबाट तथ्याङ्क सङ्कलन गरिएको छ । दुबै पाठ्यक्रमको अध्ययन गरी पुस्तकालय विधिबाट र पूर्व शोध कार्यहरूबाट सैद्धान्तिक आधारको खोजी गरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा दुबै नेपाली पाठ्यक्रम स्नातकोत्तर तहका लागि स्तरीय र सान्दर्भिक रहेको उद्देश्य अनुसार नै अन्य तत्त्वको संयोजन गरिएको, दुबै पाठ्यक्रममा विशिष्ट र साधारण उद्देश्यलाई छुट्टा छुट्टै राखिएको, आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्कभार निर्धारण गरिएको, बाह्य परीक्षाका लागि प्रश्न योजनाको स्पष्ट व्यवश्था भएको, उद्देश्यहरू सैद्धान्तिक ज्ञानमा मात्र सिमित रहेका, दुबै पाठ्यक्रममा आवश्यक पाठ्यपुस्तक र सन्दर्भ पुस्तक सिफारिस गरिएको जस्ता निष्कर्ष निकालिएको छ । यस प्रस्तुत अनुसन्धान कार्यमा शीर्षक छनोट, उद्देश्य निर्माण र समस्या कथनमा सहयोग प्रदान गरेकाले यो शोधपत्र उपयोग गरिएको छ । यसर्थ यस शोधपत्रको उपादेयता रहेको छ  ।

द्रोणलता खत्री, (२०७५) द्वारा **कर्णाली स्पेसटर्म एन इन्टर डिसिपीलनरी रिसर्च जर्नल**मा प्रकाशित स्नातक तह (बी.इ.एस.) प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यक्रम : एक अध्ययन भन्ने अनुसन्धानात्मक लेखमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्नातक तह प्रथम सेमेस्टरको अनिवार्य पाठ्यांशको अध्ययन विश्लेषण गरिएको छ । उक्त पाठ्यांश समाविष्ट उद्देश्य र पाठ्यविषयको अर्न्तसम्बन्ध केलाउनु, विधा र क्षेत्रको अध्ययन गर्नु र शिक्षण विधि सिकाइ प्रकृया र मूल्याङ्कन प्रकृयाको विश्लेषण गर्नु, जस्ता उद्देश्य रहेको यो अध्ययनमा  वर्णनात्मक विधि र गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको यो अध्ययनमा व्यावहारिक ढाँचामा तयार पारिएको यो पाठ्यक्रम विद्यार्थी केन्द्रित विधि र सिकाई क्रियाकलापमा जोड दिने सके प्रस्तुत पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पुरा गर्न सहज हुने निष्कर्ष निकालिएको छ । यस अध्ययनले व्याख्या विश्लेषणलाई सहयोग पुऱ्याउनुका साथै सैद्वान्तिक खण्ड निर्माणमा समेत सहयोग पुऱ्याउने भएकाले यसलाई उपयोग गरिएको छ ।

लक्ष्मीप्रसाद आचार्य (२०७५) द्वारा **स्नातक (बी.एड.) त हको नेपाली शिक्षा विषयको पाठ्यक्रमको गुणात्मक विश्लेषण** भन्ने लेख प्रकाशित गरिएको छ । यस लेखमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्नातक तहको नेपाली शिक्षा विषयको पाठ्यक्रमको

विश्लेषण गर्नु मुख्य उद्देश्य राखिएको छ । यस लेखमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । लेख विश्लेषण गर्दा सेमेस्टर पद्धतिको मर्म अनुसार रहेको, पाठ्यक्रमका प्रमुख अङ्गका साथै सहायक स्तम्भहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यस लेखमा सन्दर्भ पुस्तकहरूको विवरणमा प्रकाशन समय तथा संस्करण जस्ता कुराहरू नहुनु जस्ता कमीकमजोरीहरू यसमा उल्लेख गरिएको छ भने सामसामयिक रूपमा संशोधन गर्नेसंयन्त्र एवं परिपाटीको विकास गर्न आवश्यक देखिएको निष्कर्ष निकालिएको छ । यस लेखकको अध्ययनबाट विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

शान्तिप्रसाद ढकाल (२०७६) द्वारा **प्रायोगिक भाषा विज्ञानका प्रमुख क्षेत्र** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको अधयाय ९ मा पृष्ठ १७८ देखि २२७ सम्म पाठ्यक्रमका विभिन्न पक्षहरूमा चर्चा गरिएको छ । यसमा प्रमुख रूपमा पाठ्यक्रमको परिचय, परिभाषा, पाठ्यक्रमका अङ्ग, पाठ्यक्रमको परम्परागत र आधुनिक चर्चा, पुरानो र वर्तमान पाठ्यक्रमको तुलना, माध्यमिक र उच्च माध्यमिक शिक्षा पाठ्यक्रमको विश्लेषण, नेपाली विषयको पाठ्यक्रम लगायतका विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ । यस पाठ्यपुस्तकको अध्ययनले कक्षा ११ को पुरानो र नयाँ पाठ्यक्रमको तुलनात्मक विश्लेषण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

हरिजङ्ग शाह (२०७७) द्वारा **स्नातकोत्तर तह (एम.एड.) नेपाली शिक्षा विषयको पाठ्यक्रम विश्लेषण** शीर्षकमा जर्नलमा प्रकाशित गरिएको छ । उक्त जर्नलका उद्देश्यमा पाठ्यक्रम स्तम्भका आधारमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको नेपाली भाषापाठ्यक्रम को विश्लेषण गरी यसका सबल र कमजोर पक्षको पहिचान गरी आवश्यक सुधार वा परिमार्जनका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्य राखिएको छ । प्रस्तुत लेख गुणात्मक ढाँचामा तयार गरिएको छ भने तथ्याङ्क् सङ्कलन गर्न पुस्तकालय अध्ययन कार्य र टिपोट पत्रलाई उपयोग गरिएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा भने पाठ्यक्रमसँग सम्बन्धित सैद्धान्तिक पस्तक, अनुसन्धानात्मक लेखको उपयोग गरिएको छ । पाठ्यक्रमको गुणात्मक विश्लेषण गरिएका लेख, रचना, तथा अनुसन्धान प्रतिवेदनहरूको सङ्कलन र गहन अध्ययन गरी निगमनात्मक विधि र तार्किक प्रक्रियाको उपयोग गरिएको छ । प्रस्तुत लेखमा पाठ्यक्रमको ४० प्रतिशत आन्तरिक र ६० प्रतिशत बाह्य मूल्याङ्कन प्रणाली व्यवस्था गरिएको भए तापनि लिखित परीक्षामुखी मूल्याङ्कनलाई बढी जोड दिइएको र पाठ्यांश शीर्षक अन्तर्गत रहेको जम्मा पाठघन्टी

लगायतका अपूर्ण रहेका अंशलाई पूर्णता दिनुपर्ने, आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य, परियोजना कार्य, प्रतिवेदन लेखन आदि जस्ता प्रयोगात्मक, व्यावहारिक कार्यहरूको आधार वा मापदण्ड स्पष्ट रूपमा तोक्नुपर्ने, उपर्युक्त तथ्यहरूको व्यापक रूपमा बहस, चिन्तनमनन र अन्तर्क्रिया गरी यस पाठ्यक्रमलाई जतिसक्दो चाँडो संशोधन गनुपर्ने अनिवार्य आवश्यकता रहेको निष्कर्ष निकालिएको छ । यस लेखले प्रस्तुत शोधको उद्देश्य निर्माण र समस्या कथनमा सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

विनिता वि.क. (२०७८) द्वारा **नेपाली शिक्षा ५३३ र ५२२ को तुलनात्मक विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधका उद्देश्य पाठ्यक्रमका तत्त्वका आधारमा स्नातकोत्तर तहको आधुनिक नेपाली नाटक, एकाङ्की र निबन्ध ५३३ र ५२२ को तुलनात्मक विश्लेषण गर्नु, पाठ्यक्रम विश्लेषणका आधारमा समानता र असमानता पत्ता लगाई सबल दुर्बल पक्ष केलाउनु, दुबै पाठ्यक्रमलाई अझै प्रभावकारी बनाउनका लागि उपयुक्त सुझाव दिनु यस शोधका उद्देश्य रहेका छन् । यस अध्ययनमा गुणात्मक ढाँचाको प्रयोग गरी पुस्तकालयीय, वर्णनात्मक तथा तुलनात्मक विधिको प्रयोग गरिएको छ । उक्त पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्नका लागि सु.प.वि. र म.प.वि.का ४ जना नेपाली विषयविज्ञका लागि पाठ्यक्रमका तत्त्वका आधारमा ३२ वटा प्रश्नावली निर्माण गरी सुझाव सङ्कलन गरिएको छ । अनुसन्धानलाई विश्लेषण गर्दा स्नातकोत्तर तहको आधुनिक नेपाली नाटक, एकाङ्की र निबन्ध ५३३ र ५२२ को पाठ्यक्रममा विद्यार्थीहरूको पूर्णाङ्क उत्तीर्णाङ्क, प्रतिहप्ता पाठ घण्टी आदि उल्लेख गरिएको छैन । विद्यार्थीहरूको स्तर, तह, उमेर, कक्षा तथा निर्धारित शैक्षिक उद्देश्य अनुसारका विषयवस्तुको सङ्गठन गरिएता पनि समय सीमालाई ध्यान नदिएको, पाठ्यक्रममा एकाइगत समय र पाठ्यभार उल्लेख नगरिएको र दुबै पाठ्यक्रममा विषयवस्तु अनुसारका छुट्टा छुट्टै शिक्षण विधिहरूको समावेश दुबै पाठ्यक्रमको उद्देश्यहरू स्पष्ट र मापनीय बनाइएको र पाठ्यक्रमलाई प्रभावकारी बनाउनका लागि विषयविज्ञका सुझावमा समसामयिक रचना तथा कृतिलाई पाठ्यपुस्तकमा समावेश गरिएको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनले प्रस्तुत शोधको प्रश्नावली निर्माण र व्याख्या विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

दिपेन्द्रकुमार शाही (२०७८) द्वारा **स्नातकोत्तर तह नेपाली भाषापाठ्यक्रम ५३२ र ५३७ को तुलना** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यको उद्देश्यमा एम.एड. तेस्रो

सेमेस्टरको नेपा.शि. ५३२ र ५३७ का विशेषता पत्ता लगाउनु, दुबै पाठ्यक्रमका समानता र असमानता पहिचान गर्नु, दुवै पाठ्यक्रममा रहेका समस्या समाधानका उपाय प्रस्तुत गर्नु, उद्देश्य राखिएको छ । प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी वर्णनात्मक, विवरणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ । यस शोधमा शीर्षकीय सूचनाका आधारमा दवै पाठ्यक्रम कमजोर रहेको, ज्ञान, बोध र विश्लेषण तहका उद्देश्य निर्माण गरिएको छ । नेपाली भाषापाठ्यक्रम  ५३२ मा पाठ्यांशको अध्ययन पछि साधारण उद्देश्य ६ वटा मात्र उल्लेख गरिएको छ, भने नेपाली भाषापाठ्यक्रम ५३७ मा पाठठ्यांशको लागि ७ वटा साधारण उद्देश्य राखिएको छ । जसमा उल्लेखित विषयवस्तुमा समेत भिन्नता रहेको पाइन्छ । नेपाली भाषापाठ्यक्रम ५३२ मा २७ वटा विशिष्ट उद्देश्य उल्लेख गरिएको छ, भने नेपाली भाषापाठ्यक्रम  ५३७ मा ४५ वटा विशिष्ट उद्देश्य राखिएको छ । नेपाली भाषापाठ्यक्रम  ५३२ को पाठ्यविषयमा सात वटा एकाइलाई समावेश गरिएको र नेपाली भाषापाठ्यक्रम  ५३७ मा नौ वटा एकाइलाई समावेश गरिएको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत शोधकार्यको निष्कर्ष र सुझाव खण्ड निर्माण गर्न सहयोग गरेकाले उपयोग गरिएको छ ।

शारदा पाण्डे (२०७९) द्वारा **कक्षा ११ को पुरानो (२०६९) र नयाँ (२०७६) पाठ्यक्रमको तुलना** शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधका उद्देश्यमा कक्षा ११ को नेपाली विषयको पुरानो पाठ्यक्रम (२०६९) र नयाँ पाठ्यक्रम (२०७६) का विशेषताहरू पत्ता लगाउनु, कक्षा ११ को नेपाली विषयको पुरानो पाठ्यक्रम (२०६९) र नयाँ पाठ्यक्रम (२०७६) का समानता र भिन्नता पत्ता लगाउनु, कक्षा ११ को नेपाली विषयको पुरानो पाठ्यक्रम (२०६९) र नयाँ पाठ्यक्रम (२०७६) का  सबल र दुर्बल पक्षको पहिचान गरी सुझाव दिनु रहेका छन् । यस अध्ययनमा पाठ्यक्रम तत्त्वका आधारमा तुलना गरी तार्किक तथा वर्णनात्मक विश्लेषण गरिएकाले यो अध्ययन गुणात्मक रहेको छ । यस अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । माध्यमिक तहमा अध्यापनरत १० जना शिक्षक शिक्षकसँग मिश्रित प्रश्नावली विधिबाट सूचना सङ्कलन गरिएको छ । पाठ्यशीर्षकका आधारमा पुरानो पाठ्यक्रमका तुलनामा नयाँ पाठ्यक्रम उपयुक्त रहेको छ भने विषयवस्तु, उद्देश्य, सिकाइ उपलब्धिका आधारमा पुरानो पाठ्यक्रम भन्दा नयाँ पाठ्यक्रम व्यवहारिक र सिर्जनात्मक देखिएकाले उपयुक्त रहेको उल्लेख गरिएको छ । कक्षा एघारको अनिवार्य नेपाली विषयको पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्दा पाठ्यक्रमका

बारेमा सोधिएको धारणामा ४ जना अर्थात ४० प्रतिशत विषयविज्ञले दुबै पाठ्यक्रम उस्तै रहेको, ३ जना अर्थात ३० प्रतिशतले दुबैमा थुप्रै कमजोरी रहेको प्रतिक्रिया दिएको उल्लेख गरिएको छ । पाठ्यक्रमका सबल र दुर्बल पक्षको अध्ययन गर्दा विधाका आधारमा नयाँ पाठ्यक्रममा भाषिक सीप विकासमा जोड दिएको र नयाँ पाठ्यक्रम विद्यार्थीको स्तर, क्षमता, रूचि र समय परिस्थिति अनुरूप रहेकाले पुरानो भन्दा नयाँ सबल रहेको निष्कर्ष निकालिएको छ । यस शोधले प्रस्तुत शोधकार्यको विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

यसरी माथि उल्लेखित शीर्षकमा विद्यालय तहदेखि उच्च तह सम्मका नयाँ तथा पुराना पाठ्यक्रमको तुलनात्मक अध्ययन सम्बन्धी शोध कार्यहरू भएका देखिन्छन् । जति मात्रामा माध्यमिक तहसम्म पाठ्यक्रम सम्बन्धी शोधकार्यहरू भएका छन् त्यति उच्च तहका भएका देखिदैनन् । यहाँ प्रस्तुत गरिएका शोधकार्यहरूका आ-आफ्ना सीमा छन् । हालसम्म म.प.वि. र सु.प.वि.कोएम.एड. चौथो सेमेस्टर खण्डकाव्य र महाकाव्य विषयको पाठ्यक्रमको तुलनात्मक अध्ययन बाहेक अन्य अनुसन्धान भएका छैनन् । अहिलेसम्म गरिएका शोधकार्य भन्दा प्रस्तुत शोधकार्य यही सन्दर्भमा फरक रहेको छ ।

## २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा

प्रस्तुत शोधकार्यको अध्यननीय विषय क्षेत्र पाठ्यक्रम भएकाले यहाँ पाठ्यक्रमको सैद्धान्तिक अवधारणा निम्नानुसार उल्लेख गरिएको छ :

### २.२.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम शिक्षण तथा सिकाइका लागि बनाइएको व्यवस्थित, वैज्ञानिक, व्यावहारिक र विस्तृत योजना हो । शैक्षिक उद्देश्य प्राप्त गर्नका लागि बनाइएको योजना पाठ्यक्रम हो । कुनै पनि विषय वस्तुको शृङ्खला वा क्रमवद्धता मात्रै पाठ्यक्रम होइन । यस पाठ्यक्रम भित्र विद्यार्थी विद्यालय, समाज, विषय क्षेत्र, शिक्षण प्रक्रिया, शैक्षिक सामग्री, मूल्याङ्कन प्रक्रिया आदिलाई समेटिएको हुन्छ (शर्मा र शर्मा, २०७० : ५४) । यसले विभिन्न उमेर तथा क्षमताका विद्यार्थीहरूका लागि कक्षागत रूपमा तोकिएको अवधिमा के कस्ता सिकाइ उपलब्धी तथा सिपहरू प्रदान गर्नु पर्दछ । पाठ्यक्रम बिना कुनै पनि तह/कक्षाको पठन पाठन अथवा तोकिएका उद्देश्यहरू हासिल हुन सक्दैनन् । "यो बालकको चौतर्फी विकासका लागि बनाइएको शैक्षिक क्रियाकलाप (उद्देश्य, पाठ्यवस्तु, सामग्री, विधि र मूल्याङ्कन)

समेतको योजना हो ।" यसले शैक्षिक कार्यकलापलाई नियन्त्रित र निर्देशित गर्दछ । सो सम्बन्धि ज्ञान एवम् सिप हासिल गर्न अंगालिने कार्य विधिहरू आदि सम्पूर्ण शैक्षिक क्रियाकलापको पूर्ण योजना नै पाठ्यक्रम हो (ढकाल, २०७० : १८६) । असल पाठ्यक्रमले शिक्षाविद्, विषयविज्ञ, नीतिनिर्माता, शिक्षक, विद्यार्थीलाई गन्तव्यमा पुग्ने गोरेटोको काम गरिरहेको हुन्छ । यो गरेटो कोर्नु त्यतिकै चुनौति पनि हुन्छ । जहाँ चुनौति देखा पर्दछ त्यो चुनौतिलाई सामना गर्न सकेमा अगाडि सम्भावनाका धेरै बाटाहरू खुला हुन सक्दछन् ।

असल पाठ्यक्रम निमार्ण गर्दा पाठ्यक्रमका कस्ता तत्त्वहरू समावेश गर्ने, पाठ्यक्रम विकासका सिद्धान्त/प्रक्रिया, पाठ्यक्रम विकासमा प्रभाव पार्ने तत्त्वहरूलाई कसरी सन्तुलित रूपमा राख्ने भन्ने बारेमा चुनौतिहरू देखा पर्दछन् । यस्ता चुनौतिहरूलाई हटाई पाठ्यक्रमविद्, शिक्षाविद्, विषयविज्ञ, प्रधानाध्यापक, विद्यार्थी, अनुसन्धाता तथा यससँग सम्बन्धित पक्षको सहयोगबाट असल पाठ्यक्रम निर्माण गर्नु पर्दछ । पाठ्यक्रमको सुरूवातदेखि हालसम्म पाठ्यक्रमका विभिन्न अवधारणाको विश्लेषण गर्दा यसको अर्थका बारेमा एकरूपता पाइदैंन । यसलाई विभिन्न अर्थमा अर्थ्याइएको पाइन्छ ।

curriculum शब्द ल्याटिन भाषाको 'currere' शब्दबाट आएको हो । currere शब्दको अर्थ 'दगुर्नु' भन्ने हुन्छ । त्यसैले curriculum शब्दको अर्थ 'दौडको मैदान' भन्ने हुन्छ । यहाँ दौडको मैदान भन्नाले शिक्षा लिनुलाई दौडका रूपमा र पाठ्यक्रमलाई मैदानका रूपमा लिइएको बुझिन्छ । अर्को शब्दमा भन्दा विद्यार्थीले शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडिएर आफ्नो गन्तव्य रूपी स्थानमा पुग्न सफल हुन्छ (शर्मा र शर्मा, २०७० : ५४) । विद्यार्थी आफ्नो गन्तव्यसम्म पुग्ने माध्यम वा बाटो नै शाब्दिक अर्थमा पाठ्यक्रम हो । यसले विद्यार्थीलाई मार्ग निर्देशन गरी लक्ष्यमा पुग्न अभिप्रेरित गर्दछ । पाठ्यक्रमलाई सीमित घेरा भित्र राख्नु वा साघुँरो दृष्टिकोणबाट हेरिनु पाठ्यक्रमको सङ्कुचित अर्थ हो । सङ्कुचित अर्थबाट हेर्दा पाठ्यक्रमलाई पाठ्यांशमा सीमित राखेको पाईन्छ । यसलाई कोर्स, विषयवस्तु, पाठ्यांश वा पाठ्य विवरण भन्ने गरिन्छ । यी सबै पाठ्क्रमका सङ्कुचित अर्थ हुन् (पौडेल, २०६९ : १,२) । पाठ्यक्रम भन्नाले विद्यार्थीहरूलाई के पढाउने, कसलाई पढाउने, किन पढाउने, कति पढाउने, पढाइको प्रभावकारीता कसरी जाँच गर्ने आदि कुराहरूको सुस्पष्ट मार्ग निर्देशनका रूपमा पाठ्यक्रमलाई हेरिनु पर्छ र सोही अनुरूप यसलाई सचेतता पूर्वक निर्माण र उपयोग गरिनु पर्छ । पाठ्यक्रम भनेको एउटा व्यवस्थीत शैक्षणीक योजना हो; अतः यसमा उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया तथा शिक्षण सामग्री र

पुरक सामग्रीहरूको स्पष्ट निर्देशन गरिएको हुन्छ (शर्मा र पौडेल, २०६८ : ६०) । पाठ्यक्रमको सङ्कुचित अर्थले पाठ्य विषयवस्तुलाई मात्र समेटेको देखिन्छ । यसले शिक्षक, विद्यार्थी, समाज, विश्व परिवेश र नवीनतम् ज्ञान विज्ञान आदिलाई समेट्न सकेको छैन पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो संगठित ढाँचा हो ।

विद्यालयय भित्र र विद्यालय बाहिरका समेत क्रियाकलापहरू समावेश भएका हुन्छन् । पाठ्यक्रम भित्र विद्यार्थीका, शिक्षक र समाजका इच्छा चाहनाहरू समावेश भएका हुन्छन् । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य र विशिष्ट उद्देश्यहरू समावेश गरिएको हुन्छ । उद्देश्यहरू पूरा गर्नका लागि शिक्षण विधि, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री र मूल्याङ्कन विधि समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ (ऐ., २०७० : ५४) । वर्तमान पाठ्यक्रमको अवधारणा पनि पाठ्यक्रमको व्यापक अर्थसँग सम्बन्धित छ । पाठ्यक्रमले सिकाइका समग्र पक्षलाई समेट्नुपर्छ र यो मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक, आधुनिक सूचना प्रविधि आदिसँग अन्तर्सम्बन्धित हुनुर्पछ भन्ने मान्यता नै पाठ्यक्रमको व्यापक अर्थ हो । निष्कर्षमा पाठ्यक्रम सम्बन्धी यी विविध धारणाहरू समयसँगै परिवर्तन र विकसित हुदै गएका हुन् । परम्परादेखि अहिलेसम्म आइपुग्दा पाठ्यक्रमको व्यापक अर्थको विकास भएको हो । यही व्यापक अर्थ नै वर्तमान पाठ्यक्रम निर्माणका अवधारणाहरू हुन् । व्यापक अर्थले नै अहिलेको पाठ्यक्रम मान्यतालाई समेटेको छ ।

पाठ्यक्रम सम्बन्धमा विभिन्न विद्वानहरूले फरक फरक परिभाषाहरू दिएका छन् । टि.पि. नुन्का अनुसार पाठ्यक्रमले विविध क्रियाकलापहरू देखाउनु पर्दछ, जसले मानवीय आत्मबल बढाउन र व्यापक विश्वमा स्थायी पहिचान दिन सक्छ (शर्मा र शर्मा २०६८ : ५) । फ्रोबेलका अनुसार मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको सार सम्झनुपर्छ । हिल्डा टावाका अनुसार सिकाइको एक योजनालाई पाठ्यक्रम भन्दछन् (शर्मा र शर्मा, २०७० : ५५) । क्रो एण्ड क्रो का अनुसार शैक्षिक कार्यक्रमहरू पूरा गर्न विकासात्मक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक साधनका रूपमा विद्यालय भित्र र बाहिर हुने सिकाइका अनुभवहरू समावेश गरिएको कार्यक्रम पाठ्यक्रम हो (शर्मा र शर्मा, २०६८ : ५) । English Dictionary का अनुसार विद्यालय वा क्याम्पसमा पढाई हुने सम्पूर्ण विभिन्न विषयहरू नै पाठ्यक्रम हो । जहाँ केही कुरा कसरी गर्ने भन्ने स्पष्ट र विस्तृत सूचना नै शिक्षण हो (अधिकारी, २०६९ : ७) । कनिङ्घमका अनुसार पाठ्यक्रम भनेको शिक्षकको त्यो साधन हो,

जसको सहायताले उनले आफ्नो उद्देश्य अनुसार आफ्ना छात्रा छात्रहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छन् (पौडेल, २०६९ : २) त्यसैगरी सेलर एण्ड एलेक्जेन्डरका अनुसार विद्यालय भित्र वा बाहिरको परिवेशमा अपेक्षित उद्देश्य प्राप्ति गर्न गरिने यावत् प्रयासलाई पाठ्यक्रम भनिन्छ (सिंह, २०६६ : ५९) । डिक्सनरी अफ एजुकेसनका अनुसार पाठ्यक्रम भन्नाले उद्देश्य लक्ष्य, विषयवस्तु प्रक्रिया, स्रोत, मूल्याङ्कनका साधन आदि बुझिन्छ, जसलाई विद्यालयय भित्र तथा बाहिर, कक्षा शिक्षक वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास हुन्छ (पौडेल, २०६९ :२) । इन्साइक्लोपोडिया अफ एजुकेसनका अनुसार पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय उद्देश्यहरूलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीहरूको अनुभवलाई आधार मानी तयार गरिएको हुन्छ । यसमा विद्यालय भित्र र बाहिरका सम्पूर्ण कार्यकलापलाई लिएर तिनका अनुभवहरू सँगाली तयार गरिएको हुन्छ (ऐजन, २०६९ : २) । यी विभिन्न परिभाषाका आधारमा पाठ्यक्रम एउटा विस्तृत योजना हो । यसमा बालबालिकाको चौर्तफी विकासको लक्ष्य राखिएको हुन्छ । पाठ्यक्रमलाई शैक्षिक लक्ष्यसम्म पुग्नका निम्ति उद्देश्य सामग्री विषयवस्तु शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका योजना समाविष्ट भएको र बालबालिकाका लागि सञ्चालन गरिने शिक्षण सिकाइ कार्यको योजना हो भन्न सकिन्छ ।

### २.२.२ भाषापाठ्यक्रमको परिचय

भाषापाठ्यक्रम  सम्बन्धी विभिन्न विद्वानले विभिन्न भागमा विभाजन गरेको पाइन्छ । भाषा सिकाइ एक निरन्तर प्रक्रिया हो र यसको सिकाइ स्रोत अत्यन्त व्यापक हुन्छ तर सबै स्रोतबाट सिकेको भाषा उपयुक्त र विशुद्ध हुन्छ भन्न सकिदैन । सम्बन्धित भाषाको मानक रूप र शिष्ट रूपको सिकाइ हुन सकोस् साथै सम्बन्धित भाषाका ग्रहण र अभिव्यक्ति कला (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) जस्ता आधारभूत सिप र कलामा निपूर्णता प्राप्त होस् भन्ने अपेक्षा भाषा सिकाइमा गरिन्छ । बोध र अभिव्यक्ति कुशलताका माध्ययमले आवश्यक विषयक ज्ञान प्रवर्द्धन हुन सकोस् । वैयक्तिक खुबी र क्षमता प्रर्दशनका अवसरहरू प्राप्त हुन सकुन् जस्ता अभिप्राय भाषा सिकाइसँग गाँसिएको हुन्छ । अत : यिनै अभिप्रायगत उद्देश्यले विद्यालय वा शैक्षिक संस्थाहरूले भाषा शिक्षण कार्यक्रमको व्यवस्था गरेका हुन्छन् । त्यसै भाषा शिक्षण सम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषापाठ्यक्रम  भनिन्छ (पौडेल, २०६९ : ५,६) । भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्राप्तिको उद्देश्य राखि बनाइएको शैक्षिक योजनालाई भाषापाठ्यक्रम भनिन्छ । भाषाको पाठ्यक्रमले

सिकारूको बोध (विषयजन्य ज्ञान सुनेर र पढेर बुझ्ने क्षमता) र अभिव्यक्ति (देखेर, जानेर, बुझेर, पढेर, सुनेर बुझेका कुरा बोलेर र लेखेर प्रकट गर्न सक्ने क्षमता) को विकासका निमित्त गर्नु पर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्दछ ।

भाषापाठ्यक्रम मा पनि विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको अपेक्षा (उद्देश्य) प्राप्त गर्ने माध्ययम (पाठ्यवस्तु), तिनिहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू (शैक्षिक सामग्रीहरू), सामग्रीका सहायताले शिक्षक र विद्यार्थीले गर्ने कार्यकलाप (शिक्षण विधि) र अपेक्षा पूरा भए नभएको वस्तुपरक रूपले लेखाजोखा गर्ने उपाय (मूल्याङ्कन) समेतलाई स्पष्ट रूपमा बुझाएको हुन्छ (ढकाल, २०७० : १८७) । अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने उद्देश्य राखेको हुन्छ भने भाषापाठ्यक्रम ले भाषिक सिप हासिल गर्ने कुरालाई विशेष महत्त्व दिन्छ ।

माथि प्रस्तुत भनाइका आधारमा भाषापाठ्यक्रम  भाषिका सिप विकासमा केन्द्रित हुन्छ । भाषामा ग्रहण र अभिव्यक्ति सिप हुन्छन् । ती सिप विकासमा भाषापाठ्यक्रम ले जोड दिन्छ । साहित्यका विविध विधाहरूको माध्ययमबाट भाषिक कुशलता हासिल गर्ने कुरामा यसले जोड दिन्छ । त्यसैले भाषिक सिपका आधारमा सम्पूर्ण शैक्षणिक योजना पूरा गर्न भाषापाठ्यक्रम को महत्त्वपूर्ण स्थान रहेको छ । भाषापाठ्यक्रम  के हो त भन्ने सम्बन्धमा उल्लेख्य परिभाषाहरू उपलब्ध छैनन् तर यस अगाडी दिइएका पाठ्यक्रम सम्बन्धी परिचय र परिभाषाहरूकै आधारमा भाषापाठ्यक्रमको परिभाषाहरू खोज्नु पर्ने हुन्छ ।

सर्वप्रथम त भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धी तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षण सम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषापाठ्यक्रम लाई परिभाषित गर्न सकिन्छ (पौडेल, २०६९ : ६) । त्यसपछि क्रमशः विद्यालयका भाषा सिक्ने केटाकेटीहरू, भाषा सिकाउने कक्षा कोठाहरू, भाषा शिक्षणका आवश्यक भवनहरू र फर्निचरहरूलाई भाषापाठ्यक्रमका आधार मान्न सकिन्छ किनकी केटाकेटीहरूको अवश्था, उमेर, रूचि, आवश्यकता आदि अनुसार भाषापाठ्यक्रम  निदेर्शित हुन्छ साथै कक्षाकोठा, भवन र फर्निचर आदिको सहयोगले भाषा शिक्षणका वातावरण तथा व्यवस्थापन पक्षहरू निदेर्शित हुन्छन् । त्यसैगरी भाषा सिकाइको वास्तविक लक्ष्य र अर्थ प्राप्त गर्ने साधनका रूपमा पनि यसलाई परिभाषित गर्न सकिन्छ, जुन साधन भाषा शिक्षणका विभिन्न प्रक्रियाहरूमा ढालिएर वास्तबिकताका पुगी दर्शनमा परिणत भएको हुन्छ (शर्मा र पौडेल, २०६८ : ६५) ।

"विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासहरूलाई भाषापाठ्यक्रम  भनिन्छ । भाषा सिक्ने विद्यार्थीहरूका सामाजिक, मानसिक, आध्यात्मिक तथा नैतीक विकासमा सहयोग पुग्ने विद्यालयभित्र वा बाहिरका समग्र भाषिक अनुभवहरू एउटै कार्यक्रमका रूपमा भाषापाठ्यक्रम मा समावेश भएका हुन्छन् । भाषापाठ्यक्रम  भनेको विद्यार्थीहरूलाई भाषिक दृष्टिले शिक्षण संस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मानसिकताले तयार पारिएको सामाजिक समूहको एउटा ढाँचा हो" (पौडेल, २०६९ : ६) । भाषापाठ्यक्रम  भनेको मानव जातिको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो । भाषापाठ्यक्रम  भनेको भाषा शिक्षणको त्यो साधन हो, जसको सहायताले उसले आफ्ना भाषिक उद्देश्य अनुसार आफ्ना छात्राछात्रहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छ । भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषापाठ्यक्रम  भनिन्छ ।

भाषापाठ्यक्रम  भन्नाले भाषिक उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, भाषिक स्रोत र भाषिक मूल्याङ्कनका साधन आदि बुझिन्छ जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिएको हुन्छ (शर्मा र पौडेल, २०६८ : ६५) । उर्पयुक्त विभिन्न भनाईबाट के स्पष्ट हुन्छ भने भाषापाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनावद्ध गोरेटो हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ ।

### २.२.३ पाठ्यक्रमका तत्त्व

पाठ्यक्रम एउटा वृहत योजना हो । यो विभिन्न तत्त्वहरू मिलेर बनेको हुन्छ । पाठ्यक्रम बन्नका लागि चाहिने आवश्यक उपकरणलाई पाठ्यक्रमका तत्त्व भनिन्छ । तत्त्वका अभावमा कुनै पनि पाठ्यक्रमको कल्पना गर्न सकिदैन । एउटा असल पाठ्यक्रममा हुनुपर्ने तत्त्वहरूलाई विभिन्न विद्वानहरूले फरक फरक तरिकाले उल्लेख गरेका छन् । हिल्डा टावाले पाँचवटा तत्त्वहरू (लक्ष्य र उद्देश्य, विषयवस्तु, स्रोत र सामग्रीहरू, क्रियाकलाप, मूल्याङ्कन) प्रस्तुत गरेकी छन् । त्यसै गरी प्रिन्टले उद्देश्य, विषयवस्तु, विधि र मूल्याङ्कन गरी चारवटा तत्त्व समावेश गरेका  छन् । अर्ली निकोलसले आफ्नो  प्रसिद्ध पुस्तक 'Developing curriculum मा उद्देश्य, विषयवस्तु, विधि र मूल्याङ्कन गरी चार प्रकारमा

वर्गीकरण गरेका छन् (निउरे, २०६९ : २२२) । विद्वानहरूले फरक-फरक तरिकाले पाठ्यक्रमका तत्त्वहरूलाई वर्गीकरण गरेता पनि समष्टिमा प्रिन्ट र अर्ली निकोलसको वर्गीकरणलाई आधार मानी निम्नानुसारका तत्त्वहरू प्रस्तुत गर्न सकिन्छ :

(क) **उद्देश्य**

पाठ्यक्रममा हुनु पर्ने प्रमुख तत्त्वहरू मध्य सबैभन्दा महत्त्वपूर्ण तत्त्व उद्देश्य हो । उद्देश्यकै आधारमा पाठ्यक्रमका क्रियाकलापले निर्देशन प्राप्त गर्ने हुँदा पाठ्यक्रम विकासका क्रममा लक्ष्य तथा उद्देश्यहरू स्पष्ट रूपले निर्धारित हुनुपर्दछ । स्पस्ट रूपले उल्लेख गरिएको शैक्षिक उद्देश्यले शैक्षिक कार्यक्रमलाई लक्षित दिशामा लैजान र शिक्षण सिकाइमा प्रभावकारिता ल्याई उपलब्धि एवं मूल्याङ्कन समेत गर्न सक्छ । त्यसैले पाठ्यक्रम निर्माणमा उद्देश्यलाई सबैभन्दा पहिलो र महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ (सिंह, २०६७ : ५३) । उद्देश्यलाई दुई भागमा विभाजन गरिन्छ :

(अ) **साधारण उद्देश्य**

साधारण उद्देश्य भन्नाले कुनै पनि विषयको वा तहको अध्ययन पुरा गरिसकेपछि त्यस विषय वा तहको धारण गर्नु पर्ने कुरा वा त्यसभित्रका व्यावहारिक ज्ञानहरूलाई बुझाउँछ ( सिंह, २०६७ : ५३) । यस्ता उद्देश्यमा विषयवस्तुको खास किटान गरिएको हुँदैन । समग्रतालाई आत्मसाथ गरिएको हुन्छ । यसमा सम्पूर्ण पाठलाई समेट्ने गरी उद्देश्य राखिएको हुन्छ ।

(आ) **विशिष्ट उद्देश्य**

शिक्षण सिकाइको अन्त्यमा अपेक्षित गरिएको उपलब्धिलाई नै विशिष्ट उद्देश्य भनिन्छ । यो मापन योग्य हुन्छ । कुनै पनि विषय वा पाठको सिकाइ पश्चात निश्चित रूपमा यो यो र यस्ता यस्ता ज्ञान र सिपहरू प्राप्त गर्न सक्ने गरी उद्देश्यहरूको किटान गर्न सक्नुलाई विशिष्ट उद्देश्य भनिन्छ (सिंह, २०६७ : ५४) । विषय, एकाइ वा पाठको समाप्तिपछि विद्यार्थीहरू कस्ता कस्ता कुराहरू गर्न, भन्न, लेख्न, चिन्न, छुट्याउन, वयान गर्न, विश्लेषण गर्न सक्छन भन्ने कुराहरू किटान साथ उद्देश्यको निर्माण वा निर्धारण गर्नु पर्दछ (रोवर्ट म्यागर) ।

**(ख) विषयवस्तु वा पाठ्यवस्तु**

सिकारू वा विद्यार्थीबाट चाहेको व्यवहार प्रदर्शन गराउन सक्ने विषयको सिलसिलाबद्ध वा क्रमबद्ध सूचीलाई विषयवस्तु वा पाठ्य वस्तु भनिन्छ । पाठ्यक्रमले निर्धारित गरेको सिकाइ उपलब्धिलाई वा ज्ञान सिपलाई पाठ्यवस्तुका माध्यमले विद्यार्थीमा हस्तान्तरित गरी उनीहरूको व्यवहारमा परिवर्तन ल्याउने गरिन्छ (सिंह, २०६७ : ५८) । पाठ्यवस्तु उद्देश्य अनुकूल सिकारूको आवश्यकता, स्तर, क्षमता, क्षेत्र, मूल्य मान्यता तथा मनोवैज्ञानिक रूचि अनुकूल उपयोगी र वस्तुनिष्ट हुनुपर्छ (वाग्ले र पौडेल, २०६८ : ४५) ।

**(ग) शिक्षण विधि**

पाठ्य वस्तुलाई उद्देश्य अनुरूप बनाउन यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । विषयवस्तु प्रस्तुतिको माध्यम विधि हो । विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन शिक्षकले निर्वाह गर्नुपर्ने भूमिका र विद्यार्थीलाई गराउने कार्यकलापलाई नै शिक्षण प्रक्रिया भनिन्छ (ढकाल, २०६७ : ४८) । शिक्षण प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीमा अपेक्षित उपलव्धि हासिल गराउनु हो । शिक्षक यसमा पथप्रदर्शक मात्र रहेकोछ । शिक्षकले विषयवस्तुको मर्म, कक्षाकोठाको अवस्था र विद्यार्थीको स्तर अनुसारको शिक्षण विधि अपनाउनु पर्छ । विद्यार्थीको तह, कक्षा, स्तर, रूचि, क्षमता, विषयवस्तुको प्रकृति आदि कुराका साथै भाषा सिकाइको मूलमन्त्रलाई मध्यनजर गरी विद्यार्थी केन्द्रित क्रियाकलाप र अभ्यासमूखी शिक्षण विधि र प्रक्रिया छनोट गरी पठनपाठन गराउनु पर्दछ (पौडेल, २०६७ : ७) ।

**(घ) मूल्याङ्कन**

कुनै पनि कार्यको अन्त्यमा उपलव्धि कति भयो भनेर गरिएको लेखाजोखा नै मूल्याङ्कन हो । यसले कार्यलाई उद्देश्यमा पुऱ्याउन मद्दत गर्दछ । मूल्याङ्कनले पाठ्यक्रमको सफलता तथा परिवर्तनमा निर्णायक भूमिका खेल्ने भएकाले यसलाई एक अनिवार्य तत्त्वका रूपमा लिइन्छ । पाठ्यक्रमका सन्दर्भमा पाठ्यक्रमको उद्देश्य अनुरूप विषयवस्तुको छनोट हुने, विषयवस्तु अनुसार शिक्षण सामग्री र क्रियाकलाप निर्धारण हुने भएकाले पनि सबै पक्षमा निरन्तर मूल्याङ्कनको आवश्यक्ता पर्दछ (सिंह, २०६७ : ६६) । शिक्षण सिकाइबाट प्राप्त उपलव्धिहरू विद्यार्थीमा अपेक्षा गरे अनुसार छन वा छैनन् अथवा उद्देश्य प्राप्त हुन सक्यो वा सकेन भन्ने कुरा लगायत शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री र उद्देश्य एवं विषयवस्तुकै उपयुक्तताको परीक्षण गर्ने कार्य मूल्याङ्कनले गर्दछ । शैक्षणिक उद्देश्यहरू

अथवा अपेक्षित उपलव्धिहरू कति मात्रामा हासिल भए भन्ने कुराको निर्धारण गर्न जानकारी सङ्कलन गर्ने, विश्लेषण गर्ने र अभिव्यक्ति गर्ने एउटा क्रमवद्ध प्रक्रियालाई नै मूल्याङ्कन भन्नुपर्दछ (वाग्ले र पौडेल, २०६८ : १४५) । सिकाइलाई मजवुत गर्न, भाषा सिकाइका कमीकमजोरी हटाउन, सिकाइमा पृष्ठपोषण प्रदान गर्न, शिक्षक विद्यार्थी विच सौहार्द सम्वन्ध विकास गर्न मूल्याङ्कन ज्यादै उपयोगी हुन्छ (ढकाल, २०६७ : १८४) ।यसैबाट पाठ्यवस्तु र पठनपाठन गतिविधि, सामग्रीगत प्रभावकारिता उद्देश्यगत व्यवहारिकता र स्तरयुक्तता आदिको समेत मूल्याङ्कन भई सिङ्गो भाषापाठ्यक्रम मा पृष्ठपोषण हुने हुँदा यो भाषापाठ्यक्रमको अन्तिम चरण र अत्यन्त महत्त्वपूर्ण तत्त्वको रूपमा मूल्याङ्कन प्रक्रिया रहेको छ ।

### २.२.५ भाषापाठ्यक्रमको ढाँचा

विषयको प्रकृति अनुसार हरेक पाठ्यक्रमको आआफ्नै प्रकारको ढाँचा हुन्छ । भाषिक सिपको विकास गर्ने हेतुले निर्माण गरिएका भाषापाठ्यक्रको ढाँचामा विशेष गरी निम्नलिखित तत्त्वहरू पर्दछन् । यस विषयमा विभिन्न विद्धानहरूले निम्नानुसार चर्चा गरेका छन् । माधवप्रसाद पौडेलको भाषापाठ्यक्रम , पाठ्यपुस्तक तथा शिक्षण पद्धति नामक पुस्तकमा पाठ्यक्रममा हुनुपर्ने तत्त्वहरूलाई पाठ्यांश वा पाठ्यक्रमको शीर्षक, पाठ्यांश वा पाठ्यक्रमको परिचय, पाठ्यांश वा पाठ्यक्रमका उद्देश्यहरू, पाठ्यवस्तु वा त्यसको विवरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्दर्भपुस्तक भनी पाठ्यक्रमका तत्त्वहरूलाई उल्लेख गरिएको छ भने मूल्याङ्कन प्रक्रियामा पनि सामयिक परीक्षा र कक्षा कार्य समेत समेटिएको छ (पौडेल, २०६९ :९०) । त्यसैगरी शान्तिप्रसाद ढकालको पुस्तक प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाममा पाठ्यक्रमका तत्त्वहरूलाई पाठ्यक्रमको परिधीय संरचना र पाठ्यक्रमको आन्तरिक संरचना भनेर दुई भागमा विभाजन गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । पाठ्यक्रमको परिधीय संरचना अन्तर्गत पाठ्यांश शीर्षक र पाठ्यांश वा परिचय भनेर त्यसको गहिराईसम्म पुगेर अध्ययन विश्लेषण गरिएको छ र पाठ्यक्रमको आन्तरिक संरचना अन्तर्गत पाठ्यक्रमका उद्देश्य, पाठ्यवस्तु र त्यसको विवरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्र्दभ पुस्तकलाई राखेर व्याख्या विश्लेषण गरिएको छ (ढकाल, २०७० : १८७ - १९०) । भााषा पाठ्यक्रम निर्माण गर्दा आवश्यक पर्ने महत्त्वपूर्ण अवयवहरूलाई अर्थात भागहरूलाई भाषापाठ्यक्रम का अङ्गहरू भनिन्छ । भाषापाठ्यक्रम  निर्माण गर्दा समावेश गरिएको विभिन्न पक्षहरूलाई

भाषापाठ्यक्रम  निर्माणका आधारहरू समेत भनिन्छ । विद्वानहरूले फरक फरक तरिकाले पाठ्यक्रमका तत्त्वहरूलाई वर्गिकरण गरेता पनि समष्टिमा भाषापाठ्यक्रम का तत्त्वहरू निम्नानुसार रहेका छन् : पाठ्यांश शीर्षक, पाठ्यांश परिचय, उद्देश्य (साधारण उद्देश्य र विशिष्ट उद्देश्य), विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन र सन्दर्भ सामग्री ।

(क) **पाठ्यक्रम शीर्षक**

पाठ्यांश शीर्षक पाठ्यक्रमको महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । पाठ्यांश शीर्षक पाठ्यक्रमको सबैभन्दा अग्र भागमा रहन्छ र यो नै भाषापाठ्यक्रम को शीर्ष सूचना हो । यो पदावलीका रूपमा हुन्छ तर आफैमा पूर्ण, स्पष्ट, छोटो र सूचनामूलक हुन्छ । शीर्षकबाटै पाठ्यक्रमको नाम, तह, कक्षा, प्रकार वा प्रकृति आदिको सामान्य सूचना प्राप्त हुन्छ । पाठ्यक्रमको शीर्षकका साथ त्यसको प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, साप्ताहिक पाठ्यभार, विश्लेषण, मूल्याङ्कन र निर्माणका आधार एवम् प्रक्रिया वा दैनिक पिरियड भार, वार्षिक भार, शिक्षणीय समय घण्टा, शिक्षणीय तह वा कक्षा र वर्ष आदि शीर्ष सूचनाहरू उल्लेख गरिएका हुन्छन् । शीर्षक हेर्ने बित्तिकै पाठ्यांश वा पाठ्यक्रमको नाम, तह, कक्षा वा तहको थाहा हुन्छ । त्यस्तै सैद्धान्तिक वा प्रयोगात्मक किसिम, अनिवार्य, ऐच्छिक एवम् थप ऐच्छिक प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, कोड नं. वा पाठ्यांश/पाठ्यक्रम नं. वार्षिक शिक्षणीय समय, प्रतिहप्ता वा हरेक दिनको पिरियड भार आदि आधारभूत सूचनाहरू दिइएको हुन्छ (पौडेल, २०६९ : ८८, ८९) । त्यसैले भाषापाठ्यक्रम  निर्माण गर्दा उपर्युक्त सबै सूचनाहरू रहने गरी शीर्षक व्यवस्था मिलाइनु आवश्यक हुन्छ ।

(ख) **पाठ्यक्रम परिचय**

भाषापाठ्यक्रम को दोस्रो तत्त्वका रूपमा 'पाठ्यांश वा पाठ्यक्रमको परिचय' रहेको हुन्छ । यसमा शीर्ष सूचना भन्दा अलि विस्तृत सूचना दिइएको हुन्छ । शान्तिप्रसाद ढकालको प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम पुस्तकमा यसलाई पाठ्यक्रमको परिधीय संरचना भित्र राखेर व्याख्या गरिएको छ (ढकाल, २०७० : १८७) । यो सङ्क्षिप्त हुन्छ, तापनि यो प्रयाप्त जानकारी प्रदान गर्न सक्ने स्तम्भ हो । भाषापाठ्यक्रमको शीर्षकले प्रदान गर्ने सूचना भन्दा केही भिन्न र विस्तृत सूचना यसले प्रदान गर्दछ । आवश्यक ठानिएका एक दुई अनुच्छेदमा उक्त पाठ्याशं वा पाठ्यक्रम लागु हुने तह वा कक्षा, पढ्ने विद्यार्थीको अपेक्षित भाषिक पृष्ठभूमि, प्रयोजन (पहिलो भाषिक, दोस्रो भषिक, सामान्य, विशिष्ट आदि) आदि

कुराहरूको परिचयात्मक जानकारी गराइएको हुन्छ । यसका साथै पाठ्यांश वा पाठ्यक्रम निर्माणका क्रममा अपनाइएका विधि र प्रक्रिया, प्रस्तुति ढाचाँ, उल्लेख्य विशेषता र सीमाहरूको पनि संक्षिप्त तर प्रयाप्त जानकारी यस स्तम्भमा गराउन सकिन्छ । पाठ्यांशको परिचय प्राक्कथनका रूपमा रहने भएकाले यसमा सम्बन्धित पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थाप्रति आभार व्यक्त गरिनुका साथै उक्त पाठ्यक्रममा विद्यमान रहेका कमी कमजोरी सुधारका लागि औपचारिक आग्रह पनि गर्न सकिन्छ । यस स्तम्भबाट सम्बन्धित पाठ्यक्रमका सीमा, विशेषता, गन्तव्य उद्देश्य र दिशाहरूको आकलन गर्न सकिन्छ (पौडेल, २०६९ : ८९) । यसर्थ भाषापाठ्यक्रम  निर्माण गर्दा ‘पाठ्यांश परिचय’ लाई यथेष्ट सूचनामूलक बनाएर प्रस्तुत गरिनु पर्छ तर परिचयका नाममा अनावश्यक कुराहरूको लामो प्रस्तुतिले अलमल्याउनु चाहिँ उपयुक्त मानिदैंन ।

उपयुक्त तथ्यहरूको पर्याप्त वा अपर्याप्त प्रस्तुतिका आधारमा कुनै पनि भाषापाठ्यक्रमको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । यसर्थ भाषापाठ्यक्रम मा प्रस्तुत गरिने परिचय स्तम्भलाई विद्यालय र क्याम्पस तहका पाठ्यवस्तुको शीर्षक बुँदामा समेटिएका कुराहरूले पनि पाठ्यक्रमको परिचय दिन्छन् । यी शीर्षकहरू जनाउने कुराहरूमा भूमिका खण्ड, विषयसूची खण्ड र परिचय खण्ड पर्दछन् ।

**(ग) उद्देश्य**

पाठ्यक्रममा हुनु पर्ने प्रमुख तत्त्वहरू मध्य सबैभन्दा महत्त्वपूर्ण तत्त्व उद्देश्य हो । पाठ्यक्रमको गुणात्मकतालाई जनाउने प्रमुख तत्त्व उद्देश्य हो । उद्देश्यलाई भाषापाठ्यक्रमको अपेक्षा मानिन्छ  उद्देश्यकै आधारमा पाठ्यक्रमका क्रियाकलापले निर्देशन प्राप्त गर्ने हुदाँ पाठ्यक्रम विकासका क्रममा लक्ष्य तथा उद्देश्यहरू स्पष्ट रूपले निर्धारित हुनुपर्दछ । विद्यार्थीहरूमा हासिल हुनु पर्ने भाषा सम्बन्धी दक्षता र योग्यताको क्रमबद्ध एवम् बुँदागत सूचनाहरू उद्देश्य खण्डमा दिइएको हुन्छन् । स्पष्ट रूपले उल्लेख गरिएको शैक्षिक उद्देश्यले शैक्षिक कार्यक्रमलाई लक्षित दिशामा लैजान र शिक्षण सिकाइमा प्रभावकारिता ल्याई उपलब्धी एवम् मूल्याङ्कन समेत गर्न सक्दछ । भाषापाठ्यक्रममा पनि उद्देश्य महत्त्वपूर्ण खण्ड हो । विद्यार्थीहरूले खास तहमा के कति भाषा सिक्ने,के कस्ता भाषीक सिप सिक्ने भन्ने कुराहरूको क्रमवद्ध र बुँदागत सूचनाहरू यसमा राखिएको हुन्छ । त्यसैले पाठ्यक्रम निर्माणमा उद्देश्यलाई सबैभन्दा पहिलो र महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ ( पौडेल, २०६९ : ३) । उद्देश्यलाई दुई भागमा विभाजन गरिन्छ :

(अ) **साधारण उद्देश्य**

साधारण उद्देश्य भन्नाले कुनै पनि विषयको वा तहको अध्ययन पूरा गरिसकेपछि त्यस विषय वा तहको शिक्षार्थीले धारण गर्नु पर्ने कुरा वा त्यस भित्रका व्यावहारिक ज्ञानलाई बुझाउँदछ (सिंह, २०६६ : ५३) । साधारण उद्देश्य भन्नाले सामान्य वा मोटामोटी रूपमा उल्लेख गरिने उपलब्धिलाई बुझिन्छ । विशेष पक्षको किटान नगरी सबैलाई समेट्ने गरी व्यापक उद्देश्य राखिएको हुन्छ, त्यस्ता उद्देश्यमा विषयवस्तुको खास किटान गरिएको हुदैंन । समग्रतालाई आत्मसाथ गरिएको हुन्छ । यसमा सम्पूर्ण पाठलाई समेट्ने गरी उद्देश्य राखिएको हुन्छ । त्यो नै साधारण उद्देश्य हो । कुनै विषयको एक वर्षको एक तहको पाठ्यक्रम क्रियाकलाप सञ्चालन पश्चात् सिकारूमा के कति परिवर्तन ल्याउन खोजिएको हो भन्ने उपलब्धिहरूको अपेक्षा गर्नुलाई साधारण उद्देश्य भनिन्छ । साधारण उद्देश्यले त्यस विषयको सबै कुरालाई समेटेको हुन्छ (ऐ., २०६६ : १४८) । यसलाई राष्ट्रिय तहगत र विषयगत उद्देश्यका रूपमा पनि लिइन्छ । साधारण उद्देश्य बनाउँदा सिक्नुपर्ने कुराहरू किटान गरी सहि रूपमा विषय भित्रका सबै कुराहरू समेट्नु पर्दछ ।

(आ) **विशिष्ट उद्देश्य**

कुनै विषय, पाठ वा पाठ्यक्रमको सिकाइ क्रियाकलाप पश्चात सिकारूले निश्चित रूपमा यी र यस्ता ज्ञान, सिप धारणा हासिल गर्न सक्छन् भनी किटान गरेर बनाइएको उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ, अर्थात शिक्षण सिकाइको अन्त्यमा अपेक्षित गरिएको उपलब्धिलाई नै विशिष्ट उद्देश्य भनिन्छ । यो मापन योग्य हुन्छ ।

विशिष्ट उद्देश्य ज्ञान, सिप र अभिवृद्धि विकाससँग सम्बन्धित हुन्छ । यसलाई अर्को शब्दमा व्यावहारिक उद्देश्य पनि भनिन्छ । कुनै विषय वा पाठको सिकाइ पश्चात निश्चित रूपमा यो-यो र यस्ता-यस्ता ज्ञान र सिपहरू प्राप्त गर्न सकिने गरी उद्देश्यहरूको किटान गर्न सक्नुलाई विशिष्ट उद्देश्य भनिन्छ । विषय, एकाइ वा पाठको समाप्ति पछि विद्यार्थीहरू कस्ता कस्ता कुराहरू गर्न, भन्न, लेख्न, चिन्न, छुट्याउन, बयान गर्न, विश्लेषण गर्न सक्छन् भन्ने कुराहरू किटानसाथ उद्देश्यको निर्माण निर्धारण गर्नु पर्दछ । तसर्थ विशिष्ट उद्देश्य मापनीय हुनुपर्दछ । विशिष्ट उद्देश्यले नै सिकारूको सिप र सिकाइ क्षमताको मापन गर्नु पर्दछ । उद्देश्य निर्माणमा सुझबुझ र सावधानी अपनाउन सकिएन भने सम्पूर्ण पाठ्यक्रम अधुरो र अपुरो हुन जान्छ (ढकाल, २०७० : १९१) । पाठ्यक्रमले निर्देश गरेबमोजिम

शिक्षकहरूले कुन कुन विषय वा पाठलाई कसरी पढाउने, सिकाइ कति गहिराइसम्म जाने, पाठ्यभार अनुसार कुन-कुन शिक्षण विधि अपनाउने, कस्ता कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कति समय लगाएर पढाउने, विद्यार्थीले केके ज्ञान र सिप सिक्ने, विद्यार्थीले सिकेको ज्ञान र सिपको मूल्याङ्कन विधि के अपनाउने आदि सबै पक्षहरू समावेश भएको शैक्षिक योजनालाई सफल बनाउन विशिष्ट उद्देश्यको आवश्यकता पर्दछ ।

(घ) **विषयवस्तु र त्यसको वितरण**

पाठ्यक्रमको दोस्रो महत्त्वपूर्ण तत्त्वका रूपमा भाषिक विषयवस्तु र त्यसको वितरण हो । पाठ्यक्रम निर्माण गर्दा उद्देश्य निर्धारण गरिसकेपछि विषयवस्तु छनोट गरिन्छ । यसैलाई अर्को शब्दमा पाठ्यवस्तु भनिन्छ । सिकारू वा विद्यार्थीबाट चाहेको व्यवहार प्रर्दशन गराउन सक्ने विषयको सिलसिलावद्ध वा क्रमवद्ध सूचीलाई विषयवस्तु वा पाठ्यवस्तु भनिन्छ । पाठ्यक्रमले निर्धारित गरेको सिकाइ उपलब्धिलाई वा ज्ञान सिपलाई पाठ्यवस्तुका माध्यमले विद्यार्थीमा हस्तान्तरित गरी उनिहरूको व्यवहारमा परिवर्तन ल्याउने गरिन्छ (सिंह, २०६६ : ५८) । पाठ्यवस्तु उद्देश्य अनुकूल सिकारूको आवश्यकता, स्तर, क्षमता, मूल्य, मान्यता तथा मनोवैज्ञानिक रूचि अनुसार उपयोगी र वस्तुनिष्ट हुनुर्पछ । सिकाइलाई उद्देश्यमा पुऱ्याउने माध्यम नै विषयवस्तु हो । विषयवस्तुकै माध्यमबाट भाषिक सिप र ज्ञान प्राप्त गरिन्छ । विषयवस्तु विविध क्षेत्रबाट छनोट र स्तरण गरिनुपर्छ । यसमा छनोटकर्ताको प्रभाव पर्नु हुँदैन । सिकाइ उपलब्धी निर्धारण गरिसकेपछि ती उद्देश्य प्राप्त गर्ने विषयगत ज्ञानको संसारबाट कुन तहमा, कुन कक्षामा, के ज्ञान, सिप र अनुभव कसरी छनोट र संगठित गर्ने भन्ने कुराको निर्णय पाठ्यक्रम निमार्ताले गरेको हुन्छ । विषयवस्तु छनोट गर्दा विषयको प्रकृति, सिकारूको रूचि, क्षमता र आवश्यकता, समाजको आवश्यकता, ज्ञानको विष्फोटन, विज्ञान प्रविधिको आविष्कार, देशको राजनीति, सामाजिक र साँस्कृतिक पृष्ठभूमि जस्ता पक्षलाई विचार पुऱ्याइएको हुन्छ । पाठ्यक्रममा समावेश हुने विषयवस्तु प्रमाणिक हुनुका साथै उद्देश्य अनुरूप हुनुपर्दछ तथा यसले समसामयिक वैज्ञानिक ज्ञानलाई प्रतिबिम्बित गर्नु पर्दछ (ऐ., २०६६ : १५७) । अन्य विषयका पाठ्यक्रममा सबै प्रकारका विद्यार्थीहरूलाई एउटै किसिमका पाठ र विषयवस्तु छनोट गरिएका हुन्छन् भने भाषापाठ्यक्रम मा पहिलो भाषी, दास्रो भाषी र विदेशी भाषी विद्यार्थीका निम्ति अलग-अलग प्रकारका पाठ प्रकृतिहरू छनोट योग्य मानिन्छन् (पौडेल, २०६९ : ८) । विषयवस्तुको प्रस्तुतिका सँगसँगै तिनका भाषिक अपेक्षा, शिक्षणीय समय भार, अङ्कभार, तल्लो र माथिल्लो तह वा कक्षासँगको सापेक्षता

आदि कुराहरूको विस्तृत विवरण दिइएको हुन्छ । भाषापाठ्यक्रम  निर्माण अथवा त्यसको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा उपयुक्त विभिन्न कुराहरूको ख्याल गर्न अति आवश्यक हुन्छ । अतः सिकारूको रूचि, उमेर, तह र समयको आवश्यकता अनुसार पाठ्यक्रममा समावेश गरेको मुख्य तत्त्व नै विषयवस्तु हो ।

**(ङ) शिक्षण विधि**

पाठ्यक्रमको अर्को महत्त्वपूर्ण तत्त्व शिक्षण क्रियाकलाप पनि हो । सिकारूको ज्ञान, सिप वृद्धि भई उसको व्यवहारमा आउने परिवर्तन सिकाइ हो । पाठ्यवस्तुलाई उद्देश्य अनुरूप बनाउन यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । विषयवस्तु प्रस्तुतिको माध्यम विधि हो । विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन शिक्षकले निर्वाह गर्नु पर्ने भूमिका र विद्यार्थीलाई गराउने कार्यकलापलाई नै शिक्षण प्रक्रिया भनिन्छ (ढकाल, २०७३ : ४४) । शिक्षण प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीमा अपेक्षित उपलब्धी हासिल गराउनु हो । शिक्षक यसमा पथ प्रर्दशक मात्र रहेको छ । भाषिक सामग्रीहरूको उपयोग र शिक्षण प्रभावकारिता सम्बन्धी सूचनाका साथै विद्यार्थी र शिक्षक कार्यकलाप तथा विविध शिक्षण योजनाको प्राप्त सूचना दिइनुपर्छ । शिक्षकले विषयवस्तुको मर्म, कक्षाकोठाको अवस्था र विद्यार्थीको स्तर अनुसारको शिक्षण विधि अपनाउनु पर्दछ । भाषा शिक्षणको मर्म र अपेक्षालाई ध्यानमा राखेर व्यावहारिक ढाँचामा प्रदान गर्ने प्रमुख भूमिका शिक्षण प्रक्रियामा निर्भर हुने हुनाले यसको उपयुक्त र वैज्ञानिक निर्देशन एवम् सूचना भाषापाठ्यक्रम मा प्रस्तुत गरिनुपर्दछ (भण्डारी, २०६९ : ९१) । विद्यार्थीको तह, कक्षा, स्तर, रूचि, क्षमता, विषयवस्तुको प्रकृति आदि कुराका साथै भाषा सिकाइको मूल मन्त्रलाई मध्यनजर गरी विद्यार्थी केन्द्रित क्रियाकलाप र अध्ययनमूखी शिक्षण विधि र प्रक्रिया छनोट गरी पठनपाठन गराउनु पर्दछ । शिक्षण प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीमा ज्ञान अभिवृद्धि तथा सिपको विकास गरी व्यवहारमा परिवर्तन ल्याउनु हो । पाठ्यक्रमको यो भागमा कक्षा कोठामा के कस्तो क्रियाकलाप कसरी गराउने, कुन माध्यम, विधि, तौरतरिका, कला कौशल र पद्धतिबाट विषयवस्तुहरू विद्यार्थीसम्म पुऱ्याउने भन्ने कुरा पर्दछन् (सिंह, २०६६ : १५८) । शिक्षण प्रक्रियामा के कस्ता विषयवस्तुलाई कसरी शिक्षण गरेमा सिकाइ रूचिपूर्ण, सरल, प्रभावकारी हुन्छ र अपेक्षित उद्देश्य कति मात्रामा पुरा गर्न सकिन्छ भन्ने कुराको यथेष्ट जानकारी यसमा गराइएको हुन्छ । के कस्ता शिक्षण विधि र प्रविधिहरूको प्रयोग गर्ने, विद्यार्थीले के कस्ता कार्यकलापमा भाग लिने, शिक्षकले के गर्ने तथा अन्य विविध शिक्षण गतिविधिसँग सम्बन्धित कुराहरू यस स्तम्भमा विस्तृत

ढङ्गले प्रस्तुत गरिएका हुन्छन् (शर्मा र पौडेल, २०६८ : ६२,६३) । उद्देश्य अनुसारको पाठ्यवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउन आवश्यक सिकाइ, शैली, शिक्षण नमूना, सिकाइका सिद्धान्त, योजनावद्ध शिक्षण र सिकाइलाई सरल र अर्थपूर्ण बनाउने उपायहरूको निर्देशन शिक्षण क्रियाकलापमा उल्लेख गरिएको हुन्छ । शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि एउटा असल शिक्षकले विद्यार्थीको रूचि र मनोविज्ञानका आधारमा शिक्षण सामग्रीको प्रयोग गर्नु पर्दछ ।

(च) **मूल्याङ्कन**

कुनै पनि विषयवस्तुका बारेमा गरिने लेखाजोखा नै मूल्याङ्कन हो अथवा कुनैपनि कार्यको अन्त्यमा उपलब्धी कति भयो भनेर गरिने लेखाजोखा नै मूल्याङ्कन हो । भाषापाठ्यक्रममा मूल्याङ्कनको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । यसले कार्यलाई उद्देश्यमा पुऱ्याउन मद्दत गर्दछ । दैनिक कक्षाका वा गृहकार्यका रूपमा भाषा शिक्षणमा मूल्याङ्कन अभिन्न अङ्ग भएर आएको हुन्छ । मूल्याङ्कनले पाठ्यक्रमको सफलता तथा परिवर्तनमा निर्णायक भूमिका खेल्ने भएकाले यसलाई एक अनिवार्य तत्त्वका रूपमा लिइन्छ । पाठ्यक्रमका सन्दर्भमा पाठ्यक्रमको उद्देश्य अनुरूप विषयवस्तुको छनोट हुने, विषयवस्तु अनुसार शिक्षण सामग्री र क्रियाकलाप निर्धारण हुने भएकाले पनि सबै पक्षमा निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ ।

शिक्षण सिकाइबाट प्राप्त उपलब्धिहरू विद्यार्थीमा अपेक्षा गरे अनुसार छन् वा छैनन् अथवा उद्देश्य प्राप्त हुन सक्यो वा सकेन भन्ने कुरा लगायत शिक्षण सिकाइ क्रियाकलाप शैक्षिक सामग्री र उद्देश्य एवम् विषयवस्तुकै उपयुक्तताको परीक्षण गर्ने कार्य मूल्याङ्कनले गर्दछ । भाषापाठ्यक्रम मा भाषिक मूल्याङ्कनमा विभिन्न प्रक्रिया र विधि प्रविधिहरू उल्लेख गरिनुपर्छ । आन्तरिक, बाह्य, निर्माणात्मक, निदानात्मक मूल्याङ्कन, आवधिक/सामयिक परीक्षा, प्रयोगात्मक परीक्षा र कक्षा कार्य र गृहकार्य तथा परियोजना कार्य सम्बन्धी मूल्याङ्कनात्मक विधि र प्रविधिका सूचना पाठ्यक्रममा दिइनु पर्छ । शैक्षणिक उद्देश्यहरू अथवा अपेक्षित उपलब्धिहरू कति मात्रामा हासिल भए भन्ने कुराको निर्धारण गर्न, जानकारी सङ्कलन गर्न, विश्लेषण गर्ने र अभिव्यक्ति गर्ने एउटा क्रमवद्ध प्रक्रियालाई नै मूल्याङ्कन भन्नु पर्दछ (ढकाल, २०७३ : ४५) । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो र यसकै निरन्तरताले विषयवस्तु र तिनका शिक्षण प्रक्रिया कतिका प्रभावकारी भए, अपेक्षित उपलब्धीहरू हासिल हुन सके सकेनन् आदि कुराहरूको हेक्का प्राप्त भइरहेको हुन्छ र

त्यसमा आवश्यक सुधार र परिर्माजनको अपेक्षित अवधारणा र व्यवहार विकासमा पनि मद्दत पुऱ्याउँछ (शर्मा र पौडेल, २०६८ : ६३) । सिकाइलाई मजबुत गर्न भाषा सिकाइका कमि कमजोरी हटाउन सिकाइमा पृष्ठपोषण प्रदान गर्न शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास गर्न मूल्याङ्कन ज्यादै उपयोगी हुन्छ । विद्यार्थीको वास्तविक सिप र ज्ञानको मूल्याङ्कन गर्न सक्नु पर्दछ । पाठ्यक्रम एउटा योजनावद्ध कार्यक्रम भएकाले निरन्तर मूल्याङ्कन अनुगमन बिना यसको उचित सफलताको कल्पना गर्न सकिदैन । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो र यसकै निरन्तरताले विषयवस्तु र तिनका शिक्षण प्रक्रिया प्रभावकारी भए वा भएनन्, अपेक्षित उपलब्धि हासिल हुन सके वा सकेनन् आदि कुराको हेक्का प्राप्त भई रहेको हुन्छ र त्यसमा आवश्यक सुधार र परिमार्जनको अपेक्षित अवधारणा र व्यवहार विकासमा पनि मद्दत पुऱ्याउँछ (पौडेल, २०६९ : ९) । यसका साथै पाठ्य विषयवस्तु, पठनपाठन गतिविधि, सामग्रीगत प्रभावकारीता तथा उद्देश्यगत व्यावहारिकता र स्तरयुक्तता समेतको लेखाजोखा गरेर शिक्षण सिकाइ गतिविधिलाई र अझ पाठ्यक्रमलाई पृष्ठ पोषण दिने महत्त्वपूर्ण स्तम्भका रूपमा मूल्याङ्कन प्रक्रिया रहेको हुन्छ ।


**(छ) सन्दर्भ सामग्री**

पाठ्य पुस्तक भनेको पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य तथा उद्देश्यसम्म पुग्न आवश्यक शिक्षण क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख लिखित सामग्री हो । पाठ्य पुस्तक खास गरी पाठ्यक्रमले तोकेको विषयमा भाषिक, वैषयिक, विकासलाई ध्यानमा राखी तयार गरिएको भएकाले यसले शिक्षार्थीलाई सम्बन्धित विषयमा गृहकार्य गर्ने, अभ्यास गर्ने, पुनरावृत्ति गर्ने जस्ता कार्यमा सहयोग पुऱ्याउँछ । शिक्षकले पाठ्य पुस्तकको सहयोग लिएर अध्यापन योजनको तर्जुमा गरी शिक्षार्थीलाई पाठ्यक्रमले तोकेको उद्देश्यको विन्दुसम्म पुऱ्याउने भएकाले यसको महत्त्व उच्च रहेको छ । भाषिक बोध तथा अभिव्यक्तिगत क्षेत्रमा प्रयुक्त विविध सन्दर्भका निम्ति सहयोग पुऱ्याउने पुस्तक नै सहयोगी पुस्तक हो । सन्दर्भ पुस्तक गहन अध्ययनसँग सम्बन्धित नभई द्रुत पठनसँग सम्बन्धित हुन्छ । भाषिक सिप र सक्षमता आर्जनका निमित्त सहयोग पुऱ्याउने यस्ता पुस्तकहरूले विद्यार्थीमा बोध तथा अभिव्यक्तिपरक क्षमताको अभिबृद्धि गराउनका साथै पठन प्रति अभिरूचि जागृत गराउने भएकाले उपयुक्त किसिमका सन्दर्भ पुस्तकहरू पाठ्यक्रममा समावेश गर्नु उचित ठानिन्छ ( ढुङ्गेल र दाहाल, २०७३, पृ. ६३) ।

उपर्युक्त प्रमुख स्तम्भ बाहेक विषय वस्तुगत अङ्कभार र समयभार शीर्ष सूचना, पाठ्यपुस्तक तथा सहायक वा पुरक सामग्री सम्बन्धी सूचना पनि पाठ्यक्रममा रहन्छन् । यी सम्पूर्ण तथ्यहरूको आधारमा के भन्न सकिन्छ भने पाठ्यक्रम भनेको कुनै पनि औपचारिक वा अनौपचारिक शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्ने एउटा सुव्यवस्थित योजना, दर्शन र कार्यक्रम हो जो विषयगत, तहगत र कक्षागत दृष्टिले बेग्लाबेग्लै किसिमको हुन्छ समग्रमा भाषापाठ्यक्रम र अन्य विषयका पाठ्यक्रममा व्यापक विविधता र विशिष्टता रहेको हुन्छ । यसरी भाषापाठ्यक्रम  निर्माणमा मूल्याङ्कन प्रक्रियाका सूक्ष्म कुराहरूको निर्देशन र व्यवस्थापन गरिनु आवश्यक छ । यी कुराहरूको गहन अध्ययन गरी कुनै पनि भाषापाठ्यक्रम को प्रभावकारिता र अप्रभावकारिताको मूल्याङ्कन गर्न आवश्यक छ ।

## २.३ अवधारणात्मक खाका

स्नातकोत्तर तहको सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) को पाठ्यक्रमको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ। प्रस्तुत अध्ययनको अवधारणात्मक खाका निम्नानुसार रहेको छ :



# अध्याय : तीन
# अनुसन्धान विधि र प्रक्रिया

## ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन पूरा गर्नका  लागि म.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१)बिचमा पाठ्यक्रमका विशेषताहरूको खोजी गरी समानता तथा असमानताका आधारमा तार्किक विश्लेषण गरिने भएकाले गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत अध्ययनमा मध्यपश्चिम विश्वविद्यालय शिक्षाशस्त्र सङ्काय स्नातकोत्तर तहको नेपाली विषयका पाठ्यक्रम र सुदुर पश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहका नेपाली विषयका सम्पूर्ण पाठ्यक्रम अध्ययनका जनसङ्ख्या रहेका छन् । यी जनसङ्ख्याबाट सम्भावनारहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यमूलक नमूना छनोट विधिको उपयोग गरी म.प.वि. कोसामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) पाठ्यक्रमलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ   ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यो अध्ययन पाठ्यक्रमको विश्लेषणसँग सम्बन्धित भएकाले गुणात्मक प्रकृतिको रहेको छ । प्राथमिक स्रोत तथ्याङ्क मध्यपश्चिम विश्वविद्यालयको स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को नेपाली मनोभाषाविज्ञान (५२१)रहेका छन् भने द्वितीयक प्रकृतिको तथ्याङ्क रूपमा यस शोधमा उपयोग गरिएका शोधपत्र, सम्बन्धित विषयका पुस्तक, आुसन्धानात्मक लेख रहेका छन् ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत शोधमा म.प.वि.को स्नातकोत्तर तहको नेपाली सामाजिक तथा मनोभाषाविज्ञान (५३१) र सु.प.वि.को सामाजिक र मनोभाषाविज्ञान (५२१) विषयको पाठ्यक्रमबाट सामग्री सङ्कलन गर्न टिपोटपत्र प्रयोग गरिएको छ । पाठ्यक्रमबाट लिइएको तथ्याङ्कको मानकीकरण शोधनिर्देशक, विषयविज्ञबाट गरिएको छ   ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धान शीर्षकमा शोधकार्य गर्दा मूलतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययनबाट उक्त पाठ्यक्रमको तुलनात्मक अध्ययनका लागि आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । यसमा पुस्तकालयीय अध्ययन, पाठ्यक्रम, सन्दर्भपुस्तक, अप्रकाशित शोधग्रन्थहरू, शोधनिर्देशक र गुरूहरूका सल्लाहरू सुझावहरू अध्ययनका स्रोत बनाइएको छ । पुस्तकालयको अध्ययन गरी यो अनुसन्धानलाई अगाडि बढाइएको छ । दुबै पाठ्यक्रमको अध्ययन गरी तिनलाई विश्लेषण गरिएको छ । आवश्यक पाठ्यपुस्तक, अप्रकाशित शोधग्रन्थबाट पाठ्यक्रमको विश्लेषण गर्ने आधार प्राप्त भएको छ । आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा शोधनिर्देशक र गुरूहरूको सल्लाह बमोजिम प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत शोधकार्यमा शाब्दिक रूपमा सङ्कलित तथ्याङ्कको तार्किक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । पाठ्यक्रमका तत्त्वहरूका आधारमा दुबै पाठ्यक्रमलाई शीर्षक तथा उपशीर्षक तालिकामा राखेर व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अनुसन्धान प्रतिवेदनको ढाँचा निम्नानुसारको रहेको छ :

(क) **पूर्व भाग**

यो शोधपत्रका पहिलो खण्ड रहेको छ । यो खण्डमा मुख पृष्ठ, प्रतिबद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, तालिका सूची र सङ्क्षिप्त शब्द सूची जस्ता औपचारिक अङ्गहरू रहेका छन् ।

(ख) **मूल भाग**

शोधपत्रको महत्त्वपूर्ण भाग मूल भाग रहेको छ । यस खण्डमा अनुसन्धान प्रतिवेदनका अध्याय शीर्षक र उपशीर्षक रहेका छन् । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र शोधपत्रको रूपरेखा उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपादेयताका साथै सम्बन्धित विषयको सैद्धान्तिक अवधारणाका बारेमा उल्लेख गरिएको छ । अध्याय तीनमा

अनुसन्धान विधि र प्रक्रियालाई उल्लेख गरिएको छ। अध्याय चारमा अनुसन्धानबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण अन्तर्गत पाठ्यक्रमको विश्लेषणमा केन्द्रित रहेको छ । अध्याय पाँचमा निष्कर्ष, सुझाव र शैक्षिक प्राज्ञिक प्रयोजनका साथै उक्त शोधमा प्रयोग गरिएका अप्रकाशित शोधपत्र र पाठ्यपुस्तकहरूको सन्दर्भ सूचीलाई समेटिएको छ।

**(ग) उत्तर भाग**

उत्तर भाग नै शोधपत्रको अन्तिम भाग रहेको छ । यस भागमा शोध अध्ययनलाई विश्वसनीय, वैधता र प्रमाणिकता प्रदान गर्न आवश्यक पर्ने सामग्री उल्लेख गरिएको छ। उक्त शोध अध्ययनका यस भागमा परिशिष्ट र व्यक्तिवृत्त उल्लेख गरिएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

उच्च शिक्षामा क्षेत्रीय सन्तुलन कायम गर्नका लागि राज्यले लिएको बहुविश्वविद्यालय नीति अनुरूप वि.सं. २०६७ सालमा मध्यपश्चिम विश्वविद्यालयको स्थापना सुर्खेतमा र सुदूरपश्चिम विश्वविद्यालयको स्थापना महेन्द्रनगरमा भएको हो । विश्वविद्यालय उच्च शिक्षा अध्ययन र अनुसन्धानको गर्ने एक महत्त्वपूर्ण निकाय हो । मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालय एउटै प्रकृतिका विश्वविद्यालय हुन् । मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालय एउटै प्रकृतिका विश्वविद्यालय हुन् ।शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा नेपाली शिक्षा विषय सेमेस्टर प्रणाली अध्यापन हुन्छ । प्रस्तुत अध्ययनमा दुवै विश्वविद्यालयमा अध्ययन हुने भाषापाठ्यक्रमको तुलनात्मक अध्ययन गरिएको छ । मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय (एम.एड.) तेस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम  सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि. ५३१) लागू गरिएको छ भने सुदूरपश्चिम विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय (एम.एड.) दोस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम नेपाली सामाजिक र मनोभाषाविज्ञान (५२१) लागू गरिएको छ  । यी दुवै पाठ्यक्रमहरू स्नातककोत्तर उपाधी हाँसिलका लागि तयार पारिएको हो । प्रस्तुत शोधकार्यमा यी दुई पाठ्यांशको भाषापाठ्यक्रम निर्माण ढाँचाका आधारमा तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ :

## ४.१ भाषापाठ्यक्रमका विशेषता

### ४.१.१ सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि.५३१) का विशेषता

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय (एम.एड.) तेस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि. ५३१) का विशेषताहरू निम्नानुसार रहेका छन् :

- सेमेस्टर प्रणालीमा आधारित रहेको भाषापाठ्यक्रम,
- क्रेडिट आवरका आधारमा शिक्षण हुने ,
- पाठ्यांशको प्रकृति सैद्धान्तिक रहेको,

- यस पाठ्यांशको पाठघन्टी ४८ रहेको,
- पाठ्यांश परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई छुट्टा छुट्टै रूपमा स्पष्टसँग व्यवस्था गरिएको,
- सामाजिक भाषाविज्ञान अन्तर्गत चार एकाइ र मनोभाषाविज्ञान अन्तर्गत चार एकाइ गरी जम्मा आठ एकाइ रहेको,
- सामाजिक तथा मनोभाषाविज्ञानका अधिकांश विषयवस्तुलाई समेट्दै सैद्धान्तिक अवधारणालाई समेत स्पष्ट पारिएको,
- भाषाका विभिन्न भेदको वर्गीकरण र पहिचान गर्ने क्षमताको विकास,
- भाषाको आधुनिकीकरण र मानकीकरणका सन्दर्भमा नेपालको भाषानीति र योजनासम्बन्धी पक्षहरूको वर्णन,
- नेपालको सन्दर्भमा नेपाली भाषाको भूमिका र भौगोलिक सामाजिक स्थितिबारे अवगत,
- भाषा सिकाइका प्रमुख सिद्धान्तको वर्णन गरी भाषाशिक्षणमा मनोभाषाविज्ञानको उपयोग गर्ने क्षमता विकास गर्ने,
- प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरूको उपयोग भएको,
- पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड,
- विषय वस्तुको क्रम सामान्यबाट विशिष्ट, सरलबाट जटिलको क्रममा राखिएको,
- शिक्षक केन्द्रित विधि कम र विद्यार्थी केन्द्रित विधि सकेसम्म बढी प्रयोग गर्न निर्देश गरिएको,
- योजनाबद्ध शिक्षण र शैक्षिक सामग्रीको अधिकतम उपयोग गर्ने उल्लेख गरिएको,
- आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्क निर्धारण गरिएको जसका लागि कक्षा शिक्षणसँगै मूल्याङ्कन गर्नु पर्ने र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्क निर्धारण गरिएको जसका लागि सेमेस्टरको अन्त्यमा परीक्षा प्रणालीले निर्धारण गरेअनुसार हुने उल्लेख गरिएको,

- बाह्य मूल्याङ्कनका लागि वस्तुगत, विषयगत प्रश्नहरूको व्यवस्था गरिएको,
- आन्तरिक मूल्याङ्कनका आधारहरूमा हाजिरी उपस्थिति, गृहकार्य, परियोजना कार्य, रिफ्लेक्सन रिपोर्ट लेखन र लिखित परीक्षामा विभाजन गरिएको,

यसका अतिरिक्त विद्यार्थीले अनिवार्य कक्षा प्रस्तुति गर्नुपर्ने व्ययस्था,अनुसन्धनात्मक लेखरचना प्रकाशन गर्नुपर्ने, सामूहिक कार्य गर्नुपर्ने, बाह्य परीक्षाका लागि पनि मूल्याङ्कनको स्पस्ट व्यवस्था गरिएको, विषयवस्तुको अध्ययनका लागि प्रशस्त पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्था गरिएको जस्ता विशेषताहरू रहेका छन् ।

### ४.१.२ सामाजिक र मनोभाषाविज्ञान(नेपा.शि. ५२१) का विशेषता

सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय (एम.एड.) दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान (नेपा.शि. ५३१) का विशेषताहरू निम्नानुसार रहेका छन् :

- यस पाठ्यक्रमको पाठ्यांश शीर्षक सामाजिक र मनोभाषाविज्ञान रहेको,
- स्नातक तह उत्तीर्ण गरेर एम.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको,
- यस तहको पाठ्यांश सङ्ख्या नेपा.शि.५३१ र यसको प्रकृति सैद्धान्तिक रहेको,
- सेमेस्टर प्रणालीमा आधारित रहेको भाषापाठ्यक्रम,
- सामाजिक र मनोभाषाविज्ञान का अधिकांश विषयवस्तुलाई समेटेको,
- सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका प्रमुख अवधारणाहरूको सविस्तार जानकारी हुने अपेक्षा राखिएको,
- यस पाठ्यक्रमको क्रे.आ. ३ भएको,
- पाठ्यांश परिचय, विशिष्ट उद्देश्य, पाठ्यविषय, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई छुट्टा छुट्टै रूपमा व्यवस्था गरिएको,
- सामाजिक भाषाविज्ञान अन्तर्गत पाँच एकाइ र मनोभाषाविज्ञान अन्तर्गत तीन एकाइ तोकिएको,
- सामाजिक भाषाविज्ञानको विस्तृत परिचय भएको,
- भाषिक भेदहरूको वर्णन,
- भाषा योजनाका स्पष्ट अवधारणा राखिएको,

- नेपालका भाषाहरूको समाजभाषिक स्थिति चर्चा,
- नेपालको भाषा नीति तथा योजनाको चर्चा रहेको,
- मनोभाषाविज्ञानको परिचय,
- भाषा प्राप्ति तथा सिकाइका सिद्धान्तको चर्चा,
- बालभाषा विकासका चरणहरूको वर्णन भएको,
- विषय वस्तुको क्रम सामान्यबाट विशिष्ट, सरलबाट जटिलको क्रममा राखिएको,
- यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिएको,
- शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा जोड दिइएको,
- बोधगम्यताका दृष्टिले विशेषतः नेपाली भाषाका उदाहरणहरूलाई प्राथमिकता दिइएको,
- शिक्षक केन्द्रित विधि कम र विद्यार्थी केन्द्रित विधि सकेसम्म बढी प्रयोग गर्न निर्देश गरिएको,
- योजनाबद्ध शिक्षण र शैक्षिक सामग्रीको अधिकतम उपयोग गर्ने उल्लेख गरिएको,
- आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कनको व्यवस्था गरिएको,
- बाह्य मूल्याङ्कनका लागि वस्तुगत, विषयगत प्रश्नहरूको व्यवस्था गरिएको,
- आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्क निर्धारण गरिएको जसका लागि कक्षा शिक्षणसँगै मूल्याङ्कन गर्नु पर्ने र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्क निर्धारण गरिएको जसका लागि सेमेस्टरको अन्त्यमा परीक्षा प्रणालीले निर्धारण गरेअनुसार हुने उल्लेख गरिएको,
- आन्तरिक मूल्याङ्कनका आधारहरूमापरियोजना कार्य, समस्या समाधान, कक्षा प्रस्तुति, आन्तरिक र बाह्य परीक्षा, कक्षा कार्य र सहभागिता, हाजिरी उपस्थिति, आदिमा विभाजन गरिएको,विषय वस्तुको अध्ययनका लागि प्रशस्त पाठ्यसामग्री र सन्दर्भ सामग्रीको व्यवस्था गरिएको,

यसरी विद्यार्थीले अनिवार्य कक्षा प्रस्तुति गर्नुपर्ने व्यवस्था,अनुसन्धनात्मक लेखरचना प्रकाशन गर्नुपर्ने,सामूहिक कार्य गर्नुपर्ने, बाह्य परीक्षाका लागि पनि मूल्याङ्कनको स्पस्ट व्यवस्था

गरिएको आदि विशेषताहरू रहेका छन् ।

### ४.२ म.प.वि को नेपा.शि. ५३१ र सु.प.वि. को नेपा.शि.५२१ को तुलनात्मक विश्लेषण

प्रस्तुत अध्ययनमा दुवै विश्वविद्यालयमा अध्ययन हुने भाषापाठ्यांशको तुलनात्मक अध्ययन गरिएको छ । मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय (एम.एड.) तेस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम सामाजिक तथा मनोभाषाविज्ञान (नेपा.शि. ५३१) लागु गरिएको छ भने सुदूरपश्चिम विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय (एम.एड.) दोस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम नेपाली सामाजिक र मनोभाषाविज्ञान (५२१) लागू गरिएको छ । यी भाषापाठ्यक्रम २०६९ सालमा लागू गरिएको यो भाषापाठ्यक्रम  नेपाली विषयमा उच्च शिक्षा हाँसिल गर्नका निर्माण गरिएको अनुसन्धानात्मक पाठ्यक्रम हो । स्नातकोत्तर तेस्रो र पहिलो सेमेस्टर उत्तीर्ण गरेर आएका विद्यार्थीहरूलाई नेपाली भाषामा विशिष्टीकृत गर्नका लागि तथा आगामी सेमेस्टरमा भाषा र साहित्य शिक्षणसँग निकट रही गरिने खोज अनुसन्धानको दायरालाई मजबुद र व्यापक बनाउन उक्त पाठ्यक्रम तयार पारिएको हो । यी दुवै पाठ्यक्रमहरू स्नातककोत्तर उपाधी हाँसिलका लागि तयार पारिएको हो । यस शोधकार्यमा यी दुई पाठ्यक्रमको तुलना गरिएको छ । मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान ५३१ र सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा राखिएका मुख्य अवयवहरू पाठ्यांश शीर्षक, पाठ्यांश परिचय, उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, र सन्दर्भ सामग्री जस्ता पाठ्यक्रम निर्माण ढाँचाका आधारमा निम्नानुसार तुलनात्मक विश्लेषण गरिएको छ ।

#### ४.२.१ पाठ्यांश शीर्षकका आधारमा तुलना

पाठ्यक्रमको मुख्य वा पहिलो भाग भनेको पाठ्यांश शीर्षक हो । पाठ्यक्रमको शीर्षकका साथ त्यसको कोड नं., त्यसको प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, साप्ताहिक वा दैनिक पिरियडभार, भाषिक भार, शिक्षणीय समय वा मिनेट, शिक्षणीय तह र वर्ष आदि शीर्ष सूचनाहरू उल्लेख गरिएको हुन्छ (पौडेल, २०७६, पृ. १८०) । यस अध्ययनमा मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान ५३१ र सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह

दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा समावेश गरिएको पाठ्यांश शीर्षकलाई निम्नानुसार तालिकामा राखी तुलनात्मक अध्ययन गरिएको छ :

**तालिका नं. १**

**पाठ्यांश शीर्षकका आधारमा तुलना**

| **सामाजिक तथा मनोभाषाविज्ञान ५३१** | **सामाजिक र मनोभाषाविज्ञान ५२१** |
|---|---|
| पाठ्यांश शीर्षक: सामाजिक तथा मनोभाषाविज्ञान | पाठ्यांश : सामाजिक र मनोभाषाविज्ञान |
| पाठ्यांश सङ्ख्या : नेपा.शि. ५३१ | पा.स. : Nep. Ed. 521 |
| पाठ्यांश प्रकृति :सैद्धान्तिक | पाठ्यांश प्रकृति : सैद्धान्तिक |
| तह : एम.एड. | तह : एम.एड. |
| सत्र : तेस्रो | सेमेस्टर : दोस्रो |
| क्रे.आ. : ३ | क्रे.आ. : |
| प्रतिहप्ता पाठ घण्टी : | प्रति पाठघण्टी : १ घण्टा |
| जम्मा पाठ घन्टी : ४८ | जम्मा पाठ्य घण्टा : ४५ |

माथिको तालिका अनुसार मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान ५३१ रहेको छ । म.प.वि.को पाठ्यक्रमको शीर्षकमा पाठ्यांश शीर्षक, पाठ्यांश सङ्ख्या, पाठ्यांश प्रकृति, तह, सत्र, क्रे.आ., प्रतिहप्ता पाठघण्टी, जम्मा पाठघण्टी जस्ता थप शीर्ष सूचनाहरू समेत रहेका छन् । पाठ्यांश शीर्षकमा सामाजिक तथा मनोभाषाविज्ञान ५३१ लेखिएको छ । यो स्नातकोत्तर तह तेस्रो सेमेस्टरको ऐच्छिक विषयको पाठ्यक्रम भएकाले यसको शीर्षक शीर्षकमा सामाजिक तथा मनोभाषाविज्ञान ५३१ राखिनु उपयुक्त नै छ । पाठ्यांश सङ्ख्या ५३१ उल्लेख गरिएको छ । पाठ्यक्रमको पाठ्यांश प्रकृति सैद्धान्तिक रहेको, तह एम.एड. अर्थात मास्टर्स अफ एजुकेसन छोटो रूप उल्लेख गरिएको छ भने क्रे.आ. ३ उल्लेख गरिएको छ । यस बाहेक पाठ्यांश शीर्षक, पाठ्यांश प्रकृति तह, सत्र, जम्मा पाठ घण्टी ४८ र प्रतिहप्ता पाठघण्टी के कति हो उल्लेख गरिएको छैन ।

सु.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा शीर्षकसँगै सम्बन्धित भएर आउने पाठ्यांश सङ्ख्या तह, सेमेस्टर, पाठ्यांश प्रकृति, जम्मा पाठ घण्टा, प्रति घण्टी जस्ता थप शीर्षक समेत रहेका छन् । यस पाठ्यक्रमको शीर्षकीय सूचनाको रूपमा

सामाजिक र मनोभाषाविज्ञान लेखिएको छ । पाठ्यक्रमको पाठ्यांशमा नेपा.शि. ५२१उल्लेख गरिएको छ । नेपा.शि.को सङ्क्षिप्त शब्दले नेपाली शिक्षालाई सङ्केत गरेको छ । नेपाली शिक्षा विशिष्टीकरण गर्न चाहनेहरूका लागि तयार गरिएको पाठ्यक्रम भएकाले यसलाई सङ्क्षिप्त जनाउँन नेपा.शि. उल्लेख गरिनु सार्थक रहेको छ । यस पाठ्यक्रममा स्नातकोत्तर तहको दोस्रो सेमेस्टरका पाठ्यक्रमहरूको पाठ्यांश सङ्ख्या ५२१, पाठ्यांश सैद्धान्तिक रहेको, तह एम.एड.अर्थात मास्टर्स अफ एजुकेसनको छोटो रूप उल्लेख गरिएको छ । यस पाठ्यक्रममा क्रे.आ. उल्लेख गरिएको छैन ।

यसरी म.प.वि. र सु.प.वि. को पाठ्यक्रमको पाठ्य शीर्षकका आधारमा तुलनात्मक रूपमा अध्ययन गर्दा पाठ्यांशको शीर्षकमा म.प.वि.को र सु.प.वि.कोमा समानता रहेको छ भने पाठयांश सङ्ख्यामा सु.प.वि.को पाठ्यक्रममा अङ्ग्रेजी अक्षरमा : Nep. Ed. 521 लेखिएको र म.प.वि.कोमा नेपाली भाषामा नेपा.शि. ५३१ लेखिएको छ । सु.प.वि.को पाठ्यक्रममा एम. एड. दोस्रो सेमेस्टरमा र म.प.वि.को पाठ्यक्रम एम.एड. तेस्रो सेमेस्टरमा राखिएको छ । क्रेडिट आवरका आधारमा म.प.वि.को पाठ्यक्रममा क्रे.आ.३ भनी उल्लेख गरिएको छ भने सु.प.वि.को पाठ्यक्रममा क्र.आ. तीन भए तापनि यस पाठ्यांश शीर्षकमा उल्लेख भने गरिएको छैन । पाठ घण्टीमा दुवै पाठ्यक्रममा जम्मा पाठघण्टी छुट्याइएको भए तापनि सु.प.वि.को पाठ्यक्रममा पाठ घण्टामा ३ लेखिएको छ । यी दुवै पाठ्यक्रममा पाठ्यांश शीर्षकका आधारमा हेर्दा दुवै पाठ्यक्रम अपूर्ण छन् । दुवैमा पूर्णाङ्क, उत्तीर्णाङ्क, साप्ताहिक वा दैनिक पिरियड भार, भाषिक भार, शिक्षणीय समय वा मिनेटको स्पष्टता छैन । उक्त पाठ्यांशमा दिएको सूचनाका आधारमा नेपा.शि. ५२१ भन्दा नेपा.शि ५३१ मा पूर्णता रहेको छ ।

### ४.२.२ पाठ्यांश परिचय

पाठ्यांश परिचय पाठ्यक्रम निर्माणको दोस्रो अङ्ग हो । यस शीर्षमा सूचना भन्दा अलि विस्तृत सूचना दिइएको हुन्छ । पाठ्यांश परिचय भाषा पाठ्यक्रमको परिधीय संरचनाभित्र पर्ने कुरा हो । यो सङ्क्षिप्त हुन्छ, तापनि यो पर्याप्त जानकारी प्रदान गर्न सक्ने स्तम्भ हो । भाषा पाठ्यक्रमको शीर्षकले प्रदान गर्ने सूचनाभन्दा केही भिन्न र विस्तृत सूचना यसले प्रदान गर्दछ । यसमा भूमिका, विषयसूची, परिचय जस्ता कुराहरू समेटिएको हुन्छ (पौडेल, २०७६, पृ.१८१) । यस पाठ्यांशमा सामाजिक र मनोभाषाविज्ञानसित सम्बद्ध सैद्धान्तिक

अवधारणा स्पष्ट पार्ने अपेक्षा राखिएको छ ।उद्देश्यका लागि तयार पारिएको हो भन्ने कुरा उल्लेख गरिएको छ :

**तालिका नं. २**

**पाठ्यांश परिचयका आधारमा तुलना**

| नेपा.शि. ५३१ को पाठ्यांश परिचय | नेपा.शि. ५२१ को पाठ्यांश परिचय |
|---|---|
| प्रस्तुत पाठ्यांश मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तरगत सेमेस्टर प्रणालीमा आधारित दुई बर्से मास्टर अफ एजुकेसन (एम.एड.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञानसित सम्बद्ध सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने अपेक्षा राखिएको छ । | यो पाठ्यांश स्नातक तह उत्तीर्ण गरेर एम.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसबाट उनीहरूलाई सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका प्रमुख अवधारणाहरूको सविस्तार जानकारी हुने अपेक्षा राखिएको छ । |

म.प.वि. स्नातकोत्तर तहको तेस्रो सेमेस्टरको सामाजिक तथा मनोभाषाविज्ञान विषयको र सु.प.वि. स्नातकोर तह दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान विषय दुवै विषयका पाठ्यक्रम स्नातकोत्तर तहका लागि तयार पारिएको छ । पाठ्यांश परिचयका आधारमा दुवै पाठ्यक्रम पूर्णता रहेको छ ।

### ४.२.३ उद्देश्यका आधारमा तुलना

उद्देश्य पाठ्यक्रमको मुख्य अङ्ग हो । उद्देश्य बिना कुनै पनि काम गर्न असहज हुने गर्दछ । त्यसले अन्य तत्त्वलाई पनि सञ्चालन गरेको हुन्छ । सामान्यतया: उद्देश्य भन्नाले कार्यक्रम कार्यान्वयन पछि अपेक्षा गरिएका उपलब्धिलाई उद्देश्य भनिन्छ । पाठ्यक्रम निर्माणमा उद्देश्यलाई सबैभन्दा पहिलो र महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ (सिंह, २०६७ : ५३) । हरेक पाठ्यक्रममा सर्वप्रथम उद्देश्य निर्धारण गरिएको हुन्छ । शिक्षण सिकाइ उद्देश्यको उत्पत्ति लक्ष्यबाट हुन्छ । एउटा लक्ष्य प्राप्तिका लागि धेरै उद्देश्यहरूको निर्माण गरिन्छ । उद्देश्यका आधारमा नै पाठ्यवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया शिक्षण सामग्रीमा निर्देशित गरिएका हुन्छन् । भाषा सिकेर खास तह र वर्ष पाठ गरिसकेपछि विद्यार्थीहरूमा प्राप्त हुनुपर्ने

ज्ञान, सिप के हो भन्ने कुरा नै उद्देश्य हो । विद्यार्थीहरू हासिल हुनुपर्ने भाषा सम्बन्धित सम्पूर्ण सूचनाहरूमा उद्देश्य खण्ड दिइएको हुन्छ । उद्देश्यहरू दुई प्रकारका छन् । ती हुन् साधारण उद्देश्य र विशिष्ट उद्देश्य । यी दुवै पाठ्यक्रम उद्देश्यका आधारमा विश्लेषण गरिएको छ ।

**(क) साधारण उद्देश्य**

कुनै विषयको पठनपाठन पछि विद्यार्थीहरूले के के कुरा सिक्दछन् भन्नुलाई साधारण उद्देश्य भनिन्छ । साधारण उद्देश्य भन्नाले कुनै पनि विषयको वा तहको अध्ययन पुरा गरिसकेपछि त्यस विषय वा तहको धारण गर्नु पर्ने कुरा वा त्यसभित्रका व्यवहारिक ज्ञानहरूलाई बुझाउँछ (सिंह, २०६७ : ५३) । यहाँ सामाजिक तथा मनोभाषाविज्ञान ५३१ र ५२१ को पाठ्यक्रममा साधारण उद्देश्यको तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ ।

**तालिका नं. ३**

**उद्देश्यका आधारमा तुलना**

| नेपा.शि. ५३१ को साधारण उद्देश्य | नेपा.शि. ५२१ को साधारण उद्देश्य |
|---|---|
| • सामाजिक भाषाविज्ञानसित सम्बद्ध विषयका बारेमा जानकारी गर्ने,<br>• भाषाका विभिन्न भेदको वर्गीकरण र पहिचान गर्ने क्षमताको विकास गर्ने,<br>• सामाजिक सांस्कृतिक सापेक्षतामा मौखिक अभिव्यक्तिका विविध पक्षबारे परिचित हुने<br>• भाषाको आधुनिकीकरण र मानकीकरणका सन्दर्भमा नेपालको भाषानीति र योजनासम्बन्धी पक्षहरूको वर्णन गर्ने क्षमता वृद्धि गर्ने,<br>• नेपालको सन्दर्भमा नेपाली भाषाको भूमिका र भौगोलिक सामाजिक स्थितिबारे अवगत परिचित हुने,<br>• मनोभाषाविज्ञानका आधारभूत अवधारणाको विकास गर्ने, | यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्न लिखित कुरामा सक्षम हुने छन् :<br>क) सामाजिक भाषा विज्ञानको परिचय दिन<br>ख) भाषिक भेदहरूको वर्णन गर्न<br>ग) भाषा योजनाका अवधारणाको चर्चा गर्न<br>घ) नेपालका भाषाहरूको समाज भाषिक स्थिति आकलन गर्न<br>ङ) नेपालको भाषा नीति तथा योजनाको चर्चा गर्न<br>च) मनोभाषा विज्ञानको परिचय दिन<br>छ) भाषा प्राप्ति तथा सिकाइका सिद्धान्तको चर्चा गर्न<br>ज) बालभाषा विकासका चरणहरूको वर्णन गर्न |

| | |
|---|---|
| • भाषा सिकाइका प्रमुख सिद्धान्तको वर्णन गरी भाषाशिक्षणमा मनोभाषाविज्ञानको उपयोग गर्ने क्षमता विकास गर्ने । | |

माथि उल्लेखित तथ्याङ्क अनुसार म.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान विषयमा साधारण उद्देश्य ७ वटा राखिएका छन् भने सु.प.वि.को पाठ्यक्रममा ८ वटा साधारण उद्देश्य राखिएको छ । यसरी हेर्दा म.प.वि.को पाठ्यक्रममा भन्दा सु.प.वि.को पाठ्यक्रममा साधारण उद्देश्य एकवटा बढी राखिएको छ । म.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान विषयमा साधारण उद्देश्य भनेर किटान गरिएको छ भनेसु.प.वि.को पाठ्यक्रममा उद्देश्यमात्र भनिएको छ ।

म.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा साधारण उद्देश्य अन्तर्गत सामाजिक भाषाविज्ञानसित सम्बद्ध विषयका बारेमा जानकारी गर्ने, भाषाका विभिन्न भेदको वर्गीकरण र पहिचान गर्ने क्षमताको विकास गर्ने, सामाजिक सांस्कृतिक सापेक्षतामा मौखिक अभिव्यक्तिका विविध पक्षबारे परिचित हुने, भाषाको आधुनिकीकरण र मानकीकरणका सन्दर्भमा नेपालको भाषानीति र योजनासम्बन्धी पक्षहरूको वर्णन गर्ने क्षमता वृद्धि गर्ने, नेपालको सन्दर्भमा नेपाली भाषाको भूमिका र भौगोलिक सामाजिक स्थितिबारे अवगत परिचित हुने, मनोभाषाविज्ञानका आधारभूत अवधारणाको विकास गर्ने, भाषा सिकाइका प्रमुख सिद्धान्तको वर्णन गरी भाषाशिक्षणमा मनोभाषाविज्ञानको उपयोग गर्ने क्षमता विकास गर्ने । साधारण उद्देश्यमा राखिएको छ । यी साधारण उद्देश्य सटिक, मापनीय र स्पष्ट छन् ।

सु.प.वि. को सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा साधारण उद्देश्य अन्तर्गत सामाजिक भाषा विज्ञानको परिचय दिन, भाषिक भेदहरूको वर्णन गर्न, भाषा योजनाका अवधारणाको चर्चा गर्न, नेपालका भाषाहरूको समाज भाषिक स्थिति आकलन गर्न, नेपालको भाषा नीति तथा योजनाको चर्चा गर्न, मनोभाषा विज्ञानको परिचय दिन, भाषा प्राप्ति तथा सिकाइका सिद्धान्तको चर्चा गर्न, बालभाषा विकासका चरणहरूको वर्णन गर्न भनी साधारण उद्देश्यमा राखिएको छ । यी साधारण उद्देश्य पनि सटिक, मापनीय र स्पष्ट छन्

दुवै पाठ्यक्रममा साधारण उद्देश्य उल्लेख गरिएको, दुवै पाठ्यक्रममा उद्देश्यहरू सरल, स्पष्ट र मापनीय रहेका, दुवै पाठ्यक्रमका साधारण उद्देश्य नजिकबाट टाढा, जानेकोबाट नजानेको, मूर्तबाट अमूर्त, सजिलोबाट जटिलताको क्रममा रहेको, दुवैले सामाजिक तथा मनोभाषाविज्ञानका विषयवस्तुलाई समेटेको पाइन्छ ।सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा सामाजिक भाषाविज्ञानसित सम्बद्ध विषयका बारेमा जानकारी गर्नेउद्देश्य राखिएको छ भने ५२१ को पाठ्यक्रममा सामाजिक र भाषाविज्ञानको परिचय दिने उद्देश्य राखिएको छ । ५३१ को पाठ्यक्रममा भाषाका विभिन्न भेदको वर्गीकरण र पहिचान गर्ने क्षमताको विकास गर्ने उद्देश्य राखिएको छ भने ५२१ को पाठ्यक्रममा भाषिक भेदहरूको वर्णन गर्न भन्ने साधारण उद्देश्य राखिएको छ ।यसरी मध्यपश्चिम विश्वविद्यालयको ५३१ भन्दा सुदूरपश्चिम विश्वविद्यालयको ५२१ को पाठ्यक्रमले विषयवस्तुलाई समेट्न सकेको छैन ।समग्रमा यी उद्देश्यहरू सरल, स्पष्ट र प्राप्त हुने खालका रहेका छन् । तसर्थ दुवै विश्वविद्यालयका पाठ्यक्रम साधारण उद्देश्यका आधारमा उपयुक्त रहेका छन् ।

(ख) **विशिष्ट उद्देश्य**

कुनै पनि विषय पाठको सिकाइ पश्चात् विद्यार्थीहरूले निश्चित रूपमा के कस्ता ज्ञान र सिपहरू सिक्दछन् भने किटान गर्नुलाई विशिष्ट उद्देश्य भनिन्छ । विशिष्ट उद्देश्य विद्यार्थीहरूको व्यवहार मापनको आधार भएकाले त्यसलाई व्यावहारिक उद्देश्य पनि भनिन्छ । शिक्षण सिकाइको अन्त्यमा अपेक्षित गरिएको उपलब्धिलाई नै विशिष्ट उद्देश्य भनिन्छ । यो मापन योग्य हुन्छ । कुनै पनि विषय वा पाठको सिकाइ पश्चात निश्चित रूपमा यो यो र यस्ता यस्ता ज्ञान र सिपहरू प्राप्त गर्न सक्ने गरी उद्देश्यहरूको किटान गर्न सक्नुलाई विशिष्ट उद्देश्य भनिन्छ (सिंह, २०६७ : ५४) । साधारण उद्देश्य प्राप्तिका लागि विशिष्टीकरण गरिएको उद्देश्य हो । त्यसैले पाठ्य एकाइ वा विषयको प्रकृति प्रयोजन र सीमा अनुरूप विशिष्ट उद्देश्यको सङ्ख्या प्रस्तुत ढाँचामा विविधता रहेको हुन्छ ।  विशिष्ट उद्देश्यहरूको विश्लेषण गर्दा एकाइगत रूपमा उद्देश्यको सङ्ख्या एकाइगत पाठ्यभार आधारमा विश्लेषण गरिएको छ । म.प.वि.को ५३१ को पाठ्यक्रममा एकाइ अनुसार विशिष्ट उद्देश्यको व्यवस्था गरिएको छ ।

## एकाइ एक : सामाजिक भाषा विज्ञान

एकाइ एकको सामाजिक भाषाविज्ञान अन्तर्गत १.१ देखि १.१० सम्मको पाठ्य विषयका ९ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- भाषाविज्ञान र सामाजिक भाषाविज्ञानको परिचय दिन,
- सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्र बिचको सम्बन्ध पहिल्याउन,
- वक्ता र समुदायको सम्बन्ध केलाउन,
- बालबालिकाको समाज भाषा वैज्ञानिक विकास सम्बन्धमा स्पष्ट पार्न,
- भाषा, समाज र संस्कृति बिचको सम्बन्ध उल्लेख गर्न,
- भाषिक अवलम्बन, स्वीकरण र अपक्षयको परिचय दिन,
- समाजको प्रकृति अनुकूल भाषिक प्रभाव देखाउन,
- भाषिक सर्वेक्षण पद्धतिको परिचय दिन,
- भाषिक भूगोलसित सम्बद्ध अवधारणाहरू स्पष्ट पार्न ।

## एकाइ दुई : भाषिक भेद

एकाइ दुईको भाषिक भेद अन्तर्गत २.१ देखि १.८ सम्मको पाठ्य विषयका ८ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- भाषिक भेदको परिचय दिई यिनको वर्गीकरण गर्ने आधारहरू स्पष्ट पार्न,
- भाषा, भाषिका, प्रयुक्ति र व्यक्ति भाषा बिचको अन्तर पहिल्याउन,
- क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू उल्लेख गर्न,
- भाषाका अन्य भेदहरूको सोदाहरण भिन्नता औँल्याउन,
- भाषिक समुदायको परिचय दिन,
- द्विभाषिकता/बहुभाषिकताको अवधारणा स्पष्ट पारी यसको प्रकृति र प्रकार छुट्याउन,
- राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषाको परिचय दिन,
- भाषाका मिश्रित भेदहरूसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन,

## एकाइ तीन : भाषानीति र योजना

एकाइ तीनको भाषा नीति र योजना अन्तर्गत ३.१ देखि ३.६ सम्मको पाठ्य विषयका ६ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- भाषानीति र योजनाको परिचय दिन,
- भाषा योजनाको आवश्यकता, प्रकार र प्रक्रियाको वर्णन गर्न,
- प्रयोजनका आधारमा भाषाहरूको प्रकृति पहिचान गर्न,
- नेपालका सन्दर्भमा भाषा योजनाका समस्याहरू केलाउन,
- भाषायोजनाका प्रमुख पक्षको पहिचान गराउन,
- नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरण प्रक्रिया तथा यसका समस्याहरू उल्लेख गर्न,

## एकाइ चार : नेपालको भाषिक स्थिति

एकाइ चारको नेपालको भाषिक स्थिति अन्तर्गत ४.१ देखि ४.६ सम्मको पाठ्य विषयका ६ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण प्रस्तुत गर्न,
- भौगोलिक आधारमा नेपालका भाषाहरूको विवरण देखाउन,
- नेपालका भाषाहरूको सामाजिक अवस्था स्पष्ट पार्न,
- नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थितिको सिंहावलोकन गर्न,

नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधिहरू उल्लेख गर्न

## एकाइ पाँचः मनोभाषाविज्ञान

एकाइ पाँचको मनोभाषाविज्ञान परिचयअन्तर्गत ५.१ देखि ५.३ सम्मको पाठ्य विषयका ३ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- मनोभाषाविज्ञानको परिचय दिई यसको क्षेत्र र विकासक्रम स्पष्ट पार्न,
- सार्वभौम व्याकरण र यसको सान्दर्भिकता पुष्टि गर्न,
- भाषा र मस्तिष्कबिच सम्बद्ध विभिन्न अवधारणाहरूको अन्तर्सम्बन्ध स्पष्ट पार्न ।

## एकाइ छ : बालभाषा विकासका सिद्धान्त

एकाइ पाँचको मनोभाषाविज्ञान परिचय अन्तर्गत ६.१ देखि ६.४ सम्मको पाठ्य विषयका ६ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- बालभाषा विकासमा चम्स्कीको सिद्धान्तसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन,
- बालभाषा विकासमा पियाजेको सिद्धान्तको परिचय दिन,
- आत्मकेन्द्री बोलीसम्बन्धी अवधारणा प्रस्तुत गर्न,
- भाषाबारे पियाजेका दृष्टिहरू उल्लेख गर्न,
- भाषाविषयक संज्ञानात्मक अनुकल्पना र प्रकार्यात्मक उत्पत्तिको पहिचान गराउन,

चम्स्की र पियाजेका सिद्धान्तको तुलना गर्न ।

## एकाइ सात : भाषा विकासका चरण र पक्ष

एकाइ सातको भाषा विकासका चरण र पक्ष अन्तर्गत७.१ देखि ७.३ सम्मको पाठ्य विषयका ४ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- बालबालिकामा भाषाविकासमा चरण र तिनका विशेषताहरू उल्लेख गर्न,
- बालभाषामा ग्रहण र उत्पादन प्रक्रिया देखाउन,
- बालभाषाका विभिन्न पक्षको विकास सम्बन्धमा परिचित हुन,
- भाषा प्राप्तिको सम्प्रेषणात्मक सन्दर्भहरूको परिचय दिन ।

## एकाइ आठ : भाषा सिकाइका प्रमुख सिद्धान्त

एकाइ आठको सामाजिक भाषाविज्ञान अन्तर्गत ८.१ देखि ८.३ सम्मको पाठ्य विषयका ३ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- व्यवहारवादी र मनोवादी सिद्धान्त बिचको भिन्नता औंल्याउन ।,
- असवेलको सिकाइ सिद्धान्तसिद्ध परिचित हुन,
- दोस्रो भाषा सिकाइका सन्दर्भमा ग्याग्नेका सिद्धान्तहरूको उपयोग गर्न,

यसरी मध्यपश्चिम विश्वविद्यालयको सामाजिक तथा मनोभाषाविज्ञान ५३१ अन्तर्गत आठ वटा एकाइका ४४ वटा साधारण उद्देश्यहरू रहेका छन् । यी विशिष्ट उद्देश्यहरू पाठ्यविषय अनुसार स्पष्ट, उपयुक्त र मापनीय छन् । सु.प.वि. स्नातकोत्तर तह दोस्रो सेमेस्टरको सामाजिक र मनोभाषाविज्ञान पाठ्यांशमा विशिष्ट उद्देश्य उल्लेख गरिएको छैन ।

### ४.३.४ पाठ्यवस्तु वा पाठ्यविषयका आधारमा तुलना

भाषिक सिप सिकाउन राखिएको पाठ्यवस्तु नै पाठ्य विषय हुन् । पाठ्यविषयलाई भाषापाठ्यक्रम को अङ्ग स्तम्भका रूपमा लिइन्छ । यसले पाठ्यक्रमको अङ्ग स्तम्भका रूपमा लिइन्छ । भाषा विषयका लागि छनोट गरिने पाठ्यवस्तुहरू विभिन्न क्षेत्रमा प्रयोग हुन सक्ने भाषिक संरचना र शैलीहरूमा आधारित हुनु पर्दछ । यस्ता पाठ्यवस्तुहरू सरलबाट जटिल, सामान्यबाट विशिष्ट, मूर्तबाट अमूर्त आदिका क्रममा प्रस्तुत गरी शिक्षण सिकाइका लागि उपयुक्त हुने गर्दछन् (पौडेल, २०६७, पृ.११) । म.प.वि. स्नातकोत्तर तहको नेपा.शि. ५३१ विषयको पाठ्यक्रममा विशिष्ट उद्देश्य तथा पाठ्यविषय भनेर उल्लेख गरेको छ भने र सु.प.वि. नेपा.शि. ५२१ विषयको पाठ्यक्रममा एकाइगत पाठ्यवस्तुहरूको विस्तृत विवरण भनेर उल्लेख गरिएको छ ।

**तालिका न. चार**

**पाठ्यवस्तु वा पाठ्यविषयका आधारमा तुलना**

| नेपा.शि. ५३१ को पाठ्यविषय | नेपा.शि. ५२१ को पाठ्यविषय |
|---|---|
| **एकाइ एक : सामाजिक भाषा विज्ञान**<br>१.१ भाषाविज्ञान र सामाजिक भाषाविज्ञान<br>१.२ सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्र<br>१.३ वक्ता र समुदाय<br>१.४ बालबालिकाको समाज भाषावैज्ञानिक विकास<br>१.५ भाषा, समाज र संस्कृति<br>१.६ भाषिक अवलम्बन, स्वीकरण र अपक्षय<br>१.७ समाजको प्रकृति र भाषामा त्यसको प्रभाव<br>१.८ भाषासर्वेक्षण पद्धति<br>१.९ भाषिक भूगोल<br>१.१० भाषाको सम्प्रेषणात्मक सामर्थ्य र सम्प्रेषणात्मक असमर्थता | **एकाइ १ : सामाजिक भाषा विज्ञानको परिचय**<br>१. सामान्य भाषाविज्ञान र सामाजिक भाषा विज्ञान<br>२. भाषिक समुदाय<br>३. भाषा र सामाजिक सम्पर्क<br>४. भाषिक सापेक्षतावाद<br>५. समाजको प्रकृति र भाषामा त्यसको प्रभाव<br>६. भाषिक अवलम्बन, स्वीकरण र अपक्षय |

| | |
|---|---|
| **एकाइ दुई : भाषिक भेद**<br>२.१ भाषिक भेदको परिचय र वर्गीकरण गर्ने आधारहरू<br>२.२ भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषाबिचको अन्तर<br>२.३ क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू<br>२.४ भाषाका अन्य भेद :<br>कालगत, विषयगत, प्रसङ्ग र माध्यमगत<br>२.५ भाषिक समुदायको परिचय<br>२.६ द्विभाषिकता/बहुभाषिकताको स्वरूप र प्रकार<br>२.७ राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषा<br>२.८ भाषाका मिश्रित भेदहरू<br>२.८.१ भाषाद्वैत, कोडमिश्रण र परिवर्तन<br>२.८.२ पिजिन र क्रेओल्स | **एकाइ २ : भाषिक भेद**<br>१. भाषिक भेदको पहिचानका आधारहरू<br>२. भाषाको क्षेत्रीय भेदको पहिचान<br>३. भाषाको सामाजिक भेदको पहिचान<br>४. भाषाका अन्य भेद : काल, विषय, प्रसङ्ग, विषय, माध्यम<br>५. भाषाद्वैत<br>६. पिजिन र क्रिओल<br>७. कोड परिवर्तन र कोड मिश्रण |
| **एकाइ तीन : भाषानीति र योजना**<br>३.१ भाषानीति र योजनाको परिचय<br>३.२ भाषा योजनाको आवश्यकता, प्रकार र प्रक्रिया<br>३.३ प्रयोजनका आधारमा भाषाहरू-<br>प्रधान, सम्पूरक, सहायक, परिपूरक र समतुल्य<br>३.४ नेपालका सन्दर्भमा भाषायोजनाका समस्याहरू<br>३.५ भाषायोजनाका प्रमुख पक्ष-<br>छनोट, कोडीकरण, मानकीकरण, विस्तरण<br>३.६ नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरणका प्रक्रिया तथा यसका समस्या | **एकाइ ३ : भाषा योजनाको अवधारणा**<br>१. भाषा योजनाको आवश्यकता<br>२. प्रयोजनका आधारमा भाषाहरू : प्रधान, परिपूरक, सहायक र समतुल्य<br>३. भाषा योजनाका प्रकार : स्तरगत र स्वरूपगत<br>३. भाषा योजनाका प्रमुख पक्ष : छनोट, कोडीकरण, मानकीकरण र प्रयोग विस्तार<br>५. भाषाको आधुनिकीकरणका प्रक्रिया र समस्या |

| | |
|---|---|
| **एकाइ चार : नेपालको भाषिक स्थिति**<br>४.१ नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण<br>४.२ भौगोलिक वितरण<br>४.३ सामाजिक अवस्था<br>४.४ नेपालमा भाषा नीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थिति<br>४.५ नेपालका राष्ट्रभाषाहरूको विकासका प्रयासहरू<br>४.६ नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधि | **एकाइ ४ नेपालका भाषाहरूको समाज भाषिक स्थिति**<br>१. नेपालका भाषाहरूको भौगोलिक स्थिति<br>२. नेपालका भाषाहरूको सामाजिक स्थिति<br>३. जन गणना र नेपालका भाषाहरू |
| **एकाइ पाँचः मनोभाषा विज्ञान**<br>५.१ मनोभाषाविज्ञानको परिचय, क्षेत्र र विकासक्रम<br>५.२ सार्वभौम व्याकरण र यसको सान्दर्भिकता<br>५.३ भाषा र मस्तिष्कबिच अन्तर्सम्बन्ध<br>५.३.१ श्रव्यदृश्यात्मक उच्चार्य लेख्यात्मक प्रक्रिया<br>५.३.२ कोडीकरण र विकोडीकरण प्रक्रिया<br>५.३.३ मानवभाषा र प्राणी सम्प्रेषण<br>५.३.४ भाषा र विचारबारे विभिन्न अवधारणा | **एकाइ ५ : नेपालको भाषा नीति तथा योजना**<br>१. नेपालको भाषा नीति : विगत र वर्तमान<br>२. शिक्षा, सञ्चार र प्रशासनमा भाषा नीति<br>३. नेपालका भाषाहरूको संरक्षण र विकासका प्रयासहरू<br>४. पदावली र यिनको संरचना : शीर्ष र विशेषक |
| **एकाइ छ : बालभाषा विकासका सिद्धान्त**<br>६.१ बालभाषा विकासमा चम्स्कीको सिद्धान्त<br>६.१.१ भाषाप्राप्ति प्रक्रिया<br>६.१.२ भाषाप्राप्ति संयन्त्र<br>६.१.३ सामर्थ्य र सृजनशीलता<br>६.१.४ प्राथमिक भाषा वैज्ञानिक तथ्याङ्क | **एकाइ ६ : मनोभाषा विज्ञानको परिचय**<br>१. मनोभाषा विज्ञान र यसको क्षेत्र<br>२. मनोभाषा विज्ञानको विकास क्रम<br>३. भाषा र मस्तिष्कका बिच अन्तरसम्बन्ध<br>४. श्रव्य दृश्यात्मक र उच्चार्य लेख्यात्मक प्रक्रिया |

| | |
|---|---|
| ६.१.५ भाषा प्राप्तिमा जैविक कारक<br>६.२ बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>६.३ आत्मकेन्द्री बोली<br>६.६ चम्स्की र पियाजेका सिद्धान्तको तुलना | ५. कोडीकरण र विकोडीकरण प्रक्रिया |
| **एकाइ सात : भाषा विकासका चरण र पक्ष**<br>७.१ बालबालिकामा भाषाविकासका चरण र तिनका विशेषताहरू<br>७.१.१ प्रारम्भिक चरणहरू<br>७.१.२ उत्तरवर्ती चरणहरू<br>७.३ बालभाषाका विभिन्न पक्षको विकास<br>७.३.१ ध्वन्यात्मक, आदानात्मक र प्रदानात्मक<br>७.३.२ शब्दार्थ तथा शब्दभण्डार<br>७.३.३ व्याकरणात्मक र सङ्कथनात्मक | **एकाइ ७ : भाषा प्राप्ति र सिकाइ सिद्धान्त**<br>१. भाषा विकासमा चम्स्कीको सिद्धान्त<br>२. भाषा प्राप्ति प्रक्रिया र भाषा प्राप्ति संयन्त्र<br>३. भाषिक सामर्थ्य र सृजनशीलता<br>४. बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>५. आत्मकेन्द्री बोली<br>६. भाषा विकास र संज्ञानात्मक विकास<br>७. चम्स्की र पियाजेका सिद्धान्तको तुलना |
| **एकाइ आठ : भाषासिकाइका प्रमुख सिद्धान्त**<br>८.१ व्यवहारवादी र मनोवादी सिद्धान्तबिचको भिन्नता<br>८.२ असवेलको अर्थपूर्ण सिकाइ सिद्धान्त<br>८.३ दोस्रो भाषासिकाइका सन्दर्भमा ग्याग्नेका सिद्धान्तहरूको उपयोग | **एकाइ ८ : बालभाषा विकासका चरणहरू**<br>१. बालभाषा विकासका चरण र तिनका विशेषता<br>२. बालभाषामा विभिन्न पक्षको विकास<br>क) ध्वन्यात्मक पक्षको विकास<br>ख) आदानात्मक पक्षको विकास<br>ग) प्रदानात्मक पक्षको विकास<br>घ) शब्दार्थ तथा शब्द भण्डारको विकास<br>ङ) व्याकरणात्मक पक्षको विकास |

म.प.वि.को एकाइ एकमासामाजिक भाषाविज्ञानको परिचय अन्तर्गत ६ वटा र सु.प.वि.को एकाइ एकमा सामाजिक भाषाविज्ञानको परिचय अन्तर्गत १० वटा पाठ्यविषयलाई समेटिएको छ । दुबैमा भाषाविज्ञान र सामाजिक भाषाविज्ञान, भाषिक अवलम्बन, स्वीकरण र अपक्षय समान रूपमा समावेश गरिएको छ ।

नेपा.शि. ५३१ मा वक्ता र समुदाय, बालबालिकाको समाजभाषावैज्ञानिक विकास, भाषा, समाज र संस्कृति, समाजको प्रकृति र भाषामा त्यसको प्रभाव, भाषासर्वेक्षण पद्धति, भाषिक भूगोल, भाषाको सम्प्रेषणात्मक सामर्थ्य र सम्प्रेषणात्मक असमर्थता जस्ता थप पाठ्यविषय राखिएको छ भने नेपा.शि. ५२१ मा भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क, भाषिक सापेक्षतावाद, समाजको प्रकृति र भाषामा त्यसको प्रभाव जस्ता फरक तथा थप पाठ्यविषय राखिएको छ । यसरी एकाइ एकमा नेपा.शि. ५२१ भन्दा नेपा.शि. ५३१ मा पचास प्रतिशत बढी विषयवस्तु समावेश गरिएको छ ।

एकाइ दुईको भाषिक भेद अन्तर्गतभाषिक भेदको परिचय र वर्गीकरण गर्ने आधारहरू, क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू, भाषाद्वैत, कोडमिश्रण र परिवर्तन, पिजिन र क्रेओल्स जस्ता विषयवस्तु समान छन् । भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषा बिचको अन्तर, भाषाका अन्य भेद :कालगत, विषयगत, प्रसङ्ग र माध्यमगत, भाषिक समुदायको परिचय, द्विभाषिकता/ बहुभाषिकताको स्वरूप र प्रकार, राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषा जस्ता नेपा.शि. ५३१ थप गरिएको छ भने ५२१ मा भाषाका अन्य भेदः काल, विषय, प्रसङ्ग, विषय, माध्यम मात्र थप पाठ्यवस्तु समावेश छ । यसरी एकाइ दुईमा पनि नेपा.शि. ५२१ भन्दा नेपा.शि. ५३१ मा पचास प्रतिशत बढी विषयवस्तु समावेश गरिएको छ ।

नेपा. शि. ५३१ को एकाइ तीनमा भाषा नीति र योजना शीर्षक राखिएको छ भने नेपा. शि. ५२१ को एकाइ तीनमा भाषा योजनाको अवधारणा शीर्षक रहेको छ । यस एकाइ अन्तर्गत नेपालका सन्दर्भमा भाषायोजनाका समस्याहरू बाहेक भाषानीति र योजनाको परिचय, भाषा योजनाको आवश्यकता, प्रकार र प्रक्रिया, प्रयोजनका आधारमा भाषाहरू- प्रधान, सम्पूरक, सहायक, परिपूरक र समतुल्य, भाषा योजनाका प्रमुख पक्ष छनोट, कोडीकरण, मानकीकरण, विस्तरण, नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरणका प्रक्रिया तथा यसका समस्यानेपा.शि. ५३१ र नेपा. शि. ५२१ अन्य सबै विषयवस्तु समान छ । एकाइ चारको नेपा. शि.५३१ मा नेपालको भाषिक स्थिति शीर्षक राखिएको छ भने नेपा.शि ५२१ मा नेपालका भाषाहरूको समाज भाषिक स्थिति शीर्षक राखिएको छ । नेपा.शि. ५३१ मा नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण, भौगोलिक वितरण, सामाजिक अवस्था, नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थिति नेपालका

राष्ट्रभाषाहरूको विकासका प्रयासहरू, नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधि छन् भने नेपालका भाषाहरूको भौगोलिक स्थिति जस्ता विषयवस्तुलाई समेटिएको छ भने नेपा.शि. ५२१ मा नेपालका भाषाहरूको भौगोलिक स्थिति नेपालका भाषाहरूको सामाजिक स्थिति, जन गणना र नेपालका भाषाहरू जस्ता विषयवस्तुलाई मात्र समेटिएको छ ।यस एकाइका पनि नेपा.शि. ५२१ भन्दा नेपा.शि. ५३१ मा पचास प्रतिशत बढी विषयवस्तु समावेश गरिएको छ । नेपा.शि. ५२१ को एकाइ पाँचमा सामाजिक भाषाविज्ञानकै नेपालको भाषा नीति : विगत र वर्तमान, शिक्षा, सञ्चार र प्रशासनमा भाषा नीति, नेपालका भाषाहरूको संरक्षण र विकासका प्रयासहरू, पदावली र यिनको संरचना : शीर्ष र विशेषक जस्ता विषयवस्तुहरू राखिएको छ ।यसरी नेपा.शि. ५३१ को सामाजिक भाषाविज्ञान अन्तर्गत चारवटा र नेपा.शि. ५२१ पाँचवटा एकाइ राखिएको छ ।

नेपा.शि. ५३१ को एकाइ पाँचमा र नेपा.शि. ५२१ मा भने एकाइ छ बाट मनोभाषाविज्ञानका विषयवस्तुलाई समावेश गरिएको छ । दुवैमा मनोभाषाविज्ञानको परिचय, क्षेत्र र विकासक्रम, सार्वभौम व्याकरण र यसको सान्दर्भिकता, भाषा र मस्तिष्कबिच अन्तर्सम्बन्ध, श्रव्यदृश्यात्मक उच्चार्य लेख्यात्मक प्रक्रिया, कोडीकरण र विकोडीकरण प्रक्रिया जस्ता विषयवस्तु समान रूपमा समावेश गरिएको छ । यस एकाइमा अन्य एकाइजस्तो विषयवस्तु तुलनात्मक रूपमा नभएर धेरै फरक नभएर५३१ मा मानवभाषा र प्राणी सम्प्रेषण, भाषा र विचारबारे विभिन्न अवधारणा जस्ता थप विषयवस्तु रहेका छन् ।

नेपा.शि. ५३१ को एकाइ छमा बालभाषा विकासका सिद्धान्त शीषृक छ भने नेपा.शि. ५२१ को एकाइ सातमा भाषा प्राप्ति र सिकाइ सिद्धान्त शीर्षक राखिएको छ । ५३१ मा प्राथमिक भाषा वैज्ञानिक तथ्याङ्क, भाषाप्राप्तिमा जैविक कारकबाहेक, बालभाषा विकासमा चम्स्कीको सिद्धान्त, भाषाप्राप्ति प्रक्रिया, भाषाप्राप्ति संयन्त्र, सामर्थ्य र सृजनशीलता, बालभाषा विकासमा पियाजेको सिद्धान्त, आत्मकेन्द्री बोली, चमस्की र पियाजेका सिद्धान्तको तुलना जस्ता विषयवस्तु समान रहेका छन् । यसमा पनि ५३१ मा पाठ्यवस्तु बढी नै रहेको छ ।

मनोभाषाविज्ञान अन्तर्गत भाषा विकासका चरण र पक्षलाई नेपा.शि ५३१ को एकाइ सातमा र नपा.शि. ५२१ को एकाइ आठमा बालभाषा विकासका चरणहरू भनेर राखिएको छ ।यस

एकाइ अन्तर्गत राखिएका पाठ्यविषयलाई विश्लेषण गरिएको छ । यस एकाइमा भने धेरै पाठ्यविषय समान रहेका छन् भने ५३१ मा सङ्कथनात्मक भन्ने पाठ्यविषय थप रहेको छ ।

नेपा.शि. ५३१ को पाठ्यक्रममा एकाइ आठ अन्तर्गत भाषासिकाइका प्रमुख सिद्धान्त थप पाठ्यविषयवस्तुका रूपमा राखिएको छ । यसमा व्यवहारवादी र मनोवादी सिद्धान्तबिचको भिन्नता, असवेलको अर्थपूर्ण सिकाइ सिद्धान्त, दोस्रो भाषासिकाइका सन्दर्भमा ग्याग्नेका सिद्धान्तहरूको उपयोग जस्ता निकै उपयोगी पाठ्यवस्तुलाई समावेश गर्नुले नेपाली शिक्षा विषयको पाठ्यक्रमलाई थप प्रभावकारी र व्यावहारिक बनाएको छ । दुबै पाठ्यक्रममा भाषाशिक्षणसँगको सम्बन्ध र उपयोगितालाई जोडेर एउटा छुट्टै पाठ्यविषयलाई समावेश गर्नुपर्ने आवश्यकता रहेको छ ।

**विषयवस्तुको छनोट र उद्देश्यसँगको सम्बन्ध**

पाठ्यक्रमको उद्देश्य पूरा गर्ने माध्यम नै विषयवस्तु हो पाठ्यक्रम निर्माण गर्दा सबै भन्दा पहिलो उद्देश्य निर्माण गरिन्छ । त्यसपछि विषयवस्तुको छनोटमा विशेष ध्यान दिनुपर्दछ । उद्देश्य पूरा गर्नका लागि विषयवस्तु छनोट गरिन्छ । दुबै पाठ्यक्रममा विषयवस्तु चयन गरिएको पाइन्छ । विषयवस्तु छनोट गर्दा विद्यार्थीको स्तर, चाहना, रूचि, क्षमता, सान्दर्भिकता आदि पक्षलाई ध्यान दिएर बनाउनुपर्दछ । यी दुवै पाठ्यक्रममा विद्यार्थीहरूको स्तर, चाहना रूचि, क्षमता सान्दर्भिकता आदि पक्षहरूका लागि रूचि, चाहना, स्तर, उमेर जस्ता सम्पूर्ण पक्षलाई ध्यान पुऱ्याइएको छ ।

**तालिका न. ५**

**सामाजिक तथा मनोभाषाविज्ञान** (नेपा.शि.५३१)

| पाठ्यविषय | विशिष्ट उद्देश्य |
|---|---|
| **एकाइ एक : सामाजिक भाषा विज्ञान**<br>१.१ भाषाविज्ञान र सामाजिक भाषाविज्ञान<br>१.२ सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्र<br>१.३ वक्ता र समुदाय<br>१.४ बालबालिकाको समाजभाषावैज्ञानिक | **एकाइ एक : सामाजिक भाषा विज्ञान**<br>• भाषाविज्ञान र सामाजिक भाषाविज्ञानको परिचय दिन,<br>• सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्र बिचको सम्बन्ध पहिल्याउन, |

| | |
|---|---|
| विकास<br>१.५ भाषा, समाज र संस्कृति<br>१.६ भाषिक अवलम्बन, स्वीकरण र अपक्षय<br>१.७ समाजको प्रकृति र भाषामा त्यसको प्रभाव<br>१.८ भाषा सर्वेक्षण पद्धति<br>१.९ भाषिक भूगोल<br>१.१० भाषाको सम्प्रेषणात्मक सामर्थ्य र सम्प्रेषणात्मक असमर्थता | • वक्ता र समुदायको सम्बन्ध केलाउन,<br>• बालबालिकाको समाज भाषा वैज्ञानिक विकास सम्बन्धमा स्पष्ट पार्न,<br>• भाषा, समाज र संस्कृतिबिचको सम्बन्ध उल्लेख गर्न,<br>• भाषिक अवलम्बन, स्वीकरण र अपक्षयको परिचय दिन,<br>• समाजको प्रकृति अनुकूल भाषिक प्रभाव देखाउन,<br>• भाषिक सर्वेक्षण पद्धतिको परिचय दिन,<br>• भाषिक भूगोलसित सम्बद्ध अवधारणाहरू स्पष्ट पार्न, |
| **एकाइ दुई : भाषिक भेद**<br>२.१ भाषिक भेदको परिचय र वर्गीकरण गर्ने आधारहरू<br>२.२ भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषा बिचको अन्तर<br>२.३ क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू<br>२.४ भाषाका अन्य भेद : कालगत, विषयगत, प्रसङ्ग र माध्यमगत<br>२.५ भाषिक समुदायको परिचय<br>२.६ द्विभाषिकता/बहुभाषिकताको स्वरूप र प्रकार<br>२.७ राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषा<br>२.८ भाषाका मिश्रित भेदहरू<br>२.८.१ भाषाद्वैत, कोडमिश्रण र परिवर्तन | **एकाइ दुई : भाषिक भेद**<br>• भाषिक भेदको परिचय दिई यिनको वर्गीकरण गर्ने आधारहरू स्पष्ट पार्न,<br>• भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषाबिचको अन्तर पहिल्याउन,<br>• क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू उल्लेख गर्न,<br>• भाषाका अन्य भेदहरूको सोदाहरण भिन्नता औँल्याउन,<br>• भाषिक समुदायको परिचय दिन,<br>• द्विभाषिकता/बहुभाषिकताको अवधारणा स्पष्ट पारी यसको प्रकृति र प्रकार छुट्याउन,<br>• राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी |

| | |
|---|---|
| २.८.२ पिजिन र क्रेओल्स | भाषाको परिचय दिन,<br>● भाषाका मिश्रित भेदहरूसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन, |
| **एकाइ तीन : भाषानीति र योजना**<br>३.१ भाषानीति र योजनाको परिचय<br>३.२ भाषायोजनाको आवश्यकता, प्रकार र प्रक्रिया<br>३.३ प्रयोजनका आधारमा भाषाहरू- प्रधान, सम्पूरक, सहायक, परिपूरक र समतुल्य<br>३.४ नेपालका सन्दर्भमा भाषायोजनाका समस्याहरू<br>३.५ भाषायोजनाका प्रमुख पक्ष- छनोट, कोडीकरण, मानकीकरण, विस्तरण<br>३.६ नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरणका प्रक्रिया तथा यसका समस्या | ● **एकाइ तीन : भाषानीति र योजना**<br>● भाषानीति र योजनाको परिचय दिन,<br>● भाषायोजनाको आवश्यकता, प्रकार र प्रक्रियाको वर्णन गर्न,<br>● प्रयोजनका आधारमा भाषाहरूको प्रकृति पहिचान गर्न,<br>● नेपालका सन्दर्भमा भाषायोजनाका समस्याहरू केलाउन,<br>● भाषायोजनाका प्रमुख पक्षको पहिचान गराउन,<br>● नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरण प्रक्रिया तथा यसका समस्याहरू उल्लेख गर्न, |
| **एकाइ चार : नेपालको भाषिक स्थिति**<br>४.१ नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण<br>४.२ भौगोलिक वितरण<br>४.३ सामाजिक अवस्था<br>४.४ नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थिति<br>४.५ नेपालका राष्ट्रभाषाहरूको विकासका प्रयासहरू<br>४.६ नेपालका नेपाली भाषाका विविध भूमिका, | ● **एकाइ चार : नेपालको भाषिक स्थिति**<br>● नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण प्रस्तुत गर्न,<br>● भौगोलिक आधारमा नेपालका भाषाहरूको विवरण देखाउन,<br>● नेपालका भाषाहरूको सामाजिक अवस्था स्पष्ट पार्न,<br>● नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थितिको |

| | |
|---|---|
| माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधि | सिंहावलोकन गर्न,<br>● नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधिहरू उल्लेख गर्न |
| **एकाइ पाँचः मनोभाषा विज्ञान**<br>५.१ मनोभाषाविज्ञानको परिचय, क्षेत्र र विकासक्रम<br>५.२ सार्वभौम व्याकरण र यसको सान्दर्भिकता<br>५.३ भाषा र मस्तिष्कबिच अन्तर्सम्बन्ध<br>५.३.१ श्रव्यदृश्यात्मक उच्चार्य लेख्यात्मक प्रक्रिया<br>५.३.२ कोडीकरण र विकोडीकरण प्रक्रिया<br>५.३.३ मानवभाषा र प्राणी सम्प्रेषण<br>५.३.४ भाषा र विचारबारे विभिन्न अवधारणा | **एकाइ पाँचः मनोभाषा विज्ञान**<br>● मनोभाषाविज्ञानको परिचय दिई यसको क्षेत्र र विकासक्रम स्पष्ट पार्न,<br>● सार्वभौम व्याकरण र यसको सान्दर्भिकता पुष्टि गर्न,<br>● भाषा र मस्तिष्कबिच सम्बद्ध विभिन्न अवधारणाहरूको अन्तर्सम्बन्ध स्पष्ट पार्न । |
| **एकाइ छ : बालभाषा विकासका सिद्धान्त**<br>६.१ बालभाषा विकासमा चम्स्कीको सिद्धान्त<br>६.१.१ भाषाप्राप्ति प्रक्रिया<br>६.१.२ भाषाप्राप्ति संयन्त्र<br>६.१.३ सामर्थ्य र सृजनशीलता<br>६.१.४ प्राथमिक भाषा वैज्ञानिक तथ्याङ्क<br>६.१.५ भाषाप्राप्तिमा जैविक कारक<br>६.२ बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>६.३ आत्मकेन्द्री बोली<br>६.६ चम्स्की र पियाजेका सिद्धान्तको तुलना | **एकाइ छ : बालभाषा विकासका सिद्धान्त**<br>● बालभाषा विकासमा चम्स्कीको सिद्धान्तसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन,<br>● बालभाषा विकासमा पियाजेको सिद्धान्तको परिचय दिन,<br>● आत्मकेन्द्री बोलीसम्बन्धी अवधारणा प्रस्तुत गर्न,<br>● भाषाबारे पियाजेका दृष्टिहरू उल्लेख गर्न,<br>● भाषाविषयक संज्ञानात्मक अनुकल्पना र |

| | |
|---|---|
| | प्रकार्यात्मक उत्पत्तिको पहिचान गराउन, |
| **एकाइ सात : भाषा विकासका चरण र पक्ष**<br>७.१ बालबालिकामा भाषाविकासका चरण र तिनका विशेषताहरू<br>७.१.१ प्रारम्भिक चरणहरू<br>७.१.२ उत्तरवर्ती चरणहरू<br>७.३ बालभाषाका विभिन्न पक्षको विकास<br>७.३.१ ध्वन्यात्मक, आदानात्मक र प्रदानात्मक<br>७.३.२ शब्दार्थ तथा शब्दभण्डार<br>७.३.३ व्याकरणात्मक र सङ्कथनात्मक | **एकाइ सात : भाषा विकासका चरण र पक्ष**<br>● चम्स्की र पियाजेका सिद्धान्तको तुलना गर्न ।<br>● बालबालिकामा भाषाविकासमा चरण र तिनका विशेषताहरू उल्लेख गर्न,<br>● बालभाषामा ग्रहण र उत्पादन प्रक्रिया देखाउन,<br>● बालभाषाका विभिन्न पक्षको विकास सम्बन्धमा परिचित हुन,<br>● भाषाप्राप्तिको सम्प्रेषणात्मक सन्दर्भहरूको परिचय दिन । |
| **एकाइ आठ : भाषासिकाइका प्रमुख सिद्धान्त**<br>८.१ व्यवहारवादी र मनोवादी सिद्धान्तबिचको भिन्नता<br>८.२ असवेलको अर्थपूर्ण सिकाइ सिद्धान्त<br>८.३ दोस्रो भाषा सिकाइका सन्दर्भमा ग्यारनेका सिद्धान्तहरूको उपयोग | ● **एकाइ आठ : भाषासिकाइका प्रमुख सिद्धान्त**<br>● व्यवहारवादी र मनोवादी सिद्धान्त बिचको भिन्नता औंल्याउन ।,<br>● असवेलको सिकाइ सिद्धान्तसिद्ध परिचित हुन,<br>● दोस्रो भाषा सिकाइका सन्दर्भमा ग्यारनेका सिद्धान्तहरूको उपयोग गर्न, |

म.प.वि.सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा उल्लेख गरिएको छ । यी उल्लेखित विषयवस्तु र उद्देश्य अध्ययन गर्दा एक अर्कामा सम्बन्धित देखिन्छन् । पाठ्यक्रम निर्माण गर्दा सबै भन्दा पहिलो उद्देश्य निर्माण गरिन्छ । त्यसपछि विषयवस्तुको छनोटमा विशेष ध्यान दिनुपर्दछ । उद्देश्य पूरा गर्नका लागि विषयवस्तु छनोट गरिन्छ । दुवै पाठ्यक्रममा विषयवस्तु चयन गरिएको पाइन्छ । विषयवस्तु छनोट गर्दा विद्यार्थीको स्तर, चाहना, रूचि, क्षमता, सान्दर्भिकता आदि पक्षलाई ध्यान दिएर बनाउनुपर्दछ । यी दुवै

पाठ्यक्रममा विद्यार्थीहरूको स्तर, चाहना रूचि, क्षमता सान्दर्भिकता आदि पक्षहरूका लागि रूचि, चाहना, स्तर, उमेर जस्ता सम्पूर्ण पक्षलाई ध्यान पुऱ्याइएको छ । यी एकअर्कामा सम्बन्धित देखिन्छन् । उल्लेखित विषयवस्तु र विशिष्ट उद्देश्य एक अर्कामा सम्बन्धित कोणबाट विश्लेषण गर्न सक्षमत तुल्याउन सक्ने साधारण उद्देश्यमा राखिएको छ । उल्लेखित विषयवस्तु र उद्देश्य अध्ययन गर्दा एक अर्कामा सम्बन्धित छन् ।

**विषयवस्तुको क्षेत्र र क्रम**

पाठ्यक्रममा विषयवस्तु प्रस्तुत गर्ने आधारहरूमा क्षेत्र भन्नाले निश्चित तहका लागि निश्चित समयावधि भित्र विद्यार्थीहरूमा के कति ज्ञान सिप सिकाउन सकिन्छ भन्ने कुरा बुझिन्छ । यसैगरी पाठ्यक्रम विषयवस्तु उल्लेख गर्ने आधारहरूमा क्रम भन्नाले विषयवस्तुको रखाइलाई क्रम जानेकोबाट नजानेको, मूर्तबाट अमूर्त, सरलबाट जटिल तिरको प्रक्रियालाई बुझिन्छ । यसमा विद्यार्थीको तह र शैक्षिक उद्देश्यलाई पाठ्यक्रमको क्षेत्रले जनाएको हुन्छ । म.प.वि.को स्नातकोत्तर तह तेस्रो सेमेस्टरको नेपा.शि.५३१ को पाठ्यांश र सु.प.प.वि.स्नातकोत्तर दोस्रो सेमेस्टरको नेपा.शि. ५२१ को पाठ्यांशले विषयवस्तुको क्षेत्र र क्रमलाई क्रमवद्ध तरिकाले अर्थात् भाषापाठ्यक्रमका मूल्यमान्यतालाई ख्याल गर्दै राखिएको पाइन्छ ।

**४.२.५ शिक्षण विधिका आधारमा तुलना**

पाठ्यक्रममा राखिएका उद्देश्यमा राखिएका उद्देश्य अनुसारका विषयवस्तुलाई विद्यार्थी सामू पुऱ्याउने भरपर्दो माध्यम शिक्षण विधि हो । भाषापाठ्यक्रम विषयवस्तु छनोट र संगठन गरिसकेपछि त्यसलाई उद्देश्य प्राप्ति गराउनका लागि गरिने प्रस्तुतीकरणलाई शिक्षण विधि भनिन्छ । विषयवस्तुको प्रकृति, सिकाइ, परिवेश, उपलब्धि, स्रोत साधन अनुसारका विषयवस्तु छनोट गरिन्छ । भाषापाठ्यक्रममा शिक्षण विधिको स्पष्ट निर्देशन दिइएको हुन्छ । पाठ्य वस्तुलाई उद्देश्य अनुरूप बनाउन यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । विषयवस्तु प्रस्तुतिको माध्यम विधि हो । विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन शिक्षकले निर्वाह गर्नुपर्ने भूमिका र विद्यार्थीलाई गराउने कार्यकलापलाई नै शिक्षण प्रक्रिया भनिन्छ (ढकाल, २०६७ : ४८) । भाषापाठ्यक्रम भाषिक सिपको शिक्षण गर्दा फरक फरक शिक्षण विधिको प्रयोग गरिन्छ । विद्यार्थीको स्तर, तह, उमेर, क्षमता, पूर्व अनुभव, पाठप्रतिको आकर्षण जस्ता कुराहरूको ख्याल गरेर शिक्षण विधि अपनाउनु पर्दछ ।

तालिका न. ६
शिक्षण विधिका आधारमा तुलना

| सामाजिक तथा मनोभाषाविज्ञान ५३१ शिक्षण प्रक्रिया | सामाजिक र मनोभाषाविज्ञान ५२१ शिक्षण प्रक्रिया |
|---|---|
| प्रत्येक पाठच एकाइमा पाठचवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरूको उपयोग गरिएको छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विदचार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइने छ । यसै गरी पाठच पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ । | यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिएको छ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा जोड दिइने छ । सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका विविध पक्षको चर्चा गर्दा बोधगम्यताका दृष्टिले विशेषतः नेपाली भाषाका उदाहरणहरूलाई प्राथमिकता दिनु उपयुक्त हुने छ । यस क्रममा उल्लिखित पाठ्यवस्तु अनुरूपका पाठ्य सामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनु पर्ने छ । |

म.प.वि. स्नातकोत्तर तह तेस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम  र सु.प.वि. स्नातकोरत्तर तह दोस्रो सेमेस्टरको नेपाली भाषापाठ्यक्रम मा प्रस्तुत गरिएको शिक्षण विधि तथा शिक्षण प्रक्रियालाई यसरी उल्लेख गरिएको छ । प्रस्तुत गरिएका शिक्षण विधिहरू शिक्षक केन्द्रित व्याख्यान विधि र विद्यार्थी केन्द्रित प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजना कार्य, विधि हुन् । म.प.वि. स्नातकोत्तर तहको पाठ्यक्रमले सात ओटा शिक्षण विधिको व्यवस्था गरेको छ । यी बाहेक शिक्षकले अवस्था र विषयवस्तु अनुसार अन्य साधनहरूको पनि प्रयोग गर्ने व्यवस्था मिलाइएको छ । यसैगरी माथि उल्लेख गरिएका विधिहरूका साथै पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख्य तालिका, सूची, आदिको पनि प्रयोग गर्नमा जोड दिइएको छ । सु.प.वि. स्नातकोत्तर तहको पाठ्यक्रमले सात ओटा

शिक्षण विधिहरूको प्रयोग गरिएको छ । शिक्षकले विषयवस्तु अनुसार अन्य साधनको प्रयोग गरी शिक्षण गर्न सक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ ५३१ र ५२१ को पाठ्यांशले शिक्षणका क्रममा अपनाइएका शिक्षक केन्द्रित विधिभन्दा विद्यार्थी केन्द्रित विधि, परियोजना, खोज, कक्षा प्रस्तुति विधिमा बढी रहेको हुँदा उपयुक्त नै रहेका छन् ।

### ४.२.६ मूल्याङ्कन प्रक्रियाका आधारमा तुलना

कुनै पनि कार्यको अन्त्यमा उपलब्धि कति भयो भनेर गरिएको लेखाजोखा नै मूल्याङ्कन हो । यसले कार्यलाई उद्देश्यमा पुऱ्याउन मद्दत गर्दछ । मूल्याङ्कनले पाठ्यक्रमको सफलता तथा परिवर्तनमा निर्णायक भूमिका खेल्ने भएकाले यसलाई एक अनिवार्य तत्त्वका रूपमा लिइन्छ । पाठ्यक्रमका सन्दर्भमा पाठ्यक्रमको उद्देश्य अनुरूप विषयवस्तुको छनोट हुने, विषय वस्तु अनुसार शिक्षण सामग्री र क्रियाकलाप निर्धारण हुने भएकाले पनि सबै पक्षमा निरन्तर मूल्याङ्कनको आवश्यक्ता पर्दछ (सिंह, २०६७ : ६६) ।भाषा पाठ्क्रमका महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ । सामान्य अर्थ भन्नुपर्दा कुनै पनि बिषयवस्तुको लेखाजोखा,छानविन र जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कनद्वारा विद्यार्थीहरूको पठनपाठनको मात्र लेखाजोखा नगरेर सर्म्पूण सारा शैक्षिक गतिविधिहरूको लेखाजोखा गर्दछ । सामाजिक तथा मनोभाषाविज्ञान ५३१ र ५२१ को पाठ्यक्रमले राखेका उद्देश्य र प्रस्ताव गरेका सिकाइ उपलब्धिहरू के कति मात्रामा हासिल भएर भनेर लेखाजोखा गर्नका लागि मूल्याङ्कन प्रक्रियाको व्यवस्था गरेको छ । मूल्याङ्कनले विद्यार्थीहरूको क्रममा हरेक क्षेत्रमा मूल्याङ्कनको महत्त्वपूर्ण स्थान ओगटेको छ । यसले शिक्षक विद्यार्थी र विद्यालयलाई आवश्यकता पृष्ठपोषण प्रदान गर्ने काम मूल्याङ्कनले  गर्दछ ।

भाषा शिक्षणमा यसले एउटा विभिन्न तत्त्वका रूपमा  काम गरेको हुन्छ । स्नातकोत्तर तहको तेस्रो सेमेस्टरको नेपा.शि ५३१को पाठयक्रमले मूल्याङ्कन स्पष्ट रूपमा उल्लेख गरेको छ ।नेपा.शि. ५२१ को पाठयक्रममा आन्तरिक मूल्याङ्कनका लागिपरियोजना कार्य, समस्या समाधान, कक्षा प्रस्तुति, आन्तरिक र बाह्य परीक्षा, कक्षा कार्य र सहभागिता भनेर मात्र  तोकेको छ भने बाह्य मूल्याङ्कनका लागि कुनै प्रक्रिया उल्लेख गरेको छैन । यी दुवै पाठ्यक्रमले गरेको मूल्याङ्कन सम्बन्धी व्यवस्थापलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका न. ७

मूल्याङ्कन प्रक्रियाका आधारमा तुलना

| नेपा.शि. ५३१ को मूल्याङ्कन प्रक्रिया | नेपा.शि. ५२१ को मूल्याङ्कन प्रक्रिया |
|---|---|
| मूल्याङ्कन दुई प्रकारले गरिएको छ : (१) आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ, (२) बाह्य मूल्याङ्कन, यसका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षण सँगसँगै गरिएको छ र बाह्य मूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार हुनेछ । यसका लागि निम्नानुसारको प्रश्नयोजना रहेको छ । | १. परियोजना कार्य<br>२. समस्या समाधान<br>३. कक्षा प्रस्तुति<br>४. आन्तरिक र बाह्य परीक्षा<br>५. कक्षा कार्य र सहभागिता |

म.प.वि को ५३१ पाठ्यांशमा आन्तरिक मूल्याङ्कनका ५ वटा आधारहरू व्यवस्था गरिएको छ भने सु.प.वि. पाठ्यांशमा पनि ५ ओटा आधारहरू व्यवस्था गरिएको छ । म.प.वि. स्नातकोत्तर तहको ५३१ को पाठ्यक्रममा मूल्याङ्कन प्रणालीमा हाजिरी उपस्थिति ५ प्रतिशत, गृहकार्य १० प्रतिशत, परियोजना कार्य १० प्रतिशत, रिपोर्ट लेखन ५ प्रतिशत, लिखित परीक्षा १० प्रतिशत अङ्कको स्पष्टसँग व्यवस्था गरिएको छ । सु.प.वि.स्नातकोत्तर तह सामाजिक र मनोभाषाविज्ञान ५२१ को मूल्याङ्कन प्रणालीमा परियोजना कार्य, समस्या समाधान, कक्षा प्रस्तुति, आन्तरिक र बाह्य परीक्षा, कक्षा कार्य र सहभागिता व्यवस्था गरिएको छ भने आन्तरिक र बाह्य आधारहरूमा (प्रतिशत) अङ्कभार तोकिएको छैन ।

**(क) आन्तरिक मूल्याङ्कनका आधारमा तुलना**

दुबै पाठ्यक्रमले शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयका निर्णयद्वारा सन्त्रासमा परीक्षा लिइने व्यवस्था उल्लेख गरिएको छ । बाह्य मूल्याङ्कनका लागि गरिएको व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका न. ८

आन्तरिक मूल्याङ्कनका आधारमा तुलना

| नेपा.शि. ५३१ को आन्तरिक मूल्याङ्कन प्रक्रिया | नेपा.शि. ५२१ को आन्तरिक मूल्याङ्कन प्रक्रिया |
|---|---|
| १. हाजिरी उपस्थिति ५ प्रतिशत | १. परियोजना कार्य |
| २. गृहकार्य १० प्रतिशत | २. समस्या समाधान |
| ३. परियोजना कार्य १० प्रतिशत | ३. कक्षा प्रस्तुति |
| ४. रफ्लेक्सन रिपोर्ट लेखन ५ प्रतिशत | ४. आन्तरिक र बाह्य परीक्षा |
| ५. लिखित परीक्षा १० प्रतिशत | ५. कक्षा कार्य र सहभागिता |

माथि उल्लेखित तथ्याङ्क अनुसार म.प.वि.को विषयमो र सु.प.वि.को परीक्षा प्रणाली अनुसार कक्षा शिक्षणसँगै विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्ने गरिएको छ । यस आधारमा दुबै पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कन प्रक्रियामा परीक्षा प्रणाली अनुसार कक्षा शिक्षण सँगसँगै गर्दा निकै प्रभावकारी तथा व्यावहारिक देखिएको छ । परम्परागत परीक्षा प्रणालीभन्दा यो प्रणाली समयानुसार निकै उपयोगी साबित भएको छ ।

(ख) **नेपा.शि. ५३१ र ५२१ पाठ्यक्रमको बाह्यमूल्याङ्कन प्रक्रिया**

बाह्य मूल्याङ्कनका लागि म.प.वि.को पाठ्यक्रमले ६० प्रतिशत अङ्कभार छुट्याएको छ भने छन् र सु.प.वि.को पाठ्यक्रमले अङ्कभार छुट्याए पनि पाठ्यांशमा उल्लेख गरेको छैन । म.प.वि.को पाठ्यक्रममा सेमेस्टरको अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार उल्लेख गरिएको छ । सु.प.वि.को पाठ्यक्रमले शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयका निर्णयद्वारा सन्त्रासमा परीक्षा लिइने व्यवस्था उल्लेख गरिएको छ । बाह्य मूल्याङ्कनका लागि गरिएको व्यवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका न. ९

बाह्य परीक्षा (६० प्रतिशत)

| क.सं. | म.प.वि. मूल्याङ्कन प्रणाली | अङ्क र प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रश्न सङ्ख्या |
|---|---|---|---|---|
| १ | वस्तुगत प्रश्न | १०×१=१० | १० | १० वटा प्रश्न |
| २ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५=३० | ३० | २ विकल्प सहित = ६ |
| ३ | विवेचनात्मक प्रश्न | २×१०=२० | २० | १विकल्प सहित = ३ |

म.प.वि. स्नातकोत्तर तह सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रम बाह्य मूल्याङ्कन प्रक्रियालाई अध्ययन गर्दा जम्मा ६० प्रतिशत अङ्कभार तोकिएको छ । वस्तुगत प्रश्नहरू समग्रमा पाठ्यांशबाट १० वटा पूर्णाङ्कको सोधिने व्यवस्था गरिएको छ । यसैगरी समूह ख अन्तर्गत संक्षिप्त उत्तरात्मक प्रश्नमा ६ प्रश्न ३० पूर्णाङ्कको, समूह ग विवेचनात्मक प्रश्न २ प्रश्न २० पूर्णाङ्कको जम्मा ६० पूर्णाङ्क रहने व्यवस्था राखिएको छ ।सु.प.वि.स्नातकोत्तर तह सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा बाह्य मूल्याङ्कनका लागि अध्ययन विश्लेषण गर्दा जम्मा पूर्णाङ्क नै बाह्य मूल्याङ्कनमा तोकिएको छैन । यस पाठ्यक्रममा आन्तरिक र बाह्य मूल्याङ्कन प्रष्ट पारे पनि तोकेको छैन । यो पाठ्यक्रम ५३१को पाठ्यक्रम भन्दा यस अर्थमा भिन्न रहेको पाइन्छ । जसले गर्दा यस पाठ्यक्रममा बाह्य मूल्याङ्कन प्रणालीका आधारहरू तोकिएको छैन । यो पक्ष यस पाठ्यक्रमको कमजोर पक्ष हो ।

समग्र म.प.वि. स्नातकोत्तर तह नेपाली भाषापाठ्यक्रम र सु.प.वि. स्नातकोत्तर तहको नेपाली भाषापाठ्यक्रम को मूल्याङ्कन प्रक्रिया ५३१ को पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ भने ५२१को पाठ्यक्रममा आन्तरिक र बाह्य मूल्याङ्कनमा प्रतिशत अङ्कभारको तालिका बनाएर तोकिएको छैन । ५३१को पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि आधारहरू तयार गरिएका छन् तर ५२१ को पाठ्यक्रमले प्रत्येक आधारहरूको स्पष्ट व्याख्या गरिएको छैन भने म.प.वि.को पाठ्यक्रमले व्याख्या गरेको

पाइन्छ । यसरी म.प.वि र सु.प.वि. पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियाको आधारलाई हेर्दा म.प.वि.को पाठ्यांशमा नै मूल्याङ्कनको व्यवस्थालाई बढी व्यवस्थित र स्पष्ट पारिएको देखिन्छ ।

### ४.२.८ पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक

पुस्तक तथा सन्दर्भ सामग्री पाठ्यक्रमको अन्तिम तत्त्व हो । यस पाठ्यक्रममा उल्लेख गरिएका पाठ्यपुस्तक कुन कुन पुस्तकहरूमा उपलब्ध छन् भने पाठ्यक्रमको अन्त्यमा राखिएको पुस्तकहरूको सूची प्रस्तुत गरिएको हुन्छ ।सन्दर्भ पुस्तक पठनबोध क्षमता विकासका लागि सहयोगी हुन्छन् । निर्धारित तह वा कक्षाका विद्यार्थीहरूलाई अपेक्षिक उपलब्धि हासिल गराउन सहयोगी भूमिका निभाउने उपयोगी सामग्रीका रूपमा सन्दर्भ सामग्रीहरू रहन्छन् । यस्ता सामग्रीले भाषाका बोध तथा अभिव्यक्ति क्षमता विकासका लागि सहयोग पुऱ्याउनुका साथै पठन कार्यप्रति अभिरूचि जाग्रत गर्न पनि सहयोग पुऱ्याउँछन् । अतः विभिन्न किसिमका पत्रपत्रिका साहित्यिक कृतिहरू र सहयोगी पुस्तकहरू आदिलाई भाषा पाठ्यक्रममा सन्दर्भ पुस्तकका रूपमा प्रस्तावित गरिनु आवश्यक हुन्छ (पौडेल, २०६७, पृ.८६) ।भाषा पाठ्यक्रममा उद्देश्यहरू पूरा गर्न सहयोग पुऱ्याउने सामग्रीहरूलाई सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्री भनिन्छ ।

**(क) नेपा.शि. ५३१ का पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक**

**पुस्तकहरू**

अधिकारी, हेमाङ्गराज, सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं: रत्न पुस्तक भण्डार ।

एलिसन जे. एलिअट, चाइल्ड ल्याङ्ग्वेज, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

क्र्यासन डि. स्टेफेन र ट्र्यासी डी. टेरेल, द न्याचुरल एप्रोच ल्याङ्ग्वेज एक्विजिसन इन द क्लास रूम, ग्रेट बृटेन : प्रेन्टिस हल ।

भण्डारी, पारसमणि, सामाजिक तथा मनोभाषाविज्ञान, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**सन्दर्भ सामग्रीहरू**

एलेन जे.पि.बि. र एस पिट कडर (सं.), पेपर्स इन अप्लाइड लिङ्ग्विस्टिक्स, न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

इङ्ग्राम डेभिड, फस्ट ल्याङ्ग्वेज एक्विजिसन, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

काठमाडौं शिक्षा क्याम्पस (सम्पा.), शिक्षाविज्ञान सौरभ, अङक १२ ।
गुरागाईं, डिल्लीप्रसाद र भेषराज पोखेल, साइकोलिङ्ग्विस्टिक्स एन्ड सोसियो लिङ्ग्विस्टिक्स काठमाडौं : जुपिटर पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रज्ञा अङ्क ७९ ।
नेपाली केन्द्रीय विभाग (सम्पा.), कुञ्जिनी, अङ्क १० ।
नेपाली भाषाशिक्षा विभाग (सम्पा.), सम्प्रेषण, अङ्क १-६ ।
युले जर्ज, द स्टडी अफ ल्याङ्ग्वेज, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
राई, विष्णु सिंह, साइको लिङ्ग्विस्टिक्स एन्ड सोसियो लिङ्ग्विस्टिक्स, काठमाडौं : भुँडी पुराण प्रकाशन ।
लम्साल, रामचन्द्र र अन्य, प्रायोगिक भाषाविज्ञान, काठमाडौं : भुँडीपुराण प्रकाशन ।
लायन्स, जोन, ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
वार्ध, रोनाल्ड, एन इन्ट्रोडक्सन टु सोसियो लिङ्ग्विस्टिक्स, अमेरिका : व्लाकवेल पब्लिसर्स ।
वार्ष्णेय, आर. एल, इन इन्ट्रोडक्टरी टेक्स्टबुक अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स, हरद्वार:स्टुडेन्ट स्टोर ।
शर्मा, राजमणि, आधुनिक भाषाविज्ञान, नयाँदिल्ली : वाणी प्रकाशन ।
हड्सन, आर.ए. सोसियो लिङ्ग्विस्टिक्स, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
लायन्स जोहन (सन् २००३, २००५ रि प्रिन्ट), ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स, क्याम्ब्रिज ।
घिमिरे, वासुदेव, समाज भाषाविज्ञान, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

**(ख) नेपा.शि. ५२१ का पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक**

**प्रमुख पुस्तक**

अधिकारी, हेमाङ्ग राज (२०६७ ), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** काठमाडौं : रत्न पुस्तक भण्डार
घिमिरे, वासुदेव ( २०६५ ), **समाज भाषा विज्ञान** काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र
राई एस.बी. ( सन् २००५ ), **साइकोलिङ्ग्विस्टिक्स यान्ड सोसियोलिङ्ग्विस्टिक्स** काठमाडौं : भुँडी पुराण प्रकाशन

**सहायक पुस्तक**

अधिकारी, हेमाङ्ग राज (२०६७), **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौं :

विद्यार्थी पुस्तक भण्डार सम्प्रेषण परिवार २०६३ सम्प्रेषण, अङ्क १-६ काठमाडौँ :
त्रि. वि. नेपाली शिक्षा विभाग ।

सु.प.वि. स्नातकोत्तर तहको दोस्रो सेमेस्टरको नेपाली पाठ्यांशमा  सामाजिक र मनोभाषाविज्ञान ५२१ का लागि  आधादर्जन सन्दर्भ सामग्रीको उल्लेख गरिएको छ । यी पुस्तकहरू पाठ्यक्रममा सिफारिस गरिएका विषयवस्तुसँग मिल्दा छन् तसर्थ सिफारिस गरिएका पुस्तकहरू उपयुक्त छन् तर यिनीहरूको सफलता भने सबै ठाउँमा नहुने भएकाले कतिपय पुस्तकहरू सिफारिस मात्र सीमित छन् भने केही पाठहरूमा उपलब्ध नभएका कारणले कतिपय पुस्तकहरू सिफारिसमा मात्र सीमित छन् । केही पाठ्यक्रहरू पाठहरू उपलब्ध नभएका कारण पठनपाठन पूरा हुन सकेका छैनन । विद्यार्थीहरू पढ्नमा भन्दा तिनमा नभएका पुस्तकहरू खोज्नमा समय बढी खर्च परेको छ ।

म.प.वि. स्नातकोत्तर तह तेस्रो सेमेस्टरका नेपाली भाषापाठ्यक्रम  सामाजिक तथा मनोभाषाविज्ञान ५३१ का लागि ४ वटा पुस्तकहरू तथा १५ वटा सन्दर्भ सामग्रीको सिफारिस गरिएको छ । यी पुस्तकहरू उपयुक्त छन् तर यिनीहरूको सर्वसुलभता भन्ने सबै ठाउँमा नहुने भएकाले कतिपय पुस्तकहरू सिफारिसमा मात्र सीमित रहेका छन् । कुनै पुस्तकहरूमा विद्यार्थीहरूले खोजेको विषयवस्तु नपाउने खालका पुस्तकहरूको पनि व्यवस्था गरेको छ । जसले गर्दा पाठ्य सामग्रीमा जति पुस्तकहरू राखिएका छन् । जसरी सङ्ख्यात्मक रूपमा सामग्रीहरू उपलब्ध गराइएको त्यसरी नै पठनपाठन शिक्षणमा प्रशस्त मात्रामा पुस्तकहरू अभाव नहुने खालका सामग्रीहरू राखिनु पर्दछ ।

यसरी हेर्दा म.प.वि.को पाठ्यक्रममा पर्याप्त सन्दर्भ सामग्री राखिएको र सु.प.वि.को पाठ्यक्रममा पाठ्यविषयवस्तु अनुसार नै सन्दर्भ सामग्री राखिएको छ ।समग्रमा दुवै पाठ्यक्रमले मिति र संस्करण समेत उल्लेख नगरिनु दुर्बल पक्ष हो । ५३१ मा केही विदेशी लेखकका सन्दर्भ पुस्तक राखिएको छ भने ५२१ म नेपाली लेखकका पुस्तकहरूमात्र राखिएको छ । दुबै पाठ्यक्रमको यस अन्तिम स्तम्भमा देखिएका दुर्बल पक्ष सुधार गर्न सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ । जसले गर्दा यी पाठ्य सामग्रीहरू सर्वसुलभ र उपयुक्त रहेका छन् । दुवै पाठ्यक्रममा सिफारिस गरिएका पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरू उपयुक्त हुँदा हुँदै पनि सबै ठाउँमा पाठ्य सामग्री उपलब्ध छनैन् । यसैगरी सु.प.वि. स्नातकोत्तर तहको पाठ्यक्रममा समावेश गरिएका सन्दर्भ सामग्रीहरू संख्यात्मक रूपमा हेर्दा

निकै कम छन् यद्यपि समावेश गरिएका पाठ्यविषयका आधारमा उपयुक्त रहेका छन् ।

(ग) **समग्रमा नेपा.शि. ५३१ र ५२१ का समानता**

म.प.वि. र सु.प.वि. भाषापाठ्यक्रम ५३१ र ५२१ को अध्ययन गर्दा देखिएका समानता निम्नानुसार रहेका छन् :

- दुवै पाठ्यक्रममा स्नातकोत्तर तहका लागि तयार पारिएको,
- दुवै पाठ्यक्रममा पाठ्यांश प्रकृति सैद्धान्तिक रहेको,
- दुबै पाठ्यक्रमका सेमेस्टर प्रणाली लागु गरिएको,
- दुवै पाठ्यक्रम तहका पाठ्यक्रमको शीर्षक सामाजिक तथा मनोभाषाविज्ञान रहेको,
- दुवै पाठ्यक्रममा पाठ्यक्रमका तत्त्वका आधारमा निर्माण गरिएको,
- दुवै पाठ्यक्रममा ८ वटा नै एकाइ रहेको,
- दुवै पाठ्यक्रममा विषयगत विविधता रहेको,
- दुवै पाठ्यक्रमका उद्देश्य मापनीय, स्पष्ट र विशिष्ट रहेका,
- दुवै पाठ्यक्रममा पाठ्यांश परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य तथा पाठ्य विषय शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सहायक सामग्री उल्लेख गरिएको,
- दुवै पाठ्यक्रममा उद्देश्यहरू सरलबाट जटिलताको क्रमलाई अपनाइएको,
- दुवै पाठ्यक्रममा विषयवस्तुको अध्ययनका लागि पाठ्यपुस्तक र सन्दर्भ पुस्तकको सिफारिस गरिएको,

(घ) **समग्रमा नेपा.शि. ५३१ र ५२१ काअसमानता**

म.प.वि. र सु.प.वि. भाषापाठ्यक्रम ५३१ र ५२१को अध्ययन गर्दा देखिएका असमानता निम्नानुसार रहेका छन् :

- म.प.वि.को सामाजिक तथा मनोभाषाविज्ञान विषयको पाठ्यक्रमको पाठ्यांश सङ्ख्या नेपा.शि.५३१ रहेको छ भने सु.प.वि.को नेपाली सामाजिक र मनोभाषाविज्ञान विषयको पाठ्यक्रमको पाठ्यांश सङ्ख्या नेपा.शि.५२१ रहेको,

- नेपा.शि. ५३१ मध्यपश्चिम विश्वविद्यालयको तेस्रो सेमेस्टरमा अध्यापन हुन्छ भने नेपा.शि. ५२१ सुदूरपश्चिम विश्वविद्यालयको दोस्रो सेमेस्टरमा अध्यापन हुने,
- म.प.वि. सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा क्रे.आ. तोकिएको छ भने सु.प.वि. नेपाली नाटक र निबन्ध पाठ्यक्रमका क्रे.आ. ३ भए तापनि पाठ्यक्रममा उल्लेख नभएको,
- सु.प.वि. को ५२१ को पाठ्यक्रममा जम्मा पाठ घण्टी र प्रति पाठ घण्टी उल्लेख गरिएको छैन भने म.प.वि.को ५३१ को पाठ्यक्रममा जम्मा पाठ घण्टी उल्लेख गरिएको,
- नेपा.शि.५३१ मा सामाजिक भाषाविज्ञानमा चार र मनोभाषाविज्ञानमा चारवटा एकाइको व्यवस्था गरिएको छ भने ५२१ सामाजिक भाषाविज्ञानमा पाँच र मनोभाषाविज्ञानमा तीनवटा एकाइको व्यवस्था गरिएको,
- म.प.वि.को आधुनिक नेपाली नाटक एकाङ्की निबन्ध ५३१ को पाठ्यक्रममा सात वटा साधारण उद्देश्य रहेका छन् भने सु.प.वि.नेपाली नाटक, निबन्ध ५२१ को पाठ्यक्रममा आठवटा साधारण उद्देश्य रहेका,
- म.प.वि. सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा आन्तरिक र बाह्य मूल्याङ्कन प्रणालीलाई अपनाइएको छ भने सु.प.वि. सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा आन्तरिक र बाह्य मूल्याङ्कन प्रणालीलाई बुँदामा मात्र राखेर अङ्कभार उल्लेख नभएको,
- नेपा.शि. ५३१ र ५२१ मा समान आठआठवटा एकाइ भए तापनि पाठ्यविषय ५३१ म पाठ्यविषय धेरै रहेको,

## ४.३ नेपा.शि. ५३१ र ५२१का सबल र दुर्बल पक्ष

म.प.वि. को ५३१र सु.प.वि.को ५२१को नेपाली भाषापाठ्यक्रम को तुलनात्मक अध्ययन गर्दा यस प्रकारका सबल पक्षहरूलाई नेपाली भाषापाठ्यक्रम का तत्त्वहरूका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ सामाजिक तथा मनोभाषाविज्ञान ५३१ का सबल पक्ष

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत तेस्रो सेमेस्टरको नेपा.शि ५३१ का

सबल पक्षहरू निम्नानुसार रहेका छन् :

- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यांशमा सबै प्रकारका भाषापाठ्यक्रम निर्माण ढाँचाको प्रयोग,
- म.प.वि. ५३१ को पाठ्यक्रममा क्रे.आ., पाठघन्टी उल्लेख गरिएको,
- प्रकृति, प्रयोजन, उद्देश्य र विषयवस्तुलाई समेटिएको,
- समग्र विषयवस्तुको समावेश गरिएको,
- सेमेस्टर प्रणालीमा आधारित पाठ्यांश,
- यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत मूल्याङ्कन प्रणाली अपनाइएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा विद्यार्थीको उमेर, तहगत, स्तर र उद्देश्य अनुसार विषयवस्तु राखिएको,
- यस पाठ्यक्रममा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीलाई अलग अलग शीर्षकमा राखिएको,
- पाठ्यक्रममा उद्देश्यहरू मापनीय र व्यवहारिक रहेका,
- प्रयाप्त मात्रामा पुस्तक र सन्दर्भ पुस्तकहरू सिफारिस गरिएको,

### ४.३.२ सामाजिक र मनोभाषाविज्ञान ५२१ का सबल पक्ष

सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत दोस्रो सेमेस्टरको नेपा.शि ५२१ का सबल पक्षहरू निम्नानुसार रहेका छन् :

- सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा पाठ्यांश शीर्षक उपयुक्त रहेको,
- सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा जम्मा पाठघण्टी ४५ राखिएको,
- यस पाठ्यक्रममा उद्देश्यहरू स्पष्ट मापनीय र विशिष्ट छन् ।
- यस पाठ्यक्रममा शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको बारेमा उल्लेख गरिएको,
- यस पाठ्यक्रममा आदर्शवाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, समस्या

समाधान र खोज कार्यमा जोड दिएको,

- पाठ्यपुस्तक र सहायक सामग्रीहरूलाई अलग अलग शीर्षकमा राखिएको,
- क्रेडिट आवर अनुससार पाठ्यविषयको छनोटमा तालमेल रहेको,
- आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत मूल्याङ्कन प्रणाली भएको,

### ४.३.३ सामाजिक तथा मनोभाषाविज्ञान ५३१ का दुर्बल पक्ष

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत तेस्रो सेमेस्टरको नेपा.शि ५३१ कादुर्बल पक्षहरू निम्नानुसार रहेका छन् :

- म.प.वि. को ५३१ पाठ्यक्रममा पूर्णाङ्क, उत्तीर्णाङ्क प्रतिहप्ता पाठघण्टी, प्रतिपाठघण्टी उल्लेख नगरिएको,
- पाठ्यांश परिचय शीर्षक राखेर पाठ्यांशको परिचय बारेमा विवरणात्मक रूपमा उल्लेख गर्नुपर्ने,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा विद्यार्थीको तह, स्तर, क्षमता, रूचि, कक्षा, उमेर निर्धारित शैक्षिक उद्देश्य अनुसारका विषयवस्तुको संगठन गरेर पनि समय सीमालाई ध्यान नदिइएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ पाठ्यक्रममा मूल्याङ्कनका लागि कुन कुन पाठबाट कति प्रश्न सोधिने भनी अङ्कभार निर्धारण नगरिएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा विषयवस्तु अनुसारका छुट्टाछुट्टै विधिहरू समावेश गरिएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा समावेश गरिएका पुस्तकहरू सर्वसुलभता नभएका कारणले पठनपाठनमा समस्या देखिएको छ । यसलाई सुधार गर्नुपर्दछ ।
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा कुन कुन एकाइमा कस्ता कस्ता मूल्याङ्कन प्रक्रियाहरू अपनाउने भन्ने कुरा समावेश नगरिएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा साधारण उद्देश्यको अन्तिममा गर्ने क्रियाकलापको प्रयोग गरिएकामा यसलाई गर्न भन्ने क्रियापद राखिनु

पर्ने,

- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रममा एकाइगत समय र पाठ्यभार उल्लेख नगरिएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यक्रमको सन्दर्भ खण्डमा सिफारिस गरिएका पुस्तक र सन्दर्भ पुस्तकको प्रकाशन, मिति र संस्करण उल्लेख नगरिएको,
- सिफारिस गरिएका सबै पुस्तक र सन्दर्भ पुस्तक बजारमा नपाइने,

### ४.३.४ सामाजिक र मनोभाषाविज्ञान ५२१ का दुर्बल पक्ष

सुदूरपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत दोस्रो सेमेस्टरको नेपा.शि ५२१ कादुर्बल पक्षहरू निम्नानुसार रहेका छन् :

- नेपा.शि.५२१ को पाठ्यक्रममा पाठ्याश शीर्षक अपूर्ण रहेको,
- क्रे.आ. तोकिए तापनि पाठ्यक्रममा समावेश नगरिएको,
- सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रमले विद्यार्थीको तह, उमेर, स्तर, कक्षा तथा निर्धारित शैक्षिक उद्देश्य अनुसारका विषयवस्तुको संगठन गरेपनि समय सीमालाई ध्यान नदिएइको,
- पाठ्यक्रममा बाह्य र आन्तरिक मूल्याङ्कन प्रणालीस्पष्ट नभएको,
- सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा कक्षा कार्य र सहभागिता, कक्षा प्रस्तुति, परियोजना तथा पुस्तकालयीय कार्य समस्या समाधान र आन्तरिक र बाह्य परीक्षा मात्र भनेर उल्लेख गरिएको,
- यसमा आन्तरिक र बाह्य मूल्याङ्कनका आधारहरूलाई उल्लेख नगरिएको,
- यस पाठ्यक्रममा विधागत पाठ्यभार उल्लेख नगरिएको,
- पाठ्यक्रममा कुन कुन एकाइमा कस्ता कस्ता मूल्याङ्कन प्रक्रिया अपनाउने भन्ने कुरा समावेश गरिएको,
- पाठ्यक्रममा उद्देश्यहरू सैद्धान्तिक ज्ञानमा मात्र सीमित रहेका,
- पाठ्यक्रममा पुरानै पाठ्यपुस्तक र सहायक सामग्रीमा नै जोड दिइएको,
- नेपाली नाटक र निबन्ध ५२२ को पाठ्यक्रमको सन्दर्भ खण्डमा सिफारिस गरिएका

पुस्तक र सनदर्भ पुस्तकको प्रकाशन, मिति र संस्करण उल्लेख नगरिएको,

- प्रयाप्त मात्रामा पुस्तक र सन्दर्भ पुस्तकहरू सिफारिस नगरिएको,

## ४.४ सुझाव

यस अध्ययनमा सुदूरपश्चिम  विश्वविद्यालय स्नातकोत्तर तहको नेपाली विषय अन्तर्गत एम.एड. दोस्रो सेमेस्टरको ५२१ र मध्यपश्चिम विश्वविद्यालयको स्नातकोत्तर तहको तेस्रो सेमेस्टरको ५३१ को पाठ्यक्रमको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । उक्त पाठ्यक्रम तुलनात्मक विश्लेषणका क्रममा देखिएका कमिकमजोरीहरूका आधारमा निकालिएका सुझावरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- अधिकांश विषयवस्तु त्रि.वि.को पाठ्यक्रमबाट राखिएकाले थप समसामयिक, स्थानीय, मौलिकता समावेश गरेर फरक विश्वविद्यालयको फरक तथा मौलिक पाठ्यक्रमका रूपमा निर्माण गरिनु पर्ने,
- यस पाठ्यक्रमसँग पत्यक्ष सरोकार राख्ने पाठ्यक्रम निर्माता , शिक्षक र विद्यार्थी बीच व्यापक अन्तर्क्रिया , छलफल गराएरमात्र सम्बन्धित पक्षले आवश्यक संशोधन र परिमार्जन गर्नुपर्ने,
- सेमेस्टर प्रणालीमा आधारित पाठ्यक्रम आवश्यकताअनुसार तत्काल परिमार्जन गर्नुको साटो स्थापनकालदेखि हालसम्म सामान्य संशोधन बाहेक परिमार्जन नहुनले पाठ्यक्रमको गुणस्तरता माथि नै प्रश्न उठ्न थालेकोले तत्काल परिमार्जन वा संशोधनको प्रक्रियाको कार्य अगाडि बढाउनुका साथै यस प्रक्रियालाई सम्बन्धित पक्षले निरन्तरता समेत दिनुपर्ने,
- पाठ्यांश शीर्षक अन्तर्गत रहेको जम्मा पाठघन्टीलाई पूर्णता दिनुपर्ने,
- पाठ्यवस्तु र त्यसका लागि निर्धारण गरिएको समयभार निर्धारण गर्नुपर्ने,
- आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य, परियोजना कार्य, प्रतिवेदन लेखन आदि जस्ता प्रयोगात्मक, व्यावहारिक कार्यहरूको आधार वा मापदण्ड स्पष्ट रूपमा तोक्नुपर्ने,
- स्थानीय स्रोत र साधनालाई मान्यता दिनुपर्ने पाठ्यक्रमको सामान्य अवधारणा अनुरूप अगाडि बढ्नु पर्ने,

- पाठ्यक्रमकै वैधता र विश्वश्वनियता माथि पनि पुनरावलोकन गर्नुपर्ने,
- प्रस्तुत पाठ्यक्रमका पाठ्यांशहरू त्रिभुवन विश्वविद्यालय पाठ्यांशहरूसँग हुबहु मिल्ने भएकाले त्यस कुरामा पनि विशेष रूपमा ध्यान दिएर आवश्यक शंशोधन गर्नुपर्ने,
- प्रत्येक एकाइमा प्रायोगिक मत दिएर शिक्षण कार्यलाई सैद्धान्तिक तथा शिक्षक केन्द्रित विधिबाट विद्यार्थी केन्द्रित विधिमा जानुपर्ने,
- शिक्षणमा प्रविधिको प्रयोग गर्न स्पष्ट निर्देशन दिएर त्यसका लागि शिक्षकलाई निर्देशन दिनुपर्ने,
- आन्तरिक मूल्याङ्कनका लागि शीर्षकका साथै कुन विधा क्षेत्रको कुन पक्षबाट के कति, कसरी (ग्रेड सहित) मूल्याङ्कन गर्ने भन्ने प्रक्रिया समेत समाविष्ट गर्नुपर्ने,

यसरी समसामयिक रचना तथा कृतिलाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्ने,आवश्यक केही सन्दर्भ सामग्रीहरू थप गर्नुपर्ने, विधागत मर्म अनुरूप शिक्षण विधिको प्रयोग स्पष्ट हुनुपर्ने, पाठ्यपुस्तक अनुरूप नै विद्यार्थी क्रियाकलाप राख्नुपर्ने, पाठ्यक्रममा नै विद्यार्थीले गर्ने कार्यहरू तोकिनुपर्ने, पाठ्यक्रमका शीर्ष भागमा रहेका सबै सङ्केतपूर्ण हुनुपर्ने, पाठ्यक्रम नै प्रयोगात्मक कार्यहरू उल्लेख गर्नुपर्ने, नवीन विधि र प्रविधिको समावेश गरिनु पर्ने देखिन्छ ।

माथि उल्लेखित सुझावका आधारमा स्नातकोत्तर तहको सु.प.वि. र म.प.वि.को ५३१ र ५२१ को पाठ्यक्रमलाई अझ प्रभावकारी बनाउन पाठ्यक्रमका विधागत क्षेत्र, पाठ्यक्रमको शीर्ष भाग र पाठ्यक्रमका मूल्याङ्कनका क्षेत्रहरूमा उपयुक्त विषयवस्तुका आधारमा पाठ्यक्रमलाई सुधार गर्नुपर्ने अवस्था रहेको छ ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत शोधका दुवै पाठ्यक्रमको तुलनात्मक विश्लेषणका क्रममा देखिएका समानता र असमानता तथा सबल र दुर्बल पक्षहरूलाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- दुवै पाठ्यांश नेपालमा पहिलो पटक स्नातकोत्तर तहमा नेपाली शिक्षा विषयमा सेमेस्टर प्रणालीममा आधारित पाठ्यक्रम,
- निर्माणात्मक मूल्याङ्कन प्रक्रियाको व्यवस्था, अनुसन्धनात्मक अध्ययन अध्यापन प्रणाली भएको, पढाउने भन्दापनि सिकाउने क्रियाकलापमा जोड दिएको,
- सैद्धान्तिक भन्दा व्यावहारिकतामा जोडदिएका छन् ।
- म.प.वि.नेपा.शि. ५३१ को पाठ्यक्रममा पाठ्यांश शीर्षकमासामाजिक तथा मनोभाषाविज्ञानलेखिएको छ भने पाठ्यांश सङ्ख्या ५३१ उल्लेख गरिएको,
- सु.प.वि. नेपा.शि. ५२१ को पाठ्यक्रममा पाठ्यांश शीर्षकमा सामाजिक तथा मनोभाषाविज्ञान लेखिएको छ भने पाठ्यांश सङ्ख्या ५२१ उल्लेख गरिएको,
- दुबै पाठ्यक्रमको पाठ्यांशको प्रकृति सैद्धान्तिक तथा दुबै पाठ्यक्रमकोक्रे.आ. ३ उल्लेख गरिएको,
- आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत अङ्कभार छुट्याइएको,
- पुस्तक तथा सन्दर्भ सामग्री अनुसार यस पाठ्यक्रममा जम्मा १३ वटा सन्दर्भ सामग्री उल्लेख गरिएको,
- पाठ्यक्रममा क्रे.आ. उल्लेख गरिएको छैन भने जम्मा पाठघण्टा ४५ र प्रतिपाठ घण्टी १ घण्टा राखिएको,
- पाठ्यांश परिचयमा विषयवस्तुको सैद्धान्तिक कार्य सम्बन्धी शिक्षण गराउने गरी विषयवस्तु समावेश गरिएको,
- शिक्षण विधि अनुसार यस पाठ्यक्रम शिक्षणमा आवश्यकता अनुसार आदर्शवाचन,

व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, समस्या समाधान र खोज विधि जस्ता विभिन्न विधि प्रक्रिया अवलम्बन गरिने भनी शिक्षण विधिहरू उल्लेख गरिएको,

- मूल्याङ्कन प्रक्रियाका आधारमा कक्षा कार्य र सहभागिता, कक्षा प्रस्तुति, परियोजना कार्य तथा पुस्तकालय कार्य, समस्या समाधान र आन्तरिक र बाह्य परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने भनी उल्लेख गरिएका,
- पाठ्यक्रममा समावेश गरिएका पाठ्य विषयका आधारमा उपयुक्त रहेका,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यांश शीर्षकमा पाठ्यांश सङ्ख्या, पाठ्यांश प्रकृति, तह, सत्र, क्रे.आ., जम्मा पाठ घण्टी, मात्र उल्लेख गरिएको छ भने सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यांश शीर्षकमा पाठ्यांश सङ्ख्या, प्रति पाठ घण्टी, सेमेस्टर मात्र उल्लेख गरिएको,
- यसैगरी नेपा.शि ५३१ को पाठ्यांशको अध्ययन गर्दा ७ वटा साधारण उद्देश्य र ४४ वटा विशिष्ट उद्देश्य राखिएको छ भने सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्यक्रममा साधारण उद्देश्यमा ८ वटा साधारण उद्देश्य, ...वटा विशिष्ट उद्देश्य राखिएकाले साधारण उद्देश्य ५३१ मा १ वटा उद्देश्य बढी राखिएको,
- सामाजिक तथा मनोभाषाविज्ञान ५३१ को पाठ्यविषयमा ८ वटा एइकाइलाई समावेश गरिएको छ भने सामाजिक र मनोभाषाविज्ञान ५२१ को पाठ्य विषयमा ८ वटा एकाइलाई समावेश गरिएको,
- दुवै पाठ्यक्रमले स्पष्टसँग शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई उल्लेख गरिएको,
- नेपा.शि. ५३३ को पाठ्यक्रममा पाठ्यपुस्तक र सन्दर्भ सामग्री भनेर उल्लेख गरिएको छ भने नेपा.शि. ५२१ को पाठ्यक्रममा प्रमुख पुस्तक र सहायक पुस्तक उल्लेख गरिएको,
- नेपा.शि. ५३३ को पाठ्यक्रममा क्रे.आ. ३ उल्लेख गरिएको छ भने नेपा.शि.५२१ म नभएको,
- दुबै पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत मूल्याङ्कन प्रणाली अपनाइएको,
- सु.प.वि. र म.प.वि.को पाठ्यक्रममा शिक्षण विधिको प्रयोगमा दुवै पाठ्यक्रममा

भिन्नता रहेको, सन्दर्भ सामग्रीको प्रयोगमा सु.प.वि.भन्दा म.प.वि.मा बढी राखिएको, पाठ्यवस्तुमा समानता रहेको, दुवै पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कन प्रणालीमा परीक्षा प्रणाली अनुसार र आन्तरिक मूल्याङ्कन बढी प्रयोग गरिएको,

- दुबै पाठ्यक्रममा पाठ्यक्रम निर्माणका ढाँचालाई अवलम्बन गरिएको,
- दुबै तहका पाठ्यक्रममा प्रत्येक पाठ्य विषयको पाठ्यघण्टी उल्लेख गरिएकाले सबल रहेको,
- दुबै पाठ्यक्रममा साधारण र विशिष्ट उद्देश्य राखिएको,
- दुबै पाठ्यक्रममा उद्देश्यहरू स्पष्ट मापनीय र विशिष्ट रहेका,
- दुबै पाठ्यक्रममा आदर्शवाचन, व्याख्यान, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, समस्यासमाधान र खोज कार्यमा जोड दिएकाले सबल रहेको,
- दुबै पाठ्यक्रममा विद्यार्थीको उमेर, तहगत, स्तर र उद्देश्य अनुसार विषयवस्तु अनुसार राखिएकाले सबल रहेको,
- दुबै पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ६० प्रतिशत मूल्याङ्कन प्रणाली अपनाइएको,
- दुबै पाठ्यक्रममा विषयवस्तु अनुसार पाठ्यपुस्तक र सन्दर्भ सामग्री राखिएको
- दुबै पाठ्यक्रममा पूर्णाङ्क, उत्तीर्णाङ्क प्रतिहप्ता पाठघण्टी, प्रतिपाठघण्टी उल्लेख नगरिएको,
- दुबै पाठ्यक्रममा मूल्याङ्कनका लागि कुन कुन पाठबाट कति प्रश्न सोधिने भनी अङ्कभार निर्धारण नगरिएको,
- दुबै पाठ्यक्रममा कुन कुन एकाइमा कस्ता कस्ता मूल्याङ्कन प्रक्रियाहरू अपनाउने भन्ने कुरा समावेश नगरिएको,
- दुबै पाठ्यक्रममा पुरानै पाठ्यपुस्तक र सहायक सामग्रीमा नै जोड दिएको,
- पाठ्यपुस्तक र सन्दर्भ सामग्री सर्वसुलभ नभएको,
- स्थापनाकालदेखि हालसम्म सामान्य संशोधन बाहेक परिमार्जन नहुन,
- पठ्यक्रम निर्माणमा स्थानीय स्रोत र साधनालाई उपेक्षा गरिएको,
- प्रस्तुत पाठ्यक्रमका पाठ्यविषय त्रिभुवन विश्वविद्यालय पाठ्यांशहरूसँग हुबहु

मिल्ने,

- दुबै पाठ्यक्रममा मौलिक पहिचानको ह्रास,
- समेस्टर प्रणालीमा पनि वार्षिक प्रणाली जस्तै अधिक विषयवस्तु समावेश गर्नाले समयको अभाव,
- पाठ्यक्रमसँग पत्यक्ष सरोकार राख्ने पाठ्यक्रम निर्माता , शिक्षक र विद्यार्थी बीच व्यापक अन्तर्क्रिया तथा छलफल नभएको,
- पाठ्यक्रमको निर्माणदेखि हालसम्म देखिएका समस्या, कमीकमजोरीलार्य तत्काल सम्बोधन गर्नुपर्ने,

## ५.२ सुझाव

यस अनुसन्धानका नीतिगत, कार्यगत र अनुसन्धानात्मक र भावी अनुसन्धानसँग सम्बन्धित सुझावहरू यस प्रकार रहेका छन् :

### ५.२.१ नीतिगत तह

पाठ्यक्रम विकास तथा निर्माण गर्ने तह नै नीतिगत तह हो । पाठ्यक्रम सम्बन्धी नीति तथा अवधारणाका आधारमा पाठ्यक्रमको निर्माण गरिन्छ । यी पाठ्यक्रमहरूको तुलनात्मक अध्ययनका आधारमा निम्नानुसारका नीतिगत सुझावहरू प्रस्तुत गरिएको छ :

- पाठ्यक्रम निर्माण गर्दा सरकारवाला पक्ष तथा समसायिक पक्षहरूलाई ख्याल गरेर मात्र गर्नुपर्ने,
- साधारण उद्देश्य अनुरूप विषयवस्तु राखिनुपर्ने,
- विद्यार्थीहरूको तह, उमेर, रूचि, क्षमता, इच्छा अनुसारका विषयवस्तु समावेश गरी पाठ्यक्रम निर्माण गर्ने नीति बनाइनुपर्ने,
- सरोकारवाला पक्ष प्राध्यापक, विद्यार्थी, अभिभावक र पाठ्यक्रमविद्हरूको सल्लाह सुझाव अनुसार पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने नीति बनाइनुपर्ने,
- सूचना प्रविधि र अन्य दृश्य सामग्रीहरूको निर्देशन पनि पाठ्यक्रममा समावेश गर्ने नीति बनाइनुपर्ने,
- सैद्धान्तिक भन्दा व्यवहारिक सिप विकासलाई लक्षित गरी पाठ्यक्रम तयार पार्ने

नीति बनाइनु पर्ने,

- पाठ्यक्रम कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माण गरिनुपर्ने ।
- पाठ्यक्रम बनाएपछि लागु गर्नु अघि पाठ्यक्रम प्रबोधीकरण सम्बन्धी कार्यक्रम गरेर मात्र लागु गरिने नीति निर्माण गरिनुपर्ने ।
- पाठ्यक्रममा सन्दर्भ ग्रन्थसूची खण्डमा सिफारिस गरिएका पुस्तक र सन्दर्भ पुस्तकको प्रकाशन मिति उल्लेख गर्ने नीति निर्माण गरिनुपर्ने,
- विषयवस्तु शिक्षण समयभार ख्याल गरी विषयवस्तु समावेश गरी शिक्षण गर्ने नीतिगत व्यवस्था गरिनुपर्ने,
- मूल्याङ्कनका साधनहरूलाई स्पष्ट पारिनुपर्ने,
- पाठ्यवस्तुहरू एकीकृत गरी पाठ्यपुस्तकहरू प्रकाशन गर्ने नीति निर्माण गरिनुपर्ने,

### ५.२.२ कार्यान्वयन तह

यस अध्ययनमा नीतिगत रूपमा प्राप्त गरिएका सुझावहरूलाई कार्यान्वयन गर्नका लागि निम्नानुसारका कार्यान्वयनगत सुझाव प्रस्तुत गरिएको छ :

- पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यका आधारमा शिक्षण सिकाइ क्रियाकलाप अवलम्बन गरिनुपर्ने,
- पाठ्यक्रममा सिफारिस गरिएका सन्दर्भ सामग्रीहरू प्रभावकारी भएनभएको हेरिनुपर्ने,
- आन्तरिक मूल्याङ्कनको प्रभावकारिताको अध्ययन विश्लेषण गरिनुपर्ने,
- पाठ्यक्रमले निर्देश गरेअनुसार मूल्याङ्कन प्रक्रिया सञ्चालन गरिनुपर्ने,
- शिक्षकहरूले जवाफदेही र उत्तरदायी भएर कार्यसम्पादन गर्नुपर्ने,
- पुस्तकालयमा पर्याप्त अध्ययन सामग्रीहरूको व्यवस्था गरिनुपर्ने ,
- शिक्षक, विद्यार्थी र प्रशासकका बीचमा सुमधुर सम्बन्ध कायम  गरिनुपर्ने ।

### ५.२.३ अनुसन्धानात्मक तह

यस अध्ययनसँग सम्बन्धित रहेर अनुसन्धानात्मक तहबाट गरिने सुझावलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. नयाँ पाठ्यक्रम भएकाले परीक्षण गरेर मात्र लागु गर्नुपर्ने,

२. प्रयोगकर्ताहरूबाट आएका सल्लाह सुझाबहरू सङ्कलन गरी परिमार्जन गर्नुपर्ने,

३. लागु गरिएका पाठ्यक्रमहरू उपयोगी भए नभएको खोज अनुसन्धान गर्नुपर्ने,

४. समसामयिक विषयवस्तुहरूलाई समावेश गर्नुपर्ने,

५. विज्ञहरूको राय, सुझाव, छलफल र गोष्ठीबाट समय समयमा पाठ्यक्रमको विश्लेषण गर्नुपर्ने,

६. पाठ्यक्रममा सिफारिस गरिएका सन्दर्भ सामग्रीहरू प्रभावकारी भए नभएको हेरिनुपर्ने ।

## ५.३ भावी अनुसन्धानका लागि शीर्षक

अनुसन्धान कार्य एउटै अनुसन्धानबाट पूर्ण हुँदैन । एकपछि अर्को विधि र विश्लेषणका आधारमा पुनः अध्ययन र अनुसन्धान गर्न सकिने भएकाले यो शोध अध्ययनमा यसका अतिरिक्त विभिन्न शीर्षकहरू हुन सक्छन् । भावी अनुसन्धानका लागि सम्भावित शीर्षक निम्नानुसार प्रस्तुत गरिएको छ :

- विश्वविद्यालय तहका नेपाली भाषापाठ्यक्रम बिचको तुलना,
- सेमेस्टर प्रणाली लागु भएका र नभएका पाठ्यक्रमबीच तुलना,
- म.प.वि. र सु.प.वि.को नेपाली भाषापाठ्यक्रमको मूल्याङ्कन प्रणाली ।

# सन्दर्भ सामग्रीसूची

## पुस्तक सूची


अधिकारी, तोयानाथ (२०६९), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : क्षितिज प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०७०), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौँ : आशिष बुक्स हाउस ।

खनाल, पेशल (२०७१), *शैक्षिक अनुसन्धान पद्धति,* (छैठौँ संस्क.) काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* (ते.संस्क.) काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषापाठ्यक्रम , पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६२). *प्रायोगिक भाषाविज्ञान* . काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०६९), *भाषापाठ्यक्रम  पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, बुद्धिराम (२०६४), *शैक्षणिक मूल्याङ्कन,* काठमाडौँ : आशिष बुक्स हाउस ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६८), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि (२०६९),*प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : हेरिटेज पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७०), *शिक्षाको परिचय,* काठमाडौँ : एम.के.पब्लिसर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६८), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : एम.के.पब्लिसर्स ।

सिंह, नागेश्वर (२०६६), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ : पैरवी प्रकाशन ।

**शोध सूची**

के.सी., कमला (२०७०), *कक्षा १० को नेपाली विषयको पाठ्यक्रमको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खत्री, द्रोणलता (२०६५), *माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खत्री, धनबहादुर (२०७२), *एम.इ.एस. पहिलो सेमेस्टर र एम.एड. पहिलो सेमेस्टरको नेपाली पाठ्यक्रमको तुलना,* स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, म.प.वि., सुर्खेत ।

चौलागाई, नवराज (२०६७ ), *माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पन्त, धनीदत्त (२०७२), *आधारभूत तह अन्तर्गत कक्षा आठका नेपाली भाषापाठ्यक्रम २०६९ र २०२८ को तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, शारदा (२०७९), *कक्षा ११ को पुरानो (२०६९) र नयाँ (२०७६) पाठ्यक्रमको तुलना,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि., सुर्खेत ।

बि.क., विनिता (२०७८), *नेपाली शिक्षा ५३३ र ५२२ को तुलनात्मक विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि., सुर्खेत ।

रावत, रमेशबहादुर (२०६७), *प्राथमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,

कीर्तिपुर ।

शाही, मानबहादुर (२०७३), *मध्यपश्चिमाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बीचको नेपाली शिक्षा ५२५ को तुलना,* स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, म.प.वि., सुर्खेत ।

शाही, दिपेन्द्रकुमार (२०७८), *स्नातकोत्तर तह नेपाली भाषापाठ्यक्रम ५३२ र ५३७ को तुलना,* अप्रकाशित स्नातकोत्तर शोधपत्र,मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, सुर्खेत ।

**अन्य सामग्री**

आचार्य, लक्ष्मीप्रसाद (२०७५), स्नातक (बी.एड.) तहको नेपाली शिक्षा विषयको पाठ्यक्रमको गुणात्मक विश्लेषण, *जर्नल अफ एजुकेसन रिसर्च एन्ड इनोभेसन,* वर्ष १, अङ्क २, पृ. १३२-१३८ ।

खड्का, खुमबहादुर (२०७५), स्नातक तह नेपाली पाठ्यक्रम २०६९ को विश्लेषण, *जर्नल अफ एजुकेसन रिसर्च एन्ड इनोभेसन,* वर्ष १, अङ्क १, पृ. १०५-११२ ।

खत्री, द्रोणलता (२०७५), *कर्णाली स्पेसटर्म एन इन्टरडिसिपीलनरी रिसर्च जर्नल,* स्नातक तह (बी.इ.एस.) प्रथम बर्षको अविवार्य नेपाली विषयको पाठ्यक्रम ।

शाह, हरिजङ्ग (२०७७), स्नातकोत्तर तह (एम.एड.) नेपाली शिक्षा विषयको पाठ्यक्रम विश्लेषण, *जर्नल अन एजुकेसन साइन्सेस्,* भोलुम ३, नम्बर १, डिसेम्बर,२०२० ।

# परिशिष्ट

**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा विषयक पाठ्यक्रम : २०७३**
**चार सेमेस्टर (दुई वर्षे कार्यक्रम)**

**पाठ्यक्रम/पाठ्यांश सूची**

| पहिलो सेमेस्टर | पाठ्यांश सङ्ख्या | क्रेडिट आवर | |
|---|---|---|---|
| 1. | Philosophical Foundation of Education | EDU 511 | ३ |
| 2. | Education and Development | EDU 512 | ३ |
| 3. | भाषाविज्ञान | नेपा.शि. ५१३ | ३ |
| **4.** | **पूर्वीय साहित्य सिद्धान्त** | **नेपा.शि. ५१४** | **३** |
| 5. | आधुनिक नेपाली कविता | नेपा.शि. ५१५ | ३ |
| 6. | आधुनिक नेपाली कथा | नेपा.शि. ५१६ | ३ |
| **दोस्रो सेमेस्टर** | | | |
| 7. | Managing Diversity in Education | EDU 521 | ३ |
| 8. | Application of Learning of Theories | EDU 511 | ३ |
| 9. | Research Methods in Education | EDU 511 | ३ |
| 10. | आधुनिक नेपाली उपन्यास | नेपा.शि. ५२४ | ३ |
| 11. | नेपाली खण्डकाव्य र महाकाव्य | नेपा.शि. ५२५ | ३ |
| 12. | कोशविज्ञान | नेपा.शि.५२७ | ३ |
| **तेस्रो सेमेस्टर** | | | |
| 13. | सामाजिक तथा मनोभाषाविज्ञान | नेपा.शि. ५३१ | ३ |
| 14. | भाषिक अनुसन्धान विधि | नेपा.शि. ५३२ | ३ |
| 15. | आधुनिक नाटक, एकाङ्की र निबन्ध | नेपा.शि. ५३३ | ३ |
| 16. | पाश्चात्य साहित्य सिद्धान्त | नेपा.शि. ५३४ | ३ |
| 17. | प्रायोगिक भाषाविज्ञानका केही पक्ष | नेपा.शि. ५३५ | ३ |
| 18. | नेपाली भाषा शिक्षणका विविध पक्ष | नेपा.शि. ५३६ | ३ |
| **चौंथो सेमेस्टर** | | | |
| 19. | प्राक्टिकम | नेपा.शि. ५४१/५४२६+३९ | |
| 20. | शोधपत्र लेखननेपा.शि. | नेपा.शि.५४३ | ३+३+६१२ |
| **जम्मा७५** | | | |

**FAR- WESTERN UNIVERSITY**
**Faculty of Education**
**MAHENDRANAGAR, KANCHANPUR**

**Detailed Course Structure**

**Program : Master's Degree in Education (Nepali Education)**

| Code | Course Details | CR. Hr. |
|---|---|---|
| | **M.Ed. 1st Sem** | |
| Ed.511 | Dimensions of Educational Thought | 3 |
| Ed.512 | Contemporary Issues in Education | 3 |
| Nep.Ed.511 | Bhasha Vigyan Ka Shaiddhantik Paksha | 3 |
| Nep.Ed.512 | Nepali Akhyan | 3 |
| Nep.Ed.513 | Nepali Kabita ra Kavya | 3 |
| | **Total** | **15** |
| | **M.Ed. 2nd Sem** | |
| Ed.521 | Research Methods in Education | 3 |
| Nep.Ed.521 | Samajik Bhasha Vigyan | 3 |
| Nep.Ed.522 | Nepali Natak ra Nivandha | 3 |
| Nep.Ed.523 | Shikshya Shastriya Bhasa Vigyan | 3 |
| Nep.Ed.524 | Prayogik Bhasha Vigyan | 3 |
| Nep.Ed.525 | Purbiya ra Pashchatya Samalochana Siddhant | 3 |
| | **Total** | **18** |
| | **M.Ed. 3rd Sem** | |
| Ed.531 | Educational Psychology | 3 |
| Nep.Ed.531 | Bhashik Mulyankan ko Parichaya | 3 |
| Nep.Ed.532 | Nepali Bhasha ra Sahitya Shikshan | 3 |
| Nep.Ed.533 | Dosro Bhasaka Rupma Nepali Shikshan | 3 |
| Nep.Ed.534 | Bhashik Anusandhan Vidhi | 3 |
| Nep.Ed.535 | Mano Bhasha Vigyan | 3 |
| | **Total** | **18** |
| | **M.Ed. 4th Sem** | |
| Nep.Ed.541 | Sankathan Vishleshan | 3 |
| Nep.Ed.542 | Bhasha Vigyan ka Pramukh Siddhant | 3 |
| Nep.Ed.543 | Teaching Practice | 3 |
| Nep.Ed.544 | Thesis | 6 |
| | **Total** | **15** |
| | **Grand Total** | **66** |

सुदूरपश्चिम विश्वविद्यालय

स्नातकोत्तर शिक्षा (एम.एड.)
नेपाली शिक्षा विशिष्टीकरण

विषय : **सामाजिक र मनोभाषा विज्ञान**

पा.सं. : Nep.Ed.521 सिमेस्टर : दोस्रो

पाठ्यांश : सामाजिक र मनोभाषा विज्ञान पाठघण्टा : ३

**पाठ्यांश परिचय**

यो पाठ्यांश स्नातक तह उत्तीर्ण गरेर एम.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसबाट उनीहरूलाई सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका प्रमुख अवधारणाहरूको सविस्तार जानकारी हुने अपेक्षा राखिएको छ ।

**उद्देश्य**

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्न लिखित कुरामा सक्षम हुने छन् :

क) सामाजिक भाषा विज्ञानको परिचय दिन

ख) भाषिक भेदहरूको वर्णन गर्न

ग) भाषा योजनाका अवधारणाको चर्चा गर्न

घ) नेपालका भाषाहरूको समाज भाषिक स्थिति आकलन गर्न

ङ) नेपालको भाषा नीति तथा योजनाको चर्चा गर्न

च) मनोभाषा विज्ञानको परिचय दिन

छ( भाषा प्राप्ति तथा सिकाइका सिद्धान्तको चर्चा गर्न

ज) बालभाषा विकासका चरणहरूको वर्णन गर्न

**एकाइगत पाठ्यवस्तुहरूको विस्तृत विवरण**

**खण्ड क : सामाजिक भाषा विज्ञान**

| **विशिष्ट उद्देश्य** | पाठ्य विषय<br>**एकाइ १ : सामाजिक भाषा विज्ञानको परिचय पा. घं.** |
|---|---|
| | १. सामान्य भाषा विज्ञान र सामाजिक भाषा विज्ञान |

| | |
|---|---|
| | २. भाषिक समुदाय<br>३. भाषा र सामाजिक सम्पर्क<br>४. भाषिक सापेक्षतावाद<br>५. समाजको प्रकृति र भाषामा त्यसको प्रभाव<br>६. भाषिक अवलम्बन, स्वीकरण र अपक्षय |
| | **एकाइ २ : भाषिक भेद**<br>१. भाषिक भेदको पहिचानका आधारहरू<br>२. भाषाको क्षेत्रीय भेदको पहिचान<br>३. भाषाको सामाजिक भेदको पहिचान<br>४. भाषाका अन्य भेद : काल, विषय, प्रसङ्ग, विषय, माध्यम<br>५. भाषाद्वैत<br>६. पिजिन र क्रिओल<br>७. कोड परिवर्तन र कोड मिश्रण |
| | **एकाइ ३ : भाषा योजनाको अवधारणा**<br>१. भाषा योजनाको आवश्यकता<br>२. प्रयोजनका आधारमा भाषाहरू : प्रधान, परिपूरक, सहायक र समतुल्य<br>३. भाषा योजनाका प्रकार : स्तरगत र स्वरूपगत<br>३. भाषा योजनाका प्रमुख पक्ष : छनोट, कोडीकरण, मानकीकरण र प्रयोग विस्तार<br>५. भाषाको आधुनिकीकरणका प्रक्रिया र समस्या |
| | **एकाइ ४ नेपालका भाषाहरूको समाज भाषिक स्थिति**<br>१. नेपालका भाषाहरूको भौगोलिक स्थिति<br>२. नेपालका भाषाहरूको सामाजिक स्थिति<br>३. जन गणना र नेपालका भाषाहरू |
| | **एकाइ ५ : नेपालको भाषा नीति तथा योजना**<br>१. नेपालको भाषा नीति : विगत र वर्तमान<br>२. शिक्षा, सञ्चार र प्रशासनमा भाषा नीति<br>३. नेपालका भाषाहरूको संरक्षण र विकासका प्रयासहरू<br>४. पदावली र यिनको संरचना : शीर्ष र विशेषक |
| | **खण्ड ख : मनोभाषा विज्ञान** |
| | **एकाइ ६ : मनोभाषा विज्ञानको परिचय**<br>१. मनोभाषा विज्ञान र यसको क्षेत्र |

| | |
|---|---|
| | २. मनोभाषा विज्ञानको विकास क्रम<br>३. भाषा र मस्तिष्कका बिच अन्तरसम्बन्ध<br>४. श्रव्य दृश्यात्मक र उच्चार्य लेख्यात्मक प्रक्रिया<br>५. कोडीकरण र विकोडीकरण प्रक्रिया |
| | **एकाइ ७ : भाषा प्राप्ति र सिकाइ सिद्धान्त**<br>१. भाषा विकासमा चम्स्कीको सिद्धान्त<br>२. भाषा प्राप्ति प्रक्रिया र भाषा प्राप्ति संयन्त्र<br>३. भाषिक सामर्थ्य र सृजनशीलता<br>४. बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>५. आत्मकेन्द्री बोली<br>६. भाषा विकास र संज्ञानात्मक विकास<br>७. चम्स्की र पियाजेका सिद्धान्तको तुलना |
| | **एकाइ ८ : बालभाषा विकासका चरणहरू**<br>१. बालभाषा विकासका चरण र तिनका विशेषता<br>२. बालभाषामा विभिन्न पक्षको विकास<br>क) ध्वन्यात्मक पक्षको विकास<br>ख) आदानात्मक पक्षको विकास<br>ग) प्रदानात्मक पक्षको विकास<br>घ) शब्दार्थ तथा शब्द भण्डारको विकास<br>ङ) व्याकरणात्मक पक्षको विकास |

**शिक्षणप्रक्रिया** यो पाठ्यांश मुख्यतः सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विधि अवलम्बन गरिएको छ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा जोड दिइने छ । सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञानका विविध पक्षको चर्चा गर्दा बोधगम्यताका दृष्टिले विशेषतः नेपाली भाषाका उदाहरणहरूलाई प्राथमिकता दिनु उपयुक्त हुने छ । यस क्रममा उल्लिखित पाठ्यवस्तु अनुरूपका पाठ्य सामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनु पर्ने छ ।

**आन्तरिक मूल्याङ्कनका उपाय**

१. परियोजना कार्य २. समस्या समाधान ३. कक्षा प्रस्तुति ४. आन्तरिक र बाह्य परीक्षा ५. कक्षा कार्य र सहभागिता

**प्रमुख पुस्तक**

अधिकारी, हेमाङ्ग राज (२०६७ ), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** काठमाडौं : रत्न पुस्तक भण्डार

घिमिरे, वासुदेव ( २०६५ ), **समाज भाषा विज्ञान** काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र

राई एस.बी. ( सन् २००५ ), **साइकोलिङ्ग्विस्टिक्स यान्ड सोसियोलिङ्ग्विस्टिक्स** काठमाडौँ : भुँडी पुराण प्रकाशन

**सहायक पुस्तक**

अधिकारी, हेमाङ्ग राज २०६७**भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार सम्प्रेषण परिवार २०६३ सम्प्रेषण, अङ्क १-६ काठमाडौँ : त्रि. वि. नेपाली शिक्षा विभाग ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
मास्टर अफ एजुकेसन (एम.एड)
नेपाली शिक्षा विशिष्टीकरण

पाठ्यांश शीर्षक : **सामाजिक तथा मनोभाषाविज्ञान**

पाठ्यांश संख्या : नेपा.शि. **५३१** पाठ्यांश प्रकृति : सैद्धान्तिक

क्रे.आ. : ३

तह : एम.एड. प्रतिहप्ता पाठघन्टी :

सत्र : तेस्रो जम्मा पाठघन्टी :४८

**१. पाठयांश परिचय**

प्रस्तुत पाठ्यांश मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाविज्ञान सङ्काय अन्तरगत सेमेस्टर प्रणालीमा आधारित दुई बर्से मास्टर अफ एजुकेसन साइन्सेज (एम.इ.एस.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशमा सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञानसित सम्बद्ध सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने अपेक्षा राखिएको छ ।

**२. साधारण उद्देश्य**

- सामाजिक भाषाविज्ञानसित सम्बद्ध विषयका बारेमा जानकारी गर्ने,
- भाषाका विभिन्न भेदको वर्गीकरण र पहिचान गर्ने क्षमताको विकास गर्ने,
- सामाजिक सांस्कृतिक सापेक्षतामा मौखिक अभिव्यक्तिका विविध पक्षबारे परिचित हुने
- भाषाको आधुनिकीकरण र मानकीकरणका सन्दर्भमा नेपालको भाषानीति र योजनासम्बन्धी पक्षहरूको वर्णन गर्ने क्षमता वृद्धि गर्ने,
- नेपालको सन्दर्भमा नेपाली भाषाको भूमिका र भौगोलिक सामाजिक स्थितिबारे अवगत परिचित हुने,
- मनोभाषाविज्ञानका आधारभूत अवधारणाको विकास गर्ने,
- भाषा सिकाइका प्रमुख सिद्धान्तको वर्णन गरी भाषाशिक्षणमा मनोभाषाविज्ञानको उपयोग गर्ने क्षमता विकास गर्ने ।

**३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय**

| **विशिष्ट उद्देश्य** | **पाठ्यविषय** |
|---|---|
| **सामाजिक भाषा विज्ञान** | |
| • भाषाविज्ञान र सामाजिक भाषाविज्ञानको परिचय दिन,<br>• सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्रबिचको सम्बन्ध पहिल्याउन,<br>• वक्ता र समुदायको सम्बन्ध केलाउन,<br>• बालबालिकाको समाज भाषा वैज्ञानिक विकास सम्बन्धमा स्पष्ट पार्न,<br>• भाषा, समाज र संस्कृतिबिचको सम्बन्ध उल्लेख गर्न, | एकाइ एक : सामाजिक भाषा विज्ञान<br>१.१ भाषाविज्ञान र सामाजिक भाषाविज्ञान<br>१.२ सामाजिक भाषाविज्ञान र भाषाको समाजशास्त्र<br>१.३ वक्ता र समुदाय<br>१.४ बालबालिकाको समाजभाषावैज्ञानिक विकास<br>१.५ भाषा, समाज र संस्कृति |

| | |
|---|---|
| • भाषिक अवलम्बन, स्वीकरण र अपक्षयको परिचय दिन,<br>• समाजको प्रकृतिअनुकूल भाषिक प्रभाव देखाउन,<br>• भाषिक सर्वेक्षण पद्धतिको परिचय दिन,<br>• भाषिक भूगोलसित सम्बद्ध अवधारणाहरू स्पष्ट पार्न, | १.६ भाषिक अवलम्बन, स्वीकरण र अपक्षय<br>१.७ समाजको प्रकृति र भाषामा त्यसको प्रभाव<br>१.८ भाषासर्वेक्षण पद्धति<br>१.९ भाषिक भूगोल<br>१.१० भाषाको सम्प्रेषणात्मक सामर्थ्य र सम्प्रेषणात्मक असमर्थता |
| • भाषिक भेदको परिचय दिई यिनको वर्गीकरण गर्ने आधारहरू स्पष्ट पार्न,<br>• भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषाबिचको अन्तर पहिल्याउन,<br>• क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू उल्लेख गर्न,<br>• भाषाका अन्य भेदहरूको सोदाहरण भिन्नता औँल्याउन,<br>• भाषिक समुदायको परिचय दिन,<br>• द्विभाषिकता/बहुभाषिकताको अवधारणा स्पष्ट पारी यसको प्रकृति र प्रकार छुट्याउन,<br>• राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषाको परिचय दिन,<br>• भाषाका मिश्रित भेदहरूसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन, | एकाइ दुई : भाषिक भेद<br>२.१ भाषिक भेदको परिचय र वर्गीकरण गर्ने आधारहरू<br>२.२ भाषा, भाषिका, प्रयुक्ति र व्यक्तिभाषाबिचको अन्तर<br>२.३ क्षेत्रीय र सामाजिक भाषिका पहिचानका आधारहरू<br>२.४ भाषाका अन्य भेद :<br>कालगत, विषयगत, प्रसङ्ग र माध्यमगत<br>२.५ भाषिक समुदायको परिचय<br>२.६ द्विभाषिकता/बहुभाषिकताको स्वरूप र प्रकार<br>२.७ राष्ट्रभाषा, स्थानीय भाषा र विदेशी भाषा<br>२.८ भाषाका मिश्रित भेदहरू<br>२.८.१ भाषाद्वैत, कोडमिश्रण र परिवर्तन<br>२.८.२ पिजिन र क्रेओल्स |
| • भाषानीति र योजनाको परिचय दिन,<br>• भाषायोजनाको आवश्यकता, प्रकार र प्रक्रियाको वर्णन गर्न,<br>• प्रयोजनका आधारमा भाषाहरूको प्रकृति पहिचान गर्न,<br>• नेपालका सन्दर्भमा भाषायोजनाका समस्याहरू केलाउन,<br>• भाषायोजनाका प्रमुख पक्षको पहिचान गराउन, | एकाइ तीन : भाषानीति र योजना<br>३.१ भाषानीति र योजनाको परिचय<br>३.२ भाषायोजनाको आवश्यकता, प्रकार र प्रक्रिया<br>३.३ प्रयोजनका आधारमा भाषाहरू-<br>प्रधान, सम्पूरक, सहायक, परिपूरक र समतुल्य<br>३.४ नेपालका सन्दर्भमा भाषायोजनाका |

| | |
|---|---|
| • नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरण प्रक्रिया तथा यसका समस्याहरू उल्लेख गर्न, | समस्याहरू<br>३.५ भाषायोजनाका प्रमुख पक्ष-<br>छनोट, कोडीकरण, मानकीकरण, विस्तरण<br>३.६ नेपाली भाषाको मानकीकरण तथा आधुनिकीकरणका प्रक्रिया<br>तथा यसका समस्या |
| • नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण प्रस्तुत गर्न,<br>• भौगोलिक आधारमा नेपालका भाषाहरूको विवरण देखाउन,<br>• नेपालका भाषाहरूको सामाजिक अवस्था स्पष्ट पार्न,<br>• नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थितिको सिंहावलोकन गर्न,<br>• नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक कारोवार, सञ्चार प्रविधिहरू उल्लेख गर्न | एकाइ चार : नेपालको भाषिक स्थिति<br>४.१ नेपालमा मातृभाषाका रूपमा प्रयोग हुने भाषाहरूको विवरण<br>४.२ भौगोलिक वितरण<br>४.३ सामाजिक अवस्था<br>४.४ नेपालमा भाषानीतिको ऐतिहासिक परम्परा र वर्तमान स्थिति<br>४.५ नेपालका राष्ट्रभाषाहरूको विकासका प्रयासहरू<br>४.६ नेपालका नेपाली भाषाका विविध भूमिका, माध्यम, सम्पर्क, प्रशासनिक<br>कारोवार, सञ्चार प्रविधि |
| मनोभाषाविज्ञान | |
| • मनोभाषाविज्ञानको परिचय दिई यसको क्षेत्र र विकासक्रम स्पष्ट पार्न,<br>• सार्वभौम व्याकरण र यसको सान्दर्भिकता पुष्टि गर्न,<br>• भाषा र मस्तिष्कबिच सम्बद्ध विभिन्न अवधारणाहरूको अन्तर्सम्बन्ध स्पष्ट पार्न । | एकाइ पाँचः मनोभाषा विज्ञान<br>५.१ मनोभाषाविज्ञानको परिचय, क्षेत्र र विकासक्रम<br>५.२ सार्वभौम व्याकरण र यसको सान्दर्भिकता<br>५.३ भाषा र मस्तिष्कबिच अन्तर्सम्बन्ध<br>५.३.१ श्रव्यदृश्यात्मक उच्चार्य लेख्यात्मक प्रक्रिया<br>५.३.२ कोडीकरण र विकोडीकरण प्रक्रिया<br>५.३.३ मानवभाषा र प्राणी सम्प्रेषण<br>५.३.४ भाषा र विचारबारे विभिन्न अवधारणा |

| | |
|---|---|
| • बालभाषा विकासमा चम्स्कीको सिद्धान्तसित सम्बद्ध अवधारणाहरूसित परिचित हुन,<br>• बालभाषा विकासमा पियाजेको सिद्धान्तको परिचय दिन,<br>• आत्मकेन्द्री बोलीसम्बन्धी अवधारणा प्रस्तुत गर्न,<br>• भाषाबारे पियाजेका दृष्टिहरू उल्लेख गर्न,<br>• भाषाविषयक संज्ञानात्मक अनुकल्पना र प्रकार्यात्मक उत्पत्तिको पहिचान गराउन,<br>• चम्स्की र पियाजेका सिद्धान्तको तुलना गर्न । | एकाइ छ : बालभाषा विकासका सिद्धान्त<br>६.१ बालभाषा विकासमा चम्स्कीको सिद्धान्त<br>६.१.१ भाषाप्राप्ति प्रक्रिया<br>६.१.२ भाषाप्राप्ति संयन्त्र<br>६.१.३ सामर्थ्य र सृजनशीलता<br>६.१.४ प्राथमिक भाषा वैज्ञानिक तथ्याङ्क<br>६.१.५ भाषाप्राप्तिमा जैविक कारक<br>६.२ बालभाषा विकासमा पियाजेको सिद्धान्त<br>६.३ आत्मकेन्द्री बोली<br>६.६ चम्स्की र पियाजेका सिद्धान्तको तुलना |
| • बालबालिकामा भाषाविकासमा चरण र तिनका विशेषताहरू उल्लेख गर्न,<br>• बालभाषामा ग्रहण र उत्पादन प्रक्रिया देखाउन,<br>• बालभाषाका विभिन्न पक्षको विकास सम्बन्धमा परिचित हुन,<br>• भाषाप्राप्तिको सम्प्रेषणात्मक सन्दर्भहरूको परिचय दिन । | एकाइ सात : भाषा विकासका चरण र पक्ष<br>७.१ बालबालिकामा भाषाविकासका चरण र तिनका विशेषताहरू<br>७.१.१ प्रारम्भिक चरणहरू<br>७.१.२ उत्तरवर्ती चरणहरू<br>७.३ बालभाषाका विभिन्न पक्षको विकास<br>७.३.१ ध्वन्यात्मक, आदानात्मक र प्रदानात्मक<br>७.३.२ शब्दार्थ तथा शब्दभण्डार<br>७.३.३ व्याकरणात्मक र सङ्कथनात्मक |
| • व्यवहारवादी र मनोवादी सिद्धान्तबिचको भिन्नता औंल्याउन ।,<br>• असवेलको सिकाइ सिद्धान्तसिद्ध परिचित हुन,<br>• दोस्रो भाषासिकाइका सन्दर्भमा ग्याग्नेका सिद्धान्तहरूको उपयोग गर्न, | एकाइ आठ : भाषासिकाइका प्रमुख सिद्धान्त<br>८.१ व्यवहारवादी र मनोवादी सिद्धान्तबिचको भिन्नता<br>८.२ असवेलको अर्थपूर्ण सिकाइ सिद्धान्त<br>८.३ दोस्रो भाषासिकाइका सन्दर्भमा ग्याग्नेका सिद्धान्तहरूको उपयोग |

४. **शिक्षण प्रक्रिया**

प्रत्येक पाठ्य एकाइमा पाठ्यवस्तुको प्रकृति र आवश्यकता अनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल, उदाहरण, प्रदर्शन, अभ्यास र प्रस्तुतीकरण विधिहरूको उपयोग गरिएको छ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइने छ । यसै गरी पाठ्य पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनाबद्ध शिक्षण गर्नमा जोड दिइने छ ।

५. **मूल्याङ्कन प्रक्रिया**

मूल्याङ्कन दुई प्रकारले गरिएको छ : (१) आन्तरिक मूल्याङ्कन, यसका निम्ति ४० प्रतिशत अङ्क निर्धारण गरिएको छ, (२) बाह्य मूल्याङ्कन, यसका निम्ति ६० प्रतिशत अङ्क निर्धारण गरिएको छ । आन्तरिक मूल्याङ्कन कक्षा शिक्षण सँगसँगै गरिएको छ र बाह्य मूल्याङ्कन सेमेस्टरका अन्त्यमा विश्वविद्यालय परीक्षा प्रणालीले निर्धारण गरे अनुसार हुनेछ । यसका लागि निम्नानुसारको प्रश्नयोजना रहेको छ ।

*आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)*

| | | |
|---|---|---|
| १ | हाजिरी उपस्थिति | ५% |
| २ | गृहकार्य | १०% |
| ३ | परियोजना कार्य | १०% |
| ४ | रिफ्लेक्सन रिपोर्ट लेखन | ५% |
| ५ | लिखित परीक्षा | १०% |

*बाह्य परीक्षा (६० प्रतिशत)*

| | | |
|---|---|---|
| वस्तुगत प्रश्न | १०×१=१० | १० वटा प्रश्न |
| सङ्क्षिप्त उत्तरात्मक प्रश्न | ६×५=३० | २ विकल्पसहित ६ प्रश्न |
| विवेचनात्मक प्रश्न | २×१०=२० | १ विकल्पसहित ३ प्रश्न |

**पुस्तकहरू**

अधिकारी, हेमाङ्गराज, सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

एलिसन जे. एलिअट, चाइल्ड ल्याङ्ग्वेज, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

क्र्यासन डि. स्टेफेन र ट्र्यासी डी. टेरेल, द न्याचुरल एप्रोच ल्याङ्ग्वेज एक्विजिसन इन द क्लास रूम, ग्रेट बृटेन : प्रेन्टिस हल ।

भण्डारी, पारसमणि, सामाजिक तथा मनोभाषाविज्ञान, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**सन्दर्भ सामग्रीहरू**

एलेन जे.पि.बि. र एस पिट कडर (सं.), पेपर्स इन अप्लाइड लिङ्ग्विस्टिक्स, न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

इङ्ग्राम डेभिड, फस्ट ल्याङ्ग्वेज एक्विजिसन, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

काठमाडौं शिक्षा क्याम्पस (सम्पा.), शिक्षाविज्ञान  सौरभ, अङक १२ ।
गुरागाईं, डिल्लीप्रसाद र भेषराज पोखेल, साइकोलिङ्ग्विस्टिक्स एन्ड सोसियो लिङ्ग्विस्टिक्स, काठमाडौं : जुपिटर पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।
घिमिरे, वासुदेव, समाज भाषाविज्ञान, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रज्ञा अङ्क ७९ ।
नेपाली केन्द्रीय विभाग (सम्पा.), कुञ्जिनी, अङ्क १० ।
नेपाली भाषाशिक्षा विभाग (सम्पा.), सम्प्रेषण, अङ्क १-६ ।
युले जर्ज, द स्टडी अफ ल्याङ्ग्वेज, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
राई, विष्णु सिंह, साइको लिङ्ग्विस्टिक्स एन्ड सोसियो लिङ्ग्विस्टिक्स, काठमाडौं : भुँडी पुराण प्रकाशन ।
लम्साल, रामचन्द्र र अन्य, प्रायोगिक भाषाविज्ञान, काठमाडौं : भुँडीपुराण प्रकाशन ।
लायन्स, जोन, ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
वार्ध, रोनाल्ड, एन इन्ट्रोडक्सन टु सोसियो लिङ्ग्विस्टिक्स, अमेरिका : ब्लाकवेल पब्लिसर्स ।
वार्ष्णेय, आर. एल, इन इन्ट्रोडक्टरी टेक्स्टबुक अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स, हरद्वार : स्टुडेन्ट स्टोर ।
शर्मा, राजमणि, आधुनिक भाषाविज्ञान, नयाँदिल्ली : वाणी प्रकाशन ।
हड्सन, आर.ए. सोसियो लिङ्ग्विस्टिक्स, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।
लायन्स जोहन (सन् २००३, २००५ रि प्रिन्ट), ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स, क्याम्ब्रिज ।

# व्यक्तिवृत्त



नाम : देवीभक्त घर्ती

जन्म मिति : २०४४/०५/२५

बुवाको नाम : सुरबहादुर घर्ती

आमाको नाम : निर्मला घर्ती

बाजेको नाम : दलजीत घर्ती

स्थायी ठेगाना : नलगाड न.पा. ६, जाजरकोट

पत्नीको नाम : सुशिला वली (घर्ती)

लिङ्ग : पुरुष

धर्म : हिन्दू

राष्ट्रियता : नेपाली

उमेर : ३४ वर्ष

पेशा : अध्ययन/अध्यापन

भाषा : नेपाली, हिन्दी, अङ्ग्रेजी

रूचि : अध्ययन /अध्यापन

मोबाइल नं. : ९७४५८९६७११

**शैक्षिक योग्यता**

| क्र.स. | तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम | पूरा भएको बर्ष |
|---|---|---|---|
| १ | एस. एल. सी. | श्री बिरेन्द्र ऐश्वर्य मा.वि., जाजरकोट | २०६१ |
| २ | १० +२ | श्री त्रिभुवन उ.मा.वि., जाजरकोट | २०६५ |
| ३ | स्नातक तह (वी.एड.) | बबई बहुमुखी क्याम्पस, बर्दिया | २०७५ |
| ४ | स्नातकोत्तर तह (एम.एड.) | मध्यपश्चिम विश्वविद्यालय वीरेन्द्रनगर, सुर्खेत | २०७९ |